
सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ मंसिर २०८०, बिहीबार (14 Dec 2023, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

१० कित्ते नीति हटाएर पुँजीबजारमा सर्वसाधारण लगानीकर्तालाई निषेध गर्न खोजिँदै



विज्ञ भन्छन्- छरिएको पुँजीलाई एकीकृत गर्ने १० कित्ते नीतिबाट पछि हट्नु भनेको सर्वसाधारणलाई पुँजीबजारमा प्रवेश निषेध गरेर 'प्रतिगमन' गर्नु हो

(विस्तृत पृष्ठ ६)

युट्युबमा भ्युज बढाउन जहाज दुर्घटना गराउने व्यक्तिलाई ६ महिना जेल



युट्युब भिडियोमा भ्युज बढाउन जहाज दुर्घटना गराउने एक अमेरिकी युट्युबरलाई ६ महिनाको जेल सजाय सुनाइएको छ। ३० वर्षीय डेनियल ज्याकोबले उडिरहेको जहाजबाट प्यारासुटमार्फत हाम फालेर जहाज दुर्घटना हुन छाडिदिएका थिए।

(विस्तृत पृष्ठ ५)

किन आलोचित बन्दै छ प्रशासकीय संघीयता ?



प्रशासकीय संघीयता कार्यान्वयन गर्ने पहिलो दायित्व राजनीतिको हो, त्यसपछि मात्र कर्मचारीको हो

● अग्रलेख : **गोपीनाथ मैनाली**

(विस्तृत पृष्ठ ४)

फर्जी कागजात बनाएर विमानस्थलबाट मानव तस्करी

अध्यागमन कार्यालय र वायुसेवा निगमका कर्मचारीकै संलग्नता



फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउन सघाउने धन्दामा नेपाल वायुसेवा निगमका कर्मचारी पनि संलग्न रहेको खुलेको छ। धन्दामा संलग्न रहेको पाइएपछि प्रहरीले निगमका अधिकृत ४२ वर्षीय होमनाथ पोखरेल र सुब्बा अरवीन्द्र यादवलाई पक्राउ गरेको छ।

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

वैदेशिक रोजगारीमा रहेका श्रमिकको कल्याणकारी कोषको १० करोड सफ्टवेयर मर्मतमा खर्च गरिँदै

वैदेशिक रोजगार कल्याणकारी कोषको रकम श्रमिकका लागि मात्रै खर्च गर्ने कानुनी व्यवस्था छ, तर श्रममन्त्री शरत्सिंह भण्डारीकै उपस्थितिमा वैदेशिक रोजगार बोर्डले कोषको १० करोड सफ्टवेयर मर्मतमा खर्च गर्ने निर्णय गरेको छ

अर्थले बजेट नदिएपछि कोषको रकम प्रयोग गर्न लागिएको हो

कविराज उप्रेती
सूचना अधिकारी, वैदेशिक रोजगार विभाग

पुरानो सिस्टम मर्मत गर्नुपर्नेछ। हरेक वर्ष अर्थ मन्त्रालयसँग बजेट माग्दा पनि आएन। त्यसैले, श्रमिककै हितका लागि कोषको रकमबाट सिस्टम बनाउने निर्णय भएको हो।

सञ्चालकको निर्णयलाई कार्यान्वयन गर्ने हो

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड

कोषको रकम कामदारको हितमा प्रयोग गर्ने हो। सिस्टमको मर्मतका लागि पैसा दिने निर्णय सञ्चालक समितिको हो। हाम्रो काम त्यसलाई कार्यान्वयन गर्ने हो।

मुना कुँवर/नयाँ पत्रिका

वैदेशिक रोजगार विभागले सफ्टवेयर मर्मत गर्न श्रमिकको कल्याणकारी कोषको रकम कानुनविपरीत खर्च गर्न लागेको छ। सरकारले बजेट नदिएको भन्दै बोर्ड सञ्चालक समितिले सफ्टवेयर मर्मत गर्न कोषबाट १० करोड विभागलाई दिने निर्णय गरेको छ।

बोर्ड सञ्चालक समितिको अध्यक्षसमेत रहेका श्रम, रोजगार तथा सामाजिक

» पृष्ठ २ मा क्रमशः



कोषको रकम खर्चसम्बन्धी यस्तो छ कानुनी व्यवस्था

वैदेशिक रोजगार कल्याणकारी कोषसम्बन्धी व्यवस्था गरिएको वैदेशिक रोजगार ऐन, २०७६ को दफा ३३ मा कोषको रकम श्रमिकका लागि मात्रै खर्च गर्न मिल्ने व्यवस्था छ। वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न, कामदारको अंगभंग भई स्वदेश फिर्ता गराउँदा, क्षतिपूर्ति दिन र फिर्ता आएका श्रमिकको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न कोषको रकम प्रयोग गर्ने ऐनमा उल्लेख छ। त्यस्तै, रोजगारका लागि विदेश गएको अवस्थामा गम्भीर प्रकृतिको फौजदारी कसुर अभियोग लागेका कामदारको प्रतिरक्षा तथा बहस पैरवी गर्न, वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र सम्भावित जोखिमबारे प्रचारप्रसार गर्न, वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न, रोजगारका लागि विदेश गएको अवस्थामा मृत्यु भएका कामदारको शव ल्याउन र पीडित परिवारलाई आर्थिक सहयोग गर्न, वैदेशिक रोजगार प्रवर्द्धनसम्बन्धी कार्य गर्न कोषको रकम प्रयोग गरिने व्यवस्था छ। वैदेशिक रोजगारमा जानुअघि कामदारले तोकिएबमोजिम भुक्तानी गरेको रकम, म्यानपावर व्यवसायीको धरौटी रकम, इजाजत दस्तुर र नवीकरण शुल्क, तालिम सञ्चालन गर्ने संस्थालाई दिइने अनुमतिपत्र शुल्क, नवीकरण शुल्क, वैदेशिक रोजगार व्यवसायसँग सम्बन्धित संस्थाबाट समय-समयमा कोषलाई प्राप्त रकम र स्वदेशी वा विदेशी व्यक्ति वा निकायबाट प्राप्त अनुदान रकम वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा हुन्छ। यसरी कोषमा जम्मा भएको रकम हाल पाँच अर्बभन्दा बढी छ।

■ तर, ८ महिनादेखि साउदीमा अलपत्र नौ नेपाली कामदार उद्धारको पर्खाइमा



राजविराजमा **सौरभ यादव**

निर्माण क्षेत्रमा काम गर्न साउदी अरब पुगेका नौजना नेपाली कामदार आठ महिनादेखि अलपत्र परेका छन्। उनीहरूले उद्धारका लागि नेपाली दूतावासमार्फत पटक-पटक आग्रह गरे पनि सुनुवाइ भएको छैन। सामाजिक सञ्जालमा भिडियो राखेर पनि उनीहरूले सरकारसँग आग्रह गरेका छन्।

मासिक ४७ हजार रुपैयाँ तलब पाउने गरी काठमाडौंको फजल इन्टरनेसनलमार्फत साउदी पुगेका सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका- ७ का बद्री खत्वे, बुधु कामैत, दिपेन खत्वे र रामलखन खत्वे अलपत्र परेका हुन्। त्यस्तै, सप्तरीको सुरुंगा नगरपालिका- ७ का भगवानी राम र रमेश राम, सिराहाको लहान नगरपालिका- १९ का दसनीलाल मोची, महोत्तरीका अजिम कवाडी, दाडको तुलसीपुर उपमहानगरपालिका- ५ का धनबहादुर ओली पनि उनीहरूसँगै उद्धारको पर्खाइमा छन्।

उनीहरू ३० सेप्टेम्बर २०२२ मा काठमाडौंबाट साउदी उडेका थिए। सुरुको पाँच महिना भवन निर्माणमा काम गरे पनि कम्पनी नै बन्द भएपछि उनीहरू अलपत्र परेका हुन्। फजल इन्टरनेसनलले साउदीको सनाद कन्स्ट्रक्सन एन्ड सिभिल इन्जिनियरिङ नामक कम्पनीका लागि आफूहरूलाई पठाएको दसनीलालले टेलिफोनमा बताए। 'तर, पाँच महिनामै कम्पनी बन्द भएपछि हामीहरू जेद्दा सहरमा अलपत्र परेका छौं,' उनले भने।

बन्द भएपछि कम्पनीले सुरुमा उनीहरूलाई अर्को व्यवस्था नभएसम्म खाने-बस्ने व्यवस्था गर्ने भनेर होटेलको एउटा कोठा लिएर राखेको थियो। तर, एक महिनायता खानाको खर्च नै नदिएको दसनीलालले बताए। 'सुरुमा खान र बस्न खर्च दिएको थियो। अहिले एक महिनादेखि खानाखर्च पनि पठाएको छैन। नजिकैको मस्जिदबाट खानेकुरा मागेर पेट पालिरहेका छौं,' उनले भने, 'हामीलाई यतै काम दिलाइदिनुपर्‍यो कि नेपाल फर्काइदिनुपर्‍यो।'

छिमेकीसँग सयकडा पाँच रुपैयाँ ब्याजमा दुई लाख ऋण काढेर दसनीलाल साउदी गएका थिए। घरमा आमा, बुबा, पत्नी र छोराछोरीसहित सातजनाको परिवार छ। 'धनुषाका एजेन्ट अभिनाश यादवले म्यानपावर कम्पनीसँग सम्पर्क गराइदिएका हुन्, यता पठाएर अलपत्र पार्‍यो,' उनले भने।

अलपत्र परेकाहरू स्वदेश फर्काइदिन साउदीस्थित

» पृष्ठ २ मा क्रमशः

मेयर किशोरी साहले लगेका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गर्न अवरोध गर्दा सिम्रौनगढमा झडप

प्रहरीको गोली लागेर एक युवकको मृत्यु

वीरगन्जबाट **तिवारी यादव**

बाराको सिम्रौनगढ नगरपालिकामा मेयरले लगेका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गर्न अवरोध गर्दा भएको झडप नियन्त्रणका लागि प्रहरीले गोली चलाउँदा एक युवकको ज्यान गएको छ। हवाई फायरका क्रममा टाउकोमा गोली लागेका सिम्रौनगढ- १, ननसगराढाँटका २५ वर्षीय लक्ष्मी मुखिया विनको वीरगन्जस्थित नारायणी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।

नगरपालिकामा दुई महिनादेखि प्रमुख प्रशासकीय खाली रहेकोमा मेयर किशोरी साह कलवारले नयाँ प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई लिएर हाजिर गराउन कार्यालय पुगेपछि तनावको स्थिति बनेको थियो। साउनदेखि तलब नपाएका शिक्षक तथा कर्मचारी दुई महिनादेखि निरन्तर आन्दोलनमा छन्। यसैक्रममा बुधबार शिक्षक-कर्मचारीलाई नगरपालिकाको गेटबाट हटाउन खोज्दा झडप भएको हो। अहिलेसम्म बजेटसमेत पास हुन नसकेको नगरपालिकाको आर्थिक कारोबारसहित कामकाज ठप्प छ।

प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले आन्दोलनरत शिक्षक, कर्मचारीभन्दा



मृतक लक्ष्मी मुखिया विन

पनि असन्तुष्ट समूह (वडाध्यक्षलगायत जनप्रतिनिधिमार्फत आएकाहरू)ले मेयर र प्रशासकीय अधिकृतमाथि आक्रमणको प्रयास गर्दा घटना भएको बताए। 'मेयर किशोरी साह कलवार नयाँ प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई लिएर नगरपालिकाको कार्यालय पुगेपछि तनावको स्थिति सिर्जना भएको थियो। उहाँहरू आफ्नो कार्यकक्षमा गइसक्दा पनि झ्याल, ढोका फोड्न थालिएपछि प्रहरीले बल प्रयोग गरेको हो,' सापकोटाले भने, 'तर, हवाई फायर गर्दा कसरी व्यक्तिलाई लाग्न पुग्यो भनेर यकिन हुन सकेको छैन। यसबारे प्रशासनले छानबिन गर्छ।' उनका अनुसार भिड नियन्त्रण गर्न प्रहरीले ४५ राउन्ड अश्रुग्यास र २२ राउन्ड हवाई फायर गरेको थियो।

बाराका प्रहरी प्रमुख एसपी सुरेश काफ्लेले आन्दोलनकारीको ढुंगा प्रहारबाट ११ प्रहरी पनि घाइते भएको बताए। प्रहरीले लाठीचार्जबाट स्थिति नियन्त्रणमा लिन नसकेपछि हवाई फायर गर्नुपरेको उनको दाबी छ। 'सुरुमा प्रहरीले लाठीचार्ज गरेर स्थिति नियन्त्रणमा लिएको थियो,' उनले भने, 'त्यही क्रममा आन्दोलनकारी अझ उग्र बनेपछि स्थिति नियन्त्रणमा लिन टियरग्यास र हवाई फायर भएको हो।'

मेयर कलवारले भने आफू प्रशासकीय अधिकृतसहित नगरपालिकामा पुग्दा योजनाबद्ध तरिकाले आक्रमण भएको बताए। आफू र प्रशासकीय अधिकृतलाई ज्यान मार्ने योजनाअनुसार आक्रमण भएपछि प्रहरीले रोक्न खोज्दा गोली लागेको उनले बताए।

नगरपालिकाको आर्थिक कारोबारसहित कामकाज ठप्प भएकाले यहाँ कर्मचारीले तलब पाउन सकेका छैनन्। गत १० असारमा बजेटको खुला सत्र भइरहेका वेला उपमेयर नजमु सेहर र केही वडाध्यक्षले विरोध गरेपछि नगर सभा स्थगित भएको थियो। यसबीचमा तीनपटक नगर सभा हुँदा पनि बजेट पास हुन सकेको छैन। मेयर कलवारले भने ७४ करोड ४६ लाखको बजेट पारित भइसकेको दाबी गर्दै आएका छन्।

■ कांग्रेस इतर समूहको भेला

संसदीय दलको नेताको तयारी गर्न शेखरलाई गगनको प्रस्ताव



काठमाडौंको गौशालामा बुधबार भएको कांग्रेस इतर समूहको भेला। तस्बिर : नयाँ पत्रिका

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेस महामन्त्री गगन थापाले नेता डा. शेखर कोइरालालाई संसदीय दलको नेताका लागि अघि बढ्न प्रस्ताव गर्दै सभापति शेरबहादुर देउवालाई पुनः चुनौती दिएका छन्। बुधबार गौशालामा इतर समूहको भेलामा दुवै नेताले संवादलाई निरन्तरता दिँदै आफ्नो समूहलाई एकजुट बनाएर लैजाने प्रतिबद्धता जनाएका छन्।

भेलामा सहभागी एक केन्द्रीय सदस्यका अनुसार महामन्त्री थापाले दलको नेतामा सभापति देउवाको विकल्पमा कोइरालालाई अघि सार्ने प्रस्ताव ल्याएका थिए। थापाले संसदीय दलमा कोइरालालाई अगाडि सार्ने र ०८२ मा महाधिवेशन सुनिश्चित गर्ने बाटोमा अगाडि बढ्न प्रस्ताव गरेका थिए। 'हामी एकताबद्ध भएर वरिष्ठ नेताजी (कोइराला)लाई अगाडि सारेर संसदीय दलको नेता फेर्न लागौं। सभापतिजी नै प्रधानमन्त्री हुने अवस्था आयो भने ०८२ मा महाधिवेशन हुन सक्दैन,' महामन्त्री थापाको भनाइ उद्धृत गर्दै ती केन्द्रीय सदस्यले भने। तर, थापाको प्रस्तावमा कोइरालाले कुनै प्रतिक्रिया नदिएको उनले बताए।

भेलाले आगामी राष्ट्रिय सभा निर्वाचनमा पार्टीबाट नयाँ अनुहारलाई उम्मेदवार बनाउन दबाब दिने निर्णय पनि गरेको छ। पराजितलाई राष्ट्रिय सभामा लैजान रोक्दै उम्मेदवार छनोटलाई न्यायोचित बनाउन सभापतिलाई दबाब दिने निर्णय भएको महामन्त्री थापाले बताए।

'१४औं महाधिवेशनपछिका तीन तहको निर्वाचनमा उम्मेदवार छनोटमा कुनै मापदण्ड बनाइएन। उम्मेदवारी छनोटमा

» पृष्ठ २ मा क्रमशः

■ दुवै नेताको एक स्वर-

हाम्रो कार्यशैली फरक होला, एजेन्डा उही छ



उहाँको उमेर, मेरो उमेर फरक छ, उहाँको सोचाइ, मेरो सोचाइ, उहाँको स्टाइल अफ फड्सनिङ, मेरो स्टाइल अफ फड्सनिङ फरक छ, भएको त्यत्ति हो।

हामीभित्रको दृष्टिकोण सम्पूर्ण रूपमा एकै छ। तर, एक-अर्कामा गर्ने संवाद, साथीहरूसँग गर्नेलगायत सबैखाले संवादमा कमी भयो।

कोइराला र थापाले आफूहरूको एजेन्डा जहिल्यै समान रहेको प्रतिक्रिया दिएका छन्। भेलापछि सञ्चारकर्मीसँग उनीहरूले आफूहरूको कार्यशैली फरक भए पनि एजेन्डामा तलमाथि नरहेको दाबी गरेका हुन्।

कोइरालाले आफूहरूबीच उमेरका कारण पनि सोचाइमा केही फरक शैली भने भएको बताए। 'यो हाम्रो रेगुलर बैठक नै हो। पहिला पनि हाम्रो भेला हुन्थ्यो, केही समयदेखि बस्न सकेका थिएनौं। एजेन्डामा हामीहरूबीच एक इन्च पनि फरक छैन। उहाँको उमेर, मेरो उमेर फरक छ, उहाँको सोचाइ, मेरो सोचाइ, उहाँको स्टाइल अफ फड्सनिङ, मेरो स्टाइल अफ फड्सनिङ फरक छ, भएको त्यत्ति हो। त्यो स्वाभाविक पनि हो। हाम्रो एजेन्डामा फरक छैन,' कोइरालाले भेलापछि प्रतिक्रिया दिए।

थापाले पनि आफूहरूभित्रको दृष्टिकोण समान रहेको र कम संवाद भएका कारण असमझदारी बढेको बताए। 'हामीभित्रको दृष्टिकोण सम्पूर्ण रूपमा एकै छ। तर, हामीबीच एक-अर्कामा गर्ने संवाद, समूहमा गर्ने संवाद, सांसद, केन्द्रीय समितिका साथीहरूसँग गर्नेलगायत सबैखाले संवादमा कमी भयो। कम संवाद गर्दा हामीबीच असमझदारी बनेका हुन्। बैठक र छलफललाई नियमित बनाउने र फरक मतलाई निरुपण गरेर जानुपर्छ भन्ने सहमति भेलामा भएको छ,' उनले भने, 'कार्यशैलीगत रूपमा हामीबीच केही असमझदारी रहे यसलाई संवादबाटै हल गर्छौं। छलफलको सुरुवात भएको छ, अब यसलाई नियमित बनाएर जानेछौं।'

लुम्बिनीका महिला निजामती कर्मचारीलाई अब महिनावारी हुँदा बिदा

■ देशमै पहिलोपटक लुम्बिनी प्रदेशले ल्यायो निजामती महिला कर्मचारीलाई बिदा दिने निजामती सेवा ऐन, नियमावली बनाएपछि कार्यान्वयन

मञ्जु टेलर/नयाँ पत्रिका

लुम्बिनी प्रदेश सरकारले देशमै पहिलोपटक निजामती कर्मचारीलाई महिनावारी हुँदा बिदा दिने व्यवस्था गरेको छ। प्रदेश निजामती सेवा ऐनको दफा ११७ को १ (ग) मा 'महिनावारी बिदा' को व्यवस्था राखिएको हो।

२२ भदौमा प्रदेश सभाबाट पारित प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकलाई प्रदेश प्रमुख अमिक शेरचनले २१ मंसिरमा प्रमाणीकरण गरेसँगै ऐन बनेको छ। 'महिनावारी बिदा'को कार्यान्वयन भने नियमावली बनेपछि हुनेछ। कति दिन बिदा

» पृष्ठ २ मा क्रमशः



कार्यान्वयनका लागि नियमावली बनाउन तीन सदस्यीय समिति गठन

विधेयक प्रमाणीकरण भएसँगै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले नियमावली बनाउन तीन सदस्यीय समिति गठन गरेको छ। नियमावली निर्माणका लागि प्रदेश सचिवसहितको समिति गठन गरिएको कार्यालयका प्रवक्ता नीराजन घिमिरेले बताए।

'विधेयक प्रमाणीकरण भएको एक हप्ताभित्रमा नियमावली बनाउने निर्णय भएको छ। कर्मचारीलाई बिदा कति दिने, कसरी दिने भन्ने विषयमा छलफल गरेर नियमावली तयार भएपछि संसद्मा लाने भन्ने तयारी छ,' उनले भने, 'नियमावलीमा काम भइरहेकाले कति दिन बिदा दिने भन्ने विषय टुंगिन बाँकी छ।'

वैदेशिक...

पृष्ठ १ बाट क्रमशः

सुरक्षामन्त्री शरत्सिंह भण्डारीको उपस्थितिमै कल्याणकारी कोषको रकम विभागले सञ्चालनमा ल्याएको सफ्टवेयर वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मर्मतका लागि दिने निर्णय भएको हो। विभागलाई रकम हस्तान्तरण भने अझै भइनसकेको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए। सञ्चालक समितिले गरेको निर्णयलाई बोर्डले कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ।

वैदेशिक रोजगार कल्याणकारी कोषसम्बन्धी व्यवस्था गरेको वैदेशिक रोजगार ऐन, २०७६ को दफा ३३ मा कोषको रकम नितान्त श्रमिकका लागि मात्रै खर्च गरिने स्पष्ट व्यवस्था छ। वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न, कामदारको अंगभंग भई स्वदेश फिर्ता गराउँदा, क्षतिपूर्ति दिन र फिर्ता आएका श्रमिकको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न कोषको रकम प्रयोग गर्ने उल्लेख छ। त्यस्तै, रोजगारका लागि विदेश गएको अवस्थामा गम्भीर प्रकृतिको फौजदारी कसुर अभियोग लागेका कसुरदारको प्रतिरक्षा तथा बहस पैरवी गर्न, वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र सम्भावित जोखिमबारे प्रचारप्रसार गर्न, वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न, रोजगारका लागि विदेश गएको अवस्थामा मृत्यु भएका कामदारको शव नेपाल ल्याउन र निजको परिवारलाई आर्थिक सहयोग गर्न, वैदेशिक रोजगार प्रवर्द्धनसम्बन्धी कार्य गर्न कोषको रकम प्रयोग गरिने ऐनमा उल्लेख छ। हाल कोषमा पाँच अर्बभन्दा बढी रकम छ।

वैदेशिक रोजगारमा जानुअघि कामदारले तोकिएबमोजिम भुक्तानी गरेको रकम, म्यानपावर व्यवसायीको धरौटी रकम, इजाजत दस्तुर, नवीकरण शुल्क, तालिम सञ्चालन गर्ने संस्थालाई दिइने अनुमतिपत्र शुल्क, नवीकरण शुल्क, वैदेशिक रोजगार व्यवसायसँग सम्बन्धित संस्थाबाट समय-समयमा कोषलाई प्राप्त रकम र स्वदेशी वा विदेशी व्यक्ति वा निकायबाट प्राप्त अनुदान रकम वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा हुन्छ। वैदेशिक रोजगार ऐनको दफा ३२ मा वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारबाट फर्किआएका कामदार तथा परिवारको सामाजिक सुरक्षा तथा कल्याणका लागि कोषको स्थापना गरिएको उल्लेख छ। विभागका सूचना अधिकारी कविराज उप्रेतीले भने कल्याणकारी कोषमा म्यानपावर व्यवसायीको धरौटी रकम पनि जम्मा हुने भएकाले सफ्टवेयर मर्मतका लागि कोषको रकम प्रयोग गर्न मिल्ने तर्क गरे। 'सफ्टवेयर पनि श्रमिकका लागि नै हो, त्यसैले यो रकम प्रयोग गर्न मिल्छ,' उनले भने।

म्यानपावर व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले अन्य विकल्प नभएपछि श्रमिकको कोषको रकम प्रयोग गरेर सफ्टवेयर मर्मत गर्न लागिएको बताए। भण्डारी बोर्डको सञ्चालक समितिका सदस्य पनि हुन्। 'सरकार आफैँले मर्मत गर्नुपर्ने हो। तर, अन्य स्रोत नभेटिएपछि यसको प्रयोग गर्ने निर्णय गरिएको हो,' उनले भने।

वैदेशिक रोजगार विभागले सबै खालका श्रम स्वीकृति अनलाइनबाट लिन सकिने व्यवस्था गरेको छ। तर, विभागले सन् २०१६ डिसेम्बरदेखि प्रयोगमा ल्याएको सफ्टवेयर तोकिएको समयमा मर्मत नगर्दा समय-समयमा समस्या आउने गरेको छ। सफ्टवेयरमा समस्या आएर भिसा प्रमाणीकरणदेखि श्रम स्वीकृतिका काम रोकिँदा विदेश जानुपर्ने श्रमिक अलपत्र पर्ने गरेका छन्। श्रम स्वीकृतिका लागि भौतिक रूपमा नै कार्यालय धाउनुपर्ने तथा समयअगाडि नै काठमाडौं आइपुग्नुपर्ने श्रमिकहरू दलाललाई रकम बुझाएर काम गराउन बाध्य भएका छन्।

एक उदाहरण हुन्, इलामका शेरजंग राई (नाम परिवर्तन)। साउदीमा रोजगारी गर्दै गरेका राई दसैं-तिहारको बिदामा नेपाल आएका थिए। गत नोभेम्बर ५ मा उनलाई साउदी फर्कनुपर्ने थियो। तर, विभागको सिस्टममा समस्या आउँदा समयमा उनको श्रम स्वीकृति हुन सकेन। त्यसपछि उनले चिनेजानेका व्यक्तिसँग सहयोगका लागि आग्रह गरे। तर, श्रम स्वीकृतिका लागि २० हजार रुपैयाँ मागेको उनले बताए। '२० हजार दिए एक घण्टामै श्रम स्वीकृति हुन्छ भन्यो। त्यसपछि म आफैँ सीधै काठमाडौं आएँ,' उनले भने। सिस्टममा समस्या हुँदा विभागका कर्मचारीदेखि अन्य बाह्य दलालहरू सक्रिय हुने विभागका पूर्वमहानिर्देशक पूर्णचन्द्र भट्टराई बताउँछन्। 'धमिलो पानीमा माछा मार्ने प्रयास हुन्छ,' उनले भने।

एक वर्षमै तीनपटकसम्म सिस्टममा समस्या

यो वर्ष मात्रै तीनपटकसम्म सिस्टममा समस्या आइसकेको छ। सरकारी एकीकृत डाटा सेन्टर (जिआइडिसी)मा रहेको धेरै क्षमताको स्टोरेज एरिया नेटवर्क (सान)मा समस्या आएको विभागले जनाएको छ। जिआइडिसीमा रहेको उपकरण धेरै पुरानो भएकाले समस्या भएको आइटी शाखाको भनाइ छ। त्यसपछि मुद्रण विभागसँग सान मागेर जिआइडिसीमा भएको विभागको तीन महिनाको तथ्यांक सारिएको थियो।

कहिले भित्र्याइएको थियो सफ्टवेयर ?

सन् २०१३ मा वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक पूर्णचन्द्र भट्टराईले फेमिस सिस्टम प्रयोग गर्ने योजना अघि सारेका थिए। त्यति वेला वैदेशिक रोजगारीमा जाने र आउने कामदारको कुनै पनि रेकर्ड राख्ने व्यवस्था थिएन। तथ्यांक नहुँदा बजारमा बिचौलियाको बिगबिगी थियो। उनका अनुसार त्यति वेला सामी परियोजनाले नै आर्थिक सहयोग गर्ने गरी योजना बनाइएको थियो। सफ्टवेयरका लागि ५० लाख रुपैयाँको योजना बनाइएको थियो। तर, सफ्टवेयर प्रयोग गर्नुअघि नै उनको सरुवा भयो।

त्यसपछि विभागमा डा. भीष्म भुसाल महानिर्देशक बने। उनको पालामा फेमिस सिस्टम औपचारिक रूपमा प्रयोगमा आयो। सन् १८ डिसेम्बर २०१६ मा अन्तर्राष्ट्रिय श्रमिक दिवसको दिन यसको औपचारिक सुरुवात गरिएको हो। त्यति वेला सिस्टम खरिदका लागि स्विस सरकारद्वारा सञ्चालित सामी परियोजनाले एक करोड २० लाख सहयोग गरेको थियो। विभागले ब्रेन डिजिट सोलुसन कम्पनीसँग यो सफ्टवेयर खरिद गरेको हो। तर, प्रयोगमा आएको केही समयमा नै सिस्टममा खराबी आयो। त्यसपछि पूर्वमहानिर्देशक भुसालले नै ३६ लाख रुपैयाँ खर्च गरी एन्टिभाइरस राखेका थिए। यो कम्पनीले ०७८ सम्म सफ्टवेयर सेवा प्रदान गरिरह्यो। त्यसपछि भने सेवाबापत वार्षिक चार लाख रुपैयाँ विभागले कम्पनीलाई भुक्तानी गर्दै आएको छ। तर, अहिले भने ब्रेन डिजिटले विभागलाई सेवा दिन छाडेको छ। इ-बिमा तथा दृष्टि नामक आइटी कम्पनीले विभागलाई सेवा दिइरहेका छन्।

यो सिस्टमबाट टोकन दिने, स्टिकटर दिने, भिसा प्रमाणीकरण गर्ने, श्रम स्वीकृति दिने काम भयो। साथै, म्यानपावर व्यवसायी, दूतावास, प्रदेश कार्यालय, स्थानीय निकायले पनि अनलाइनबाट नै सूचनाहरू राख्न पाउने व्यवस्था गरियो। यसरी सिस्टमको प्रयोग विस्तार गरिए पनि क्षमता विस्तार नगर्दा समस्या आउने गरेको विभागको गुनासो छ। सिस्टमको प्रयोग भएसँगै समस्या देखिन थालेको हो। तर, पनि यसको मर्मत-सम्भारमा कुनै चासो नदेखाउनुले विभागको नियतमा नै शंका गर्न सकिने विभागका पूर्वमहानिर्देशक कुमार दाहालले बताए।

महानगरका निजी अस्पतालले विपन्नका लागि १० प्रतिशत शय्या निःशुल्क छुट्याउनुपर्ने

मासिक हजारभन्दा बढी बिरामी लाभान्वित हुने

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाभित्र रहेको निजी अस्पतालले विपन्न, बेवारिसे र असहाय बिरामीका लागि १० प्रतिशत शय्या अनिवार्य एवं निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने भएको छ। सरकारले यसअघि सबै अस्पताललाई १० प्रतिशत निःशुल्क शय्या छुट्याउन भने पनि निजीले अटेर गर्दै आएका थिए। महानगरले भने कानुन नै बनाएर कडाइ गर्न लागेको हो।

महानगरले हालै मात्र निःशुल्क स्वास्थ्य उपचारसम्बन्धी कार्यविधि, २०८० पास गरेको छ। यही कानुनमा टेकेर लक्षित वर्गलाई दिनुपर्ने १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराउन लागेको हो। काठमाडौं महानगरभित्र रहेको निजी अस्पतालले लक्षित वर्गलाई १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराएका छैनन्। कतिपयले निःशुल्क गरे पनि लक्षित समुदायले लाभ लिन सकिरहेका छैनन्। सोही कारण अनिवार्य गर्न थालिएको महानगरका स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले जानकारी दिए। कडाइ गर्न र निःशुल्क शय्या कार्यान्वय गर्न कार्यविधि बनेको छ। पुसको पहिलो सातादेखि नै सबै निजी अस्पतालले १० प्रतिशत शय्या विपन्नका लागि निःशुल्क छुट्याउनुपर्नेछ।

यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि निःशुल्क शय्यासम्बन्धी व्यवस्था गरेको थियो। तर, उक्त शय्याबाट विपन्न वर्गले लाभ लिन सकिरहेका थिएनन्। महानगरको यो कार्यविधि कार्यान्वयनपछि नेता तथा मन्त्रीको फोन र पावरले नभेट्ने विभागका प्रमुख पौडेलको भनाइ छ। 'अब विपन्न, असहाय र बेवारिसे बिरामीले पनि ठूला निजी अस्पतालमा उपचार पाउँछन्, जुन वर्गले लक्षित शय्या पाउनुपर्ने हो, त्यसैका लागि कार्यान्वयन गर्छौं,' उनले भने।





● रामप्रसाद पौडेल, प्रमुख, स्वास्थ्य विभाग, काठमाडौं महानगरपालिका

१० प्रतिशत शय्या छुट्याउन कार्यविधि बनेको छ। पुसको पहिलो सातादेखि नै सबै निजी अस्पतालले १० प्रतिशत शङ्या विपन्नका लागि निःशुल्क छुट्याउनुपर्नेछ। कतिपयले निःशुल्क गरे पनि लक्षित समुदायले लाभ लिन सकिरहेका छैनन्।

■ महानगरभित्र छन् एक सयभन्दा बढी अस्पताल

महानगरपालिकाभित्र ५० भन्दा बढी शय्या भएका अस्पताल संख्या ९३ छ भने ५० भन्दा कम शय्याका ३० अस्पताल छन्। केन्द्र सरकारकै कानुनले देशभरका निजी अस्पतालमा विपन्नका लागि १० प्रतिशत शय्या निःशुल्क गर्नुपर्ने व्यवस्था गरे पनि त्यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन। सोही कारण काठमाडौं महानगरपालिकाले छुट्टै कार्यविधि तयार गरेर कडाइ गर्न लागेको हो।

निजी अस्पतालले छुट्याएको निःशुल्क शय्याको रेकर्ड अनलाइन प्रणालीमा राखिनेछ। यससम्बन्धी सफ्टवेयर महानगरले तयार गर्दै छ। कुन अस्पतालमा कति बिरामी छन्, बिरामीको नाम, ठेगाना, फोटो, रोगको किसिमलगायत विवरण निजी अस्पतालले सिस्टममा अपडेट गर्नुपर्नेछ। डिजिटलाइज भएपछि निजी अस्पतालले ढाँट्न वा दुरुपयोग गर्न नपाउने महानगरका स्वास्थ्य विभाग प्रमुख पौडेलले जानकारी दिए।

महानगरभित्रका सबै निजी अस्पतालमा यो नियम कार्यान्वयन हुँदा सात सय शय्या निःशुल्क हुन्छन्। यसबाट हरेक महिनामा कम्तीमा एक हजारजना विपन्न बिरामीले लाभ लिन सक्छन्। महानगरपालिकाले अस्पतालको आर्थिक अवस्थाबारे पनि कार्यविधिमा उल्लेख गरिएको छ। कार्यविधिअनुसार नै १० प्रतिशत शय्या निःशुल्क गर्दा कुनै अस्पताल टाट पल्टने वा आर्थिक रूपमा धराशयी हुने देखिए महानगरको निःशुल्क स्वास्थ्य सेवा व्यवस्थापन समितिले अस्पताल उकास्न सहयोग गर्नेछ। यही समितिले समय-समयमा विपन्न शय्यासम्बन्धी व्यवस्था कार्यान्वय भए-नभएकोबारे अनुगमन र कारबाही पनि गर्नेछ।

■ कसरी लिने सुविधा ?

यो सुविधा लिन भने विपन्न, असहाय र बेवारिसे भनेर पहिचान खुल्ने कागजात चाहिन्छ। सरकारले प्रदान गरेको विपन्न वा असहाय परिचयपत्र, वडाध्यक्षले तयार पारेको सर्जमिन तथा सिफारिस, बुबाआमाको नागरिकता वा पारिवारिक पृष्ठभूमि खुल्ने विवरण आदिका आधारमा सेवा उपलब्ध हुनेछ।

तर, आठ महिनादेखि...

पृष्ठ १ बाट क्रमशः

नेपाली दूतावास धाइरहेका छन्। तर, दूतावासले घर फर्कन अझै १५/२० दिन लाग्ने बताएको सुनसरी घर भएका बुधु कामैतले बताए। 'हामीले पहिले पनि निवेदन दिएका थियौँ। तर, घर फर्किन पनि कस्तो भिसा चाहिने हो कुन्नि, भिसा लागेन भन्यो,' उनले टेलिफोनमा भने, 'अहिले फेरि निवेदन दिएका छौँ। अझै केही समय लाग्छ भनेको छ।' कामैत मेनपावर कम्पनीका स्थानीय एजेन्ट जितेन्द्र मण्डललाई एक लाख ६० हजार बुझाएर साउदी पुगेका थिए। मण्डलको घर पनि सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकामै हो।

साउदीमै रहेका सप्तरीका भगवानीले भने - 'ऋण काढेर साउदी आए, यहाँ आफ्नै पेट कसरी पाल्ने भन्ने भइरहेको छ।' कि कामको व्यवस्था गरिदिन कि घर फर्काइदिन आफूहरूले आग्रह गरेको उनले बताए।

वैदेशिक रोजगार बोर्डका प्रवक्ता टीकाराम ढकालले काम नपाएर समस्यामा परेका नेपालीलाई त्यहाँस्थित दूतावासले कम्पनीसँग समन्वय गरिदिने बताए। 'समन्वय गरेर काम गराउन सकिने भए दूतावासले गरिदिन्छ, उद्धार गर्नुपर्ने भए हामीले पनि सहयोग गर्छौं,' उनले भने, 'म्यानपावरले ठगेको हो भन्ने लागेमा वैदेशिक रोजगार विभागमा उजुरी गर्नुपर्छ।'

संसदीय दलको..

पृष्ठ १ बाट क्रमशः

नेतृत्व अन्यायपूर्ण र विभेदपूर्ण भयो। सभापति आफैँ आफ्नो गुटको संरक्षक बन्नुभयो। आफ्नो समूहमा रहेकालाई एउटा व्यवहार, समूहमा नभएका र महाधिवेशनमा मत नदिएकालाई अर्को नजर गर्नुभयो,' उनले भने, 'यसपटकको राष्ट्रिय सभा निर्वाचनमा संविधानको भावनाअनुसार योग्यमध्येबाट अहिलेसम्म अवसर नपाएका तथा यसअघिका निर्वाचनमा भाग नलिएकाहरू जाने र दोस्रो न्यायोचित हुनुपर्छ भन्ने हो। टिकट बाँड्दै गर्दा सभापति सिंगो कांग्रेसको सभापति बन्नुपर्छ भन्ने हाम्रो दबाब रहनेछ।' त्यस्तै भेलामा महासमिति बैठक समयमै गर्न दबाब बढाउने, पार्टीलाई दिशानिर्देश दिने गरी बैठकका एजेन्डा तय गर्ने, भ्रष्टाचार प्रकरणहरू छानबिनका लागि दबाब दिनेलगायत विषयमा छलफल भएको पनि थापाले बताए।

डा. कोइरालाले पनि राष्ट्रिय सभाको उम्मेदवार चयनमा मापदण्ड बनाउनेबारे छलफल भएको बताए। 'संसदीय बोर्डबाट उम्मेदवारको क्राइटेरिया बनाऔँ र त्यसलाई अगाडि सारेर उम्मेदवार तय गरौँ भन्नेबारे छलफल भयो,' कोइरालाले भने। उपसभापति धनराज गुरुङले पनि भेलामा राष्ट्रिय सभामा नयाँलाई अवसर दिनुपर्नेबारे छलफल भएको बताए। भेलामा सहभागी नेताहरूले दुई नेतालाई मिलेर समूहलाई एकढिक्का बनाएर लैजान दबाब दिएका थिए।

शेखर-गगन सम्बन्ध बिगार्ने घटनाक्रम

- **६ पुस ०७९ :** संसदीय दलको निर्वाचनमा ३६ सांसद आफ्नो समूहमा रहेको अनुमान गरे पनि २५ मत प्राप्त, समूहबाटै धोका भएको थापाको निष्कर्ष।
- **२० वैशाख ०८० :** समूहबाट तीन मन्त्री पाउने गरी नाम पठाइयो, तर दुई मात्र मन्त्री बने। यससँगै कोइराला सभापति देउवासँग मिलेको थापाको आशंका। मन्त्रीका लागि तीनजनाको नाम बुझाउँदा कोइरालाले एकतर्फी निर्णय लिएको थापाको आरोप।
- **२ साउन ०८० :** केन्द्रीय समिति बैठकअघि कोइरालाले समूहको बैठक राखेनन्। बैठकमा महामन्त्रीको विरोध गरेपछि थापा असन्तुष्ट।
- **१७ भदौ ०८० :** महामन्त्री विश्वप्रकाश शर्मा र युवा नेता प्रदीप पौडेलसहित इतर समूहको भेला भएको थियो। जसमा कोइरालालाई बोलाइएन। यसले कोइरालालाई सशंकित बनायो। नयाँ टिम बनाउन थालेको कोइरालाको आशंका।
- **२६ असोज ०८० :** कोशी प्रदेशको सत्ता परिवर्तनमा कोइरालाले एकतर्फी निर्णय लिएर आफूनिकट नेतालाई मुख्यमन्त्री बनाएको थापाको आरोप।

लुम्बिनीका...

पृष्ठ १ बाट क्रमशः

दिने भन्ने पनि नियमावलीमै तोकिनेछ। विधेयक संशोधनका क्रममा 'महिनावारी बिदा'को विषय समावेश गरेपछि नेपालको संविधानको धारा २०१ को उपधारा २ बमोजिम प्रमाणीकरण गरिएको प्रदेश प्रमुखको कार्यालय लुम्बिनीले जनाएको छ। प्रदेश सभामा बिदाको प्रस्ताव पेस गरेका प्रदेश सभा सदस्य खड्क बस्नेतले कर्मचारीलाई दिने बिदामा 'महिनावारी बिदा' थपिनु उपलब्धिमूलक रहेको बताए। 'पहिलेको ऐनमा महिनावारी बिदाको बुँदा थिएन। विधेयक संशोधनको समयमा महिनावारी बिदाको विषय पनि प्रस्ताव गरेका थियौँ, जुन पारित भएर आएको छ। महिला निजामती कर्मचारीको हकमा यो ठूलो उपलब्धि हो,' उनले भने।

नेपालमा निजी क्षेत्रका केही कम्पनीहरूले महिनावारीको समयमा बिदा दिँदै आए पनि निजामती कर्मचारीको हकमा यो निर्णय पहिलोपटक भएको हो।

● विश्वमा महिनावारी बिदाको बहस

महिनावारी बिदाको बहस २०औँ शताब्दीको अन्त्यमा रुसमा भएको क्रान्तिपछि सुरु भएको हो। रुसमा केही कामकाजी क्षेत्रहरूमा पहिलोपटक मासिक धर्म (महिनावारी) बिदा नीति लागू गरिएको थियो। तर, सन् १०२७ मा महिला कामदारहरूविरुद्ध भेदभाव भएको भन्दै उक्त नीति नै हटाइयो।

सन् १९२० को दशकमा जापानी श्रम संघहरूले आफ्ना महिला कामदारहरूका लागि महिनावारीको समयमा बिदा (सेरी क्युका) माग्न थाले। सन् १९४७ मा जापानी श्रम मापदण्डद्वारा ल्याइएको एक कानुनअन्तर्गत महिनावारी भएका महिलाहरूलाई कामबाट केही दिन बिदा लिन अनुमति दिइयो।

छिमेकी मुलुक भारतका केरला, अरुणाचल, बिहार प्रदेशले सन् १९९२ देखि नै दुई दिन महिनावारी बिदा दिँदै आएका छन्। अरुणाचल प्रदेशका सांसद निनाङ एरिडले लोकसभामा 'मासिक धर्म लाभ' नामक निजी सदस्य विधेयक पेस गरेकी थिइन् भने केरलाका कांग्रेस सांसद हिबी इडेनले समेत महिनावारीको वेला तलबी बिदा पाउनका लागि निजी विधेयकको प्रस्ताव राखेका थिए। त्यस्तै, बिहारमा पनि राष्ट्रिय जनता दलका नेता लालुप्रसाद यादवले कर्मचारीलाई दुई दिन महिनावारी बिदा दिने नियम ल्याएका थिए।

एसियाली मुलुक इन्डोनेसियाले पनि सन् २००३ देखि महिनावारीमा दुई दिन बिदा दिँदै आएको छ। इन्डोनेसियाले श्रमिक ऐनअन्तर्गत धारा १३ मा महिनावारी बिदा समावेश गरेको छ।

त्यस्तै, दक्षिण कोरियामा पनि श्रमिक ऐनअन्तर्गत नै धारा ७१ मा महिनावारी बिदाको बुँदा समावेश छ। युरोपमा भने इटालीको संसद्मा २०१७ देखि नै महिनावारी बिदाबारे बहस भइरहे पनि ऐन पारित गरिएको छैन। तर, स्पेनले गत फेब्रुअरीयता ३ देखि ५ दिनसम्म बिदा दिने नियम ल्याएको छ।

अफ्रिकी मुलुकहरूमध्ये जाम्बियाले मात्रै महिनावारीमा बिदा दिन थालेको छ। जाम्बियाले सन् २०१५ देखि बिदा दिन थालेको हो। यसबाहेक जाम्बियाले महिनाको एक दिन मदर्स डेको नामका अनिवार्य बिदा दिँदै आएको छ, यदि कुनै कम्पनी वा कार्यालयले बिदा दिन नमानेमा सजायको समेत व्यवस्था गरेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र २०८०/०७/१५ मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक"मा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भई ऋणीले बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४२००१/०७७/०७८ अन्तर्गत मिति २०७७/०५/३१ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. ९ स्थित **सन्कल्प के. पि. एस. ट्रेडिङ्ग प्रा.लि.** **संचालक तथा जमानीकर्ता: कृष्ण भक्त भुषाल** ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ बाबु : गणेश बहादुर भुषाल बाजे : माइला भुषाल	**२) कृष्ण भक्त भुषाल** ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ बाबु : गणेश बहादुर भुषाल बाजे : माइला भुषाल
	जमानीकर्ताहरुको विवरण	
	१) मनोज भुषाल ठेगाना : काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. ५ बाबु : रामकृष्ण भुसाल बाजे : भिम बहादुर भुसाल	**२) मैया नेपाली** स्थायी ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ गा.प. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ बाबु : रामजी नेपाली ससुरा : माइला भुषाल पति : गणेश बहादुर भुषाल
	धितोको विवरण	
	१) माइला भुषालको नाती, गणेश बहादुर भुषालको छोरा, काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ बस्ने कृष्ण भक्त भुषालको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. २ ख (हाल किर्तिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४६८, ४८७, ४५० र ४४९ को क्षेत्रफल १३९.०८, ९५.३६, १७४.२५, १७४.३९ (व.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) सन्कल्प के. पि. एस. ट्रेडिङ्ग प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सुचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०८
दोस्रो पटक प्रकाशित मिति : २०८०/०८/२८

यस ग्लोबल बचत तथा ऋृण सहकारी संस्था लि. बाट तपशील उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋणा लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्न बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जना रकम समय भित्र नतिरी नबुझाई, यस संस्थासँग गर्नुभएको सम्झौता उल्लघन गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित जानकारी गराउँदा, ३५ दिने सूचना प्रकाशित गराउँदा समेत आफुले बुझाउनुपर्ने पुरा रकम नबुझाउनु भएको हुदाँ यो सुचना दोस्रो पटक पुनः प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना समेत रकम बुझाउनु हुन यो सुचना जारी गरिएको छ। अन्यथा तपाई ऋणी र जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिईएको चल/अचल सम्पत्तिबाट सहकारी ऐन, नियमावली तथा संस्थाको विनिमय एवं ऋण निति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत सम्बन्धित ऋणी सदस्य तथा धन जमानत दिने सदस्यहरुलाई यसै सुचना मार्फत सुचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	जमानी कर्ताको विवरण
नाम : सानीमैया महर्जन बुबा : न्हुछे डंगोल बाजे : जित बहादुर डंगोल स्थाई : ललितपुर मा.ल.न.पा. साविक ०१ हाल वडा नं. ०५, टिकाथली, ललितपुर ना.प्र.प.नं. : ०४/२४१	सानीमैया महर्जनको नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता रहेको ललितपुर जिल्ला मा.ल.न.पा. टिकाथली (साविक ०१) हाल वडा नं. ०५ कि.नं. ४५६ को क्षे.फ. २ ९७.५८ वर्ग मिटर जग्गा	ऋणीको एकाघरको श्रीमान् : न्हुछे बहादुर महर्जन ससुरा : बखत महर्जन छोरा : नविन महर्जन छोरी : नविना महर्जन
ऋणीको विवरण	**धितोको विवरण**	**जमानी कर्ताको विवरण**
नाम : एमान तामाङ्ग बुबा : चन्द्र बहादुर तामाङ्ग बाजे : लाल सिं तामाङ्ग स्थाई ठेगाना : काभ्रेपलान्चोक भिमपोखरी ०२ हालको ठेगाना ललिपुर टिकाथली ना.प्र.प.नं. : १२५९१५	ललितपुर लेले वडा नं.०८ कि.नं.३७४ को क्षे.फ. ० ३ १ ० वर्ग मिटर जग्गा	नाम : विकास लामा बुबा : दले लामा बाजे : हर्क बहादुर लामा ठेगाना : काभ्रे पुरानो गाँउ दाप्चा
ऋणीको विवरण	**धितोको विवरण**	**जमानी कर्ताको विवरण**
नाम : शोभा लम्साल बुबा : कृष्णा प्रसाद लम्साल बाजे : दुर्गा प्रसाद लम्साल स्थाई ठेगाना : ललितपुर महालक्ष्मी न. पा. १९ ना.प्र.प.नं. : १३२२	भक्तपुर जिल्ला गुण्डु वडा नं. ०८ कि.नं. ५२७ को क्षे.फ. ०-८-१-० वर्ग मिटर जग्गा	ऋणीको एकाघरको छोरा नाम : अच्युत लम्साल बुबा : कृष्णा प्रसाद लम्साल बाजे : दुर्गा प्रसाद लम्साल ठेगाना : ललितपुर महालक्ष्मी न. पा. १९
ऋणीको विवरण	**धितोको विवरण**	**जमानी कर्ताको विवरण**
नाम : दिपेश श्रेष्ठ बुबा : कपील श्रेष्ठ बाजे : रत्नलाल श्रेष्ठ स्थाई ठेगाना : सिरहा बहरामाल वडा नं. ०५ हालको ठेगाना : महालक्ष्मी ०३ ना.प्र.प.नं. : १०८८ / १२८१३	बागमति प्रदेश - ०१ ०२६ वा ०३५४ कम्पनीको नाम : निशान मोडेल : २०२१ (KICKXL) ईन्जीन नं. : E०११०९५ च्यासिस नं. : ८००३८७४	नाम : अलिशा श्रेष्ठ बुबा : पञ्च बहादुर श्रेष्ठ बाजे : नर बहादुर श्रेष्ठ ठेगाना : सिरहा-०५, कमरोज

पुनश्च : संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जनाको सम्बन्धमा कार्यालयमा सर्म्पक गर्न अनुरोध छ।

विस्तृत जानकारी लागि :
ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि.
बालकुमारी-०८, खरिबोट, ललितपुर फोन नं. ०१-५४२२४५९

मोटरसाइकल हरायो

मिति २०८०/६/२१ गते काठमाडौं चमतीमा पार्किङ गरि राखेको अन्दाजी १९:१५ बजेको समयमा मेरो निम्न व्यहोरा भएको कालो सेतो रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : जगत गुरुङ
मो.सा.न.: बा प्र. ०२-०४४ प ३६६६
चेसिस न. : MD2A13EX7NCM83916
इन्जिन न. : DKXCNM38248
सम्पर्क न. : 9851346707

सत्तागठबन्धनले दियो सरकारलाई ५३ बुँदे सुझाव

कार्यशैलीमा सुधार गरी जनतालाई परिवर्तनको प्रत्याभूति दिन आग्रह

अनिल यादव/नयाँ पत्रिका

कार्यशैलीमा सुधार गरी जनतालाई परिवर्तनको प्रत्याभूति दिन सत्तागठबन्धनले सरकारलाई ५३ बुँदे सुझाव दिएको छ। गठबन्धनका तर्फबाट जसपा अध्यक्ष उपेन्द्र यादवले सरकारलाई ५३ बुँदे सुझाव दिएका हुन्।



उपेन्द्र यादव

शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, सञ्चारलगायत क्षेत्रमा व्यापक सुधार गरी विकास निर्माणका कार्यलाई गति दिन गठबन्धनले सुझाव दिएको छ। यस्तै, मुलुकमा सुशासन कायम गर्दै संविधान संशोधनसहित संघीयताको प्रभावकारी कार्यान्वयन पनि ५३ बुँदे प्रस्तावमा उल्लेख छ।

प्रधानमन्त्रीसहितको सत्तागठबन्धनको बैठकले सरकारका तर्फबाट गर्नुपर्ने सुधारका कार्यसम्बन्धी सुझाव तयार गर्न यादवलाई जिम्मेवारी दिएको थियो। सोहीअनुसार यादवले संघीयता कार्यान्वयन, सामाजिक न्यायको हक, शिक्षा, स्वास्थ्यलगायत मुद्दामा सुझाव दिएका हुन्। यादवको प्रस्तावमा प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रहरी समायोजन गर्ने, संघीय निजामती ऐन अध्यादेशद्वारा जारी गरी कर्मचारी समायोजनसम्बन्धी कार्य सम्पन्न गर्ने, प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउने, संविधानको अनुसूची ६ र ७ को अधिकार सूचीअनुसार प्रदेशलाई क्षेत्राधिकार प्रदान गर्न अध्यादेश जारी गर्ने र संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश सरकारका विषय प्रदेश सरकारलाई दिने र अनावश्यक खर्च कटौती गर्नेलगायत छन्।

त्यस्तै, स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी राख्न आवश्यक संवैधानिक तथा कानुनी व्यवस्था गर्ने, संविधानबमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालयमातहतका निकाय तुरुन्त हस्तान्तरण गर्न यादवको प्रस्ताव छ। त्यसैगरी पछिल्लो समय सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाइरहेका जसपा अध्यक्ष यादवले संविधान संशोधन गरी परिमार्जन गर्नका लागि संविधानविज्ञ सम्मिलित आयोग गठन गरेर राय-सुझाव लिन र सोहीअनुसार संविधान संशोधनका लागि आवश्यक प्रयास गर्नसमेत आग्रह गरेका छन्।

यादवको सुझावमा पिछडा वर्गलाई सूचीकृत गरी समावेशी र सामाजिक न्यायको प्रत्याभूति गराउन आवश्यक कानुन निर्माण गर्नसमेत आग्रह गरिएको छ। जनसंख्याका आधारमा संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गर्नुपर्ने माग पनि सुझावमा उल्लेख छ। 'राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन र तथ्यांकअनुसार आन्तरिक बसाइँसराइलगायत विभिन्न कारणले गर्दा तराई मधेशमा जनसंख्यामा ठूलो वृद्धि भएको र अन्य क्षेत्रमा कम भएको देखिएको हुँदा जनसंख्याका आधारमा प्रतिनिधित्व लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र भावनाअनुसार संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गर्नुपर्ने,' यादवको सुझावपत्रमा भनिएको छ।

यस्ता छन् सुझाव

- **शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, सञ्चारलगायत क्षेत्रमा व्यापक सुधार गरी विकास निर्माणका कार्यलाई गति दिने**
- **सुशासन कायम गर्दै संविधान संशोधनसहित संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने**
- **प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रहरी समायोजन गर्ने, संघीय निजामती ऐन अध्यादेशद्वारा जारी गरी कर्मचारी समायोजनसम्बन्धी कार्य सम्पन्न गर्ने**
- **संघीय र प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउने, प्रदेश सरकारलाई दिने अनावश्यक खर्च कटौती गर्ने**
- **संविधान संशोधन गरी परिमार्जन गर्न संविधानविज्ञ सम्मिलित आयोग गठन गरेर राय-सुझाव लिन र सोहीअनुसार संविधान संशोधनका लागि आवश्यक प्रयास गर्न पनि आग्रह**
- **जनसंख्याका आधारमा संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गर्नुपर्ने**
- **गरिबीको रेखामुनि रहेका दलित तथा विपन्न वर्गलाई सरकारले निःशुल्क तालिम उपलब्ध गराउनुपर्ने**

त्यस्तै, सरकारले सातवटै प्रदेशमा प्रादेशिक सीप तालिम केन्द्र स्थापना र सञ्चालन गरी स्वदेशी वा वैदेशिक रोजगारमा जानेलाई आवश्यक सीप-तालिम दिन सुझाव दिइएको छ। गरिबीको रेखामुनि रहेका दलित तथा विपन्न वर्गलाई सरकारले निःशुल्क तालिम उपलब्ध गराउनुपर्ने यादवको सुझावपत्रमा उल्लेख छ।

प्रत्येक प्रदेशमा कम्तीमा एउटा अति विशिष्ट अस्पताल र एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्नुपर्ने यादवको सुझावपत्रमा उल्लेख छ। उद्योग, कलकारखाना सञ्चालन गर्न लागनीकर्तालाई प्रोत्साहन गर्ने, निवेदन दिएको १५ दिनभित्र आवश्यक पर्ने सबै प्रक्रिया पूरा गरी सरकारले अनुमति प्रदान गर्ने र उद्योग, कलकारखाना सञ्चालन गर्न पनि सुझाव दिइएको छ। त्यस्तै, कोभिड-१९ को असरबाट प्रभावित भई उद्योग व्यवसाय सञ्चालन गर्न नसकेका उद्योगलाई कम्पनी वा संस्थाहरूलाई करमा लगाएको जरिवानामा छुट दिन र किस्ताबन्दीमा कर तिर्न सक्ने व्यवस्था गर्न प्रस्ताव गरिएको छ।

यादवले भारतीय सीमासँग जोडिएको नाकाबाट उपभोगका वस्तु ल्याउन ५० हजार रुपैयाँसम्मको सामानमा भन्सार छुट दिनुपर्ने प्रस्ताव उल्लेख गरेका थिए। सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्ति दलीय भागबन्डाका आधारमा मात्र नभई योग्यता, क्षमता र अनुभवका आधारमा समानुपातिक सिद्धान्तका आधारमा गर्नुपर्ने सुझावपत्रमा उल्लेख छ।

त्यस्तै, बारा जिल्लाको कबई, सिम्रौनगढ र बाँके जिल्लाको सुइया बघौडालगायत स्थानमा छोटी भन्सार पुनः सञ्चालन गर्नसमेत यादवले माग गरेका छन्। सुझावपत्रमा सरकारले तराई/मधेशमा खटिएका प्रहरी प्रशासनलाई जनताप्रति जिम्मेवार र अनुशासित बनाउन, प्रहरी प्रशासनको ज्यादती र दमन बन्द गराउनुपर्ने यादवको अन्तिम प्रस्ताव छ।

फर्जी कागजात बनाएर विमानस्थलबाट मानव तस्करी

अध्यागमन कार्यालय र वायुसेवा निगमका कर्मचारीकै संलग्नता

टेकराज थामी/नयाँ पत्रिका

फर्जी कागजातका आधारमा नेपाली युवालाई भिजिट भिसामा विदेश पठाउने धन्दामा अध्यागमन कार्यालयकै कर्मचारी संलग्न रहेको सूचनापछि प्रहरी उच्च निगरानीमा थियो। यही क्रममा कार्यालयका शाखा अधिकृत नरवीर खड्का मंगलबार दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुटुक्क बाहिरिए। गतिविधि शंकास्पद देखिएपछि प्रहरीले उनलाई पछ्यायो। ३८ वर्षीय खड्का सिनामंगलस्थित सेकुवा कर्नरमा छिरे। जहाँ उनलाई कुरिरहेका थिए, इन होलिडे ट्राभलका कर्मचारी पदम लामा। दुईबीच केहीबेर गफ चल्यो। खाजा खाए। यही क्रममा लामाले झोलाबाट खामबन्दी पोका झिके र खड्कालाई दिए। त्यसपछि लामा बिदा भए।





अध्यागमन अधिकृत नरवीर खड्का र उनीबाट बरामद रकम

केही क्षणपछि खड्का पनि कर्नरबाट बाहिरिए। उनी कार्यालयतर्फ अघि बढ्दै थिए, पछ्याइरहेको प्रहरीले उनलाई पक्राउ गऱ्यो। झस्किएका खड्काले पोका हत्तपत्त च्याते। र, खामभित्र रहेको रकम लुकाउन खोजे। खल्तीमा अरू पनि कागजात थिए। झिकेर धमाधम चपाउन थाले। खड्का प्रमाण नष्ट गर्नतर्फ उद्यत देखिएपछि प्रहरीले कागजात र खामभित्रको रकम नियन्त्रण गर्न खोज्यो। तर, उनले बलियोसँग समातिरहे। यही क्रममा केही रकम च्यातियो। सडकमै गतिविधि अस्वाभाविक देखिएपछि प्रहरीले उनलाई कार्यालय लिएर गयो। र, खामभित्र रहेको रकम गणना गर्दा दुई लाख रुपैयाँ रहेको खुल्यो। प्रहरीका अनुसार उक्त रकम फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउन सघाएबापत लिएको घुस थियो।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउन सघाउने अध्यागमन कार्यालयका अधिकृत खड्का दुई लाख रुपैयाँ घुससहित रंगेहात पक्राउ परेको जानकारी दिए। 'फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्नविरुद्ध प्रहरीले अप्रेसन चलाइरहेको थियो। यही क्रममा अध्यागमनका कर्मचारी पनि संलग्न रहेको सूचनापछि प्रहरी निगरानीमा थियो। मंगलबार अध्यागमनका कर्मचारीको गतिविधि शंकास्पद देखियो। पछ्याइरहेको प्रहरीले दुई लाख रुपैयाँ घुससहित उनलाई रंगेहात पक्राउ गऱ्यो,' उनले भने। खड्काले इन होलिडे ट्राभलबाट मात्रै यसअघि पटक-पटक गरी चार लाख रुपैयाँ बुझेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। उनलाई ट्राभलका सञ्चालक सरोज यादवले उक्त रकम उपलब्ध गराएका थिए। मंगलबार पनि उनैले लामामार्फत दुई लाख रुपैयाँ पठाइदिएका थिए।

फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउन सघाउने धन्दामा नेपाल वायुसेवा निगमका कर्मचारी पनि संलग्न रहेको खुलेको छ। धन्दामा संलग्न रहेको पाइएपछि प्रहरीले निगमका अधिकृत ४२ वर्षीय होमनाथ पोखरेल र सुब्बा अरवीन्द्र यादवलाई पक्राउ गरेको छ। प्रहरीका अनुसार पोखरेलले रोलेक्स ट्राभलका कर्मचारी सञ्जय तामाङ र राजकिशोर साहबाट १८ लाख रुपैयाँ घुस बुझेका थिए।

उक्त रकम रोलेक्सका सञ्चालक देवराज खनालले उपलब्ध गराएका थिए। निगमका सुब्बा यादवले अन्ट्राट्रिप ट्राभलका सञ्चालक मनुराज चौधरीबाट १२ लाख रुपैयाँ घुस बुझेका थिए। अनुसन्धानमा संलग्न कार्यालयका डिएसपी गोविन्द पन्थीले निगमका अधिकृत पोखरेलले १८ लाख र सुब्बा यादवले १२ लाख रुपैयाँ घुस बुझेको अनुसन्धानबाट देखिने बताए। 'फर्जी कागजात बनाएर नेपाली युवालाई भिजिट भिसामा विदेश पठाउने धन्दामा नेपाल वायुसेवा निगमका कर्मचारी पनि संलग्न रहेको सूचनापछि प्रहरी निगरानीमा थियो। यही क्रममा अधिकृत पोखरेल र सुब्बा यादव पक्राउ परे। उनीहरूले ट्राभल एजेन्टसँग घुसबापतको रकम बुझेको अनुसन्धानबाट खुलेको छ,' उनले भने।

■ आवश्यक सबै कागजात ट्राभल एजेन्सीले नै बनाइदिन्छन्

ट्राभल एजेन्सीले विदेश जान चाहने युवाको खोजी गर्थ्यो। सम्पर्कमा आएका युवाको नक्कली भिसा, नक्कली प्रहरी रिपोर्ट, १२ कक्षा पास गरेको नक्कली शैक्षिक प्रमाणपत्र, नक्कली बैंक स्टेटमेन्ट आफैं बनाइदिन्थ्यो। यसका लागि उनीहरूले कारखाना नै खोलेका थिए। कागजात तयारपछि उनीहरूले युवालाई उपलब्ध गराइदिन्थे। उनीहरूलाई विमानको टिकट दिइन्थ्यो। र, उनीहरूको नामावली विमानस्थलमा कार्यरत सम्बन्धित एयरलाइन्स र अध्यागमन कार्यालयको कर्मचारीलाई उपलब्ध गराइदिन्थे।

कागजातसहित टिकट लिएर युवा सम्बन्धित एयरलाइन्सको चेकिङ प्वाइन्टमा पुग्थे। कर्मचारीलाई कागजात देखाउँथे। कर्मचारीले युवाको नामावलीसँगै रहेको सूचीमा भए-नभएको रुजु गर्थे। र, सूचीमा नामावली भएको युवालाई सजिलै पास दिन्थे। त्यसपछि युवाहरू अध्यागमको चेकिङ कक्ष पुग्थे। त्यहाँ पनि कागजात पेस गर्थे। चेकिङमा रहेका कर्मचारीले कागजात परीक्षण गर्थे। कागजातमा कैफियत



● **एसपी रवीन्द्र रेग्मी**, प्रवक्ता, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्नविरुद्ध प्रहरीले अप्रेसन चलाइरहेको थियो। यही क्रममा अध्यागमनका कर्मचारी पनि संलग्न रहेको सूचनापछि प्रहरी निगरानीमा थियो। मंगलबार अध्यागमनका कर्मचारीको गतिविधि शंकास्पद देखियो। पछ्याइरहेको प्रहरीले दुई लाख रुपैयाँ घुससहित रंगेहात पक्राउ गऱ्यो।

देखिएको युवाको नामावलीसँगै रहेको सूचमा रहे-नरहेको परीक्षण गर्थे। र, सूचीमा नामावली रहेका युवालाई सजिलै विदेश भिजिटको अनुमति दिन्थे।

प्रहरीका अनुसार यसका लागि ट्राभल एजेन्टले प्रतियुवा दुई लाख रुपैयाँ असुल्ने गरेका छन्। त्यसमध्ये अध्यागमका कर्मचारीलाई प्रतियुवा ४० देखि ५५ हजार रुपैयाँ बुझाउँथे। एयरलाइन्सका कर्मचारीले प्रतियुवा १० हजारदेखि १५ हजार रुपैयाँ बुझाउँथे। विमानस्थलस्थित कार्यरत प्रहरीलाई भने उनीहरूले प्रतिव्यक्ति १० हजार रुपैयाँ बुझाउँथे। यसरी सेटिङबाट प्रत्येक दिन पाँचवटा एयरलाइन्सबाट कम्तीमा दुई सय ५० युवा फर्जी कागजातमा विदेश जाने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। प्रहरीका अनुसार तस्कर समूहले विमानस्थलमा 'सेटिङ'का लागि मात्रै प्रतिदिन दुई करोड रुपैयाँ खर्च गर्दै आएका थिए।

'सेटिङबापत दैनिक विमानस्थलका कर्मचारीका लागि मात्रै दुई करोड रुपैयाँ खर्च हुने गरेको देखिएको छ। यसका लागि अध्यागमनका कर्मचारीले कम्तीमा प्रतियुवा ४० हजारदेखि ५५ हजार र एयरलाइन्सका कर्मचारीले १० हजारदेखि १५ हजार रुपैयाँ बुझ्दै आएको देखिन्छ,' अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रेग्मीले भने। प्रहरीका अनुसार यस धन्दामा विशेषगरी नेपाल वायुसेवा निगमसहित हिमालयन एयरलाइन्स, अलजजिरा, फ्लाई दुबई र एयर अरबियाका कर्मचारी संलग्न रहेको अनुसन्धानबाट देखिएको छ।

■ तस्करीमा संलग्न ३२ पक्राउ

प्रहरीले फर्जी कागजात बनाई भिजिट भिसामा मानव तस्करी गर्ने धन्दामा संलग्न ३२ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा अध्यागमनको शाखा अधिकृत खड्का, वायुसेवा निगमका अधिकृत पोखरेल र सुब्बा यादवसहित मनुराज चौधरी, रामप्रसाद भण्डारी, दिनेश ज्ञवाली, सरोजकुमार यादव, देवराज खनाल, गणेश पाण्डे, सञ्जय तामाङ, राजकिशोर साह, रविन अर्याल छन्। त्यसबाहेक साइरस विशंखे, अजित फेवानी, विपिन ढकाल, जयराम श्रेष्ठ, रमेश भनिने भक्तबहादुर थापा, दीपक केसी, बलबहादुर रावत, भक्त विष्ट, अनिश अमात्य, सागर चापागाईं, पशुपति मैनाली, गोपाल रिजाल, आशिष श्रेष्ठ, जीवन तामाङ, नारायणमान गुरुङ, मनीष खड्का, ज्ञानेन्द्र खड्का, गीता शाह, अरुण दहाल, नवीन अर्याललाई पनि प्रहरीले पक्राउ गरेको छ। जसमध्ये आठजना धरौटीमा छाडिएका छन्। बाँकीविरुद्ध अनुसन्धान जारी छ।

एकै व्यक्तिद्वारा दुई अर्बको हुन्डी कारोबार

काठमाडौं/ हुन्डी, अनलाइन जुवा, क्रिप्टो तथा अवैध रूपमा विदेशी विनिमय कारोबारमा संलग्न भएको आरोपमा थप तीनजना पक्राउ परेका छन्। गत ६ मंसिरमा पक्राउ परेका काठमाडौं बागबजारका रूपेश श्रेष्ठमाथि अनुसन्धान गर्ने क्रममा थप तीनजना समातिएका हुन्। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले मीनबहादुर जिसी, आशिष अग्रवाल र कुमार परियारलाई पक्राउ गरेको हो। उनीहरूले श्रेष्ठसँग मिलेर अवैध कारोबार गर्दै आएको पुष्टि भएको प्रहरीले जनाएको छ।

श्रेष्ठलाई ब्युरोले ९९ लाख रुपैयाँसहित पक्राउ गरेको थियो। उनको घरबाट ८९ लाख ६९ हजार नेपाली रुपैयाँ र अमेरिकी डलर सात हजार २६ बरामद भएको थियो। उनले घरमा पैसा गन्ने मेसिनसमेत राख्दै आएका थिए। अनुसन्धानका क्रममा उनले दुई अर्बको त हुन्डी कारोबार गरेको पुष्टि भएको छ। धेरैजसो कारोबार अमेरिकामा भएको छ। उनको हुन्डी कारोबारको खाता नै प्रहरीले बरामद गरेको छ।

उनले अर्बौं रुपैयाँ क्रिप्टोको कारोबार गरेको सिआइबीका अधिकारीहरू बताउँछन्। श्रेष्ठसँग मिलेर काम गर्ने अन्य केही व्यक्ति पक्राउ गरी गिरोहमाथि नै अनुसन्धान भइरहेको ब्युरोका एसएसपी दिनेश आचार्यले बताए। रूपेशकी श्रीमतीको पनि संलग्नता देखिएको र उनी फरार छिन्। उनका धेरै आफन्त अमेरिका भएकाले उनले त्यहाँ धेरै कारोबार गरेका थिए। हुन्डीको कारोबार क्रिप्टोमार्फत मिलाउने गर्दै आएका थिए।

केयूले हजार शय्याको शिक्षण अस्पताल बनाउने

काभ्रेमा इन्द्रबहादुर थापा

काठमाडौं विश्वविद्यालय (केयू) का उपकुलपति प्रा.डा. भोला थापाले हजार शय्याको शिक्षण अस्पताल बनाउने घोषणा गरेका छन्। मंगलबार आयोजित २९औं दीक्षान्त समारोहमा उनले केयूले हजार शय्याको मल्टीस्पेसियालिटी शिक्षण अस्पताल बनाउने बताएका हुन्।

केयूले यसअघि धुलिखेल सामुदायिक अस्पताललाई आफ्नै शिक्षण अस्पतालका रूपमा प्रयोग गर्दै आएको थियो। तर, केयू र धुलिखेल व्यवस्थापनबीचको द्वन्द्वका कारण सन् १९९५ मा ५० वर्षका लागि भएको सम्झौता तोडिने अवस्थामा पुगेको छ। धुलिखेल सामुदायिक अस्पताललले आफूलाई छुट्टै सामुदायिक विश्वविद्यालयका रूपमा विकास गर्न बागमती प्रदेश सरकारसमक्ष आवेदन दिइसकेको छ। 'स्वास्थ्य सेवालाई किफायती, पहुँचयोग्य र विश्वव्यापी विकासका साथ अद्यावधिक बनाउने दृढ प्रतिबद्धताका साथ काठमाडौं विश्वविद्यालयले निकट भविष्यमा सुपर स्पेसियालिटी अस्पताल स्थापना गर्ने महत्त्वाकांक्षी योजनाका लागि पहल गरिरहेको छ,' थापाले भने, 'मेन्टल हेल्थ रिसर्च सेन्टर सञ्चालनमा आइसकेको छ। निकट भविष्यमै डाइबेटिज रिसर्च सेन्टर र अस्पताल पनि सञ्चालनमा ल्याउन विश्वविद्यालय कटिबद्ध छ।' केयूले चौकोटमा फोक्सो रोगसम्बन्धी आफ्नै अस्पताल सञ्चालनमा ल्याइसकेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले केयूले हजार शय्याको शिक्षण अस्पताल बनाउने घोषणाको प्रशंसा गरे। उनले सरकारका तर्फबाट शिक्षण अस्पताल निर्माणका लागि सहयोग गर्ने बताए। प्रधानमन्त्रीले स्थापनाको ३२ वर्षपछि आफ्नै शिक्षण अस्पताल स्थापना गर्न काठमाडौं विश्वविद्यालयले गरेको प्रयास सराहनीय भएको भन्दै त्यसका लागि शुभकामनासमेत दिए।



नौ महिनादेखि अशान्त कोशी प्रदेश

पहिचानवादी निरन्तर आन्दोलनमा, प्रदेश सरकारले वार्तासमेत गरेन

झापामा चिरञ्जीवी घिमिरे

कोशी प्रदेश नामकरणविरुद्ध पहिचान पक्षधर नौ महिनादेखि आन्दोलनमा छन्। १७ फागुन ०७९ मा प्रदेश सभाले प्रदेशको नाम कोशी नामकरण गरेयता कोशी प्रदेश अशान्त छ। तर, प्रदेश सरकारले वार्तासमेत गरेको छैन। जसकारण कोशी प्रदेश सरकारमा तत्कालीन नेतृत्वकर्ता एमाले मात्र होइन हाल केन्द्र र प्रदेश सरकारमा रहेको गठबन्धनमा आबद्ध कांग्रेसका नेताहरू पनि तारो बन्न थालेका छन्।

एमालेको मध्यपहाडी संकल्प यात्रा मंगलबार कोशी प्रदेश प्रवेश गर्नेबित्तिकै पहिचान पक्षधरले प्रदर्शन गरेका थिए। पूर्वमन्त्री गोपाल किराँतीसहित ११ जना उदयपुर, खोटाङ र भोजपुरबाट पक्राउ परेका छन्।

नेपाल आदिवासी जनजाति महासंघलगायत पहिचान पक्षधर संघसंस्थाले बुधबार संयुक्त प्रेस विज्ञप्ति जारी गरी शान्तिपूर्ण आन्दोलनमा गिरफ्तार गरिएका अभियन्तालाई तत्काल विनासर्त रिहा गर्न माग गरेका छन्। गैरकानुनी ढंगबाट गिरफ्तार गरिएका सबै पहिचान पक्षधर अभियन्तालाई विनासर्त अविलम्ब रिहाइ गर्न र समाजमा जातीय द्वन्द्व भड्किन सक्ने खतराप्रति समेत सचेत रहन राज्य पक्षलाई माग गरिएको छ। 'अन्यथा, यसका विरुद्ध देशव्यापी रूपले चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुनेछौं,' विज्ञप्तिमा भनिएको छ।

मंगलबार नै झापाको दमकमा एक कार्यक्रममा सहभागी हुन पुगेका कोशीका मुख्यमन्त्री केदार कार्की सवार प्रदेश १-०४००१ झ ०००३ नम्बरको गाडीमा ढुंगा प्रहार हुँदा सिसा फुटेको छ। कोशी प्रदेश १७ फागुन ०७९ देखि अशान्त छ।

प्रदेश सभाको दुईतिहाइ बहुमतले प्रदेश १ को नाम कोशी राखेपछि पहिचान पक्षधरले आन्दोलन गर्दै आएका छन्। खासगरी पहिचानसहितको नामांकनको माग गर्दै आएका आदिवासी जनजातिले त्यसयता प्रदेशका विभिन्न जिल्लामा आन्दोलन गर्दै आएका छन्। आन्दोलनमा परी एकजनाले ज्यान गुमाइसकेका छन् भने दर्जनभन्दा बढी घाइते भइसकेका छन्। सरकारले पहिचानको आन्दोलनमा ज्यान गुमाएका पदम लिम्बूलाई सहिद घोषणा गरिसकेको छ।

यसबीचमा पहिचान पक्षधरले कोशी नाम चलाएका स्थानीय तहमा तालाबन्दीदेखि सरकारी तथा सार्वजनिक स्थानमा लेखिएको कोशी नाम मेट्नेसम्म गरे। कोशी नामांकनमा हस्ताक्षर गर्ने सांसद र एमाले अध्यक्ष केपी ओली, नेताहरू योगेश भट्टराई र महेश बस्नेत सहभागी कार्यक्रममा अवरोध तथा उनीहरू सवारी गाडीमा ढुंगामुढा पनि गरियो। कोशी नामांकनको समयमा मुख्यमन्त्री रहेका एमालेका नेता हिक्मतकुमार कार्की त आफ्नो पहिलो कार्यकालभरि विराटनगर बाहिर निस्कन नै सकेनन्।

पहिचानवादीप्रति लक्षित गर्दै एमाले अध्यक्ष ओली, एमाले नेता भट्टराईले अभिव्यक्ति दिएपछि उनीहरू पनि पहिचानवादीको आक्रमणको सिकार भए। तर, पहिचानवादीको आन्दोलनलाई सरकारले बेवास्ता गर्दा कोशी अशान्त छ। हालसम्म कोशी सरकारले पहिचानवादीसँग वार्ताका लागि ठोस पहल गरेको छैन। मुख्यमन्त्रीबाट हट्ने वेलामा हिक्मत कार्कीले १६ जेठमा वार्ताका लागि आह्वान गरे पनि वार्ताबाट निष्कर्ष निस्कन सकेन।

कांग्रेसका उद्धव थापाले विज्ञप्ति नै निकालेर वार्ताको पहल गरे पनि उनको सरकार टिक्न सकेन। अहिलेका मुख्यमन्त्री केदार कार्कीले वार्ताको पहल नै सुरु गरिसकेका छैनन्। आफू आक्रमणमा परेपछि मुख्यमन्त्री कार्कीले मंगलबार झापामा बोल्दै वार्ताका लागि पहिचानवादीलाई आह्वान गरे। 'लोकतन्त्रमा झन्डा देखाउने छुट छ। झन्डा देखाउँदा सरकारले नै आन्दोलनकारीको सुरक्षा गर्छ, तर ढुंगा हान्ने छुट छैन। एउटा व्यक्तिलाई ढुंगा हानेर पहिचान आउँछ ?' दमकमा भएको एक कार्यक्रममा उनले भने, 'वार्ताका लागि खुला छ। वार्तामार्फत आफ्ना कुरा राख्नुपर्छ।'

आन्दोलनरत पक्षले सरकारले वार्ताको पहलसमेत नगरेको जनाएको छ। 'हाम्रो आन्दोलनप्रति सरकारले चासो राखेको देखिन्छ, तर जिम्मेवार रूपमा प्रस्तुत भएन। सरकारले हामीलाई वार्तामा बोलाएको पनि थाहा छैन,' प्रदेश १ पुनः नामांकन संयुक्त संघर्ष समितिको मुख्य घटक किराँत याक्थुङ चुम्लुङका अध्यक्ष प्रेम येक्तेन भन्छन्, 'सरकारले प्रहरी प्रशासन लगाएर आवाज दबाउन खोज्छ। तर, समस्या समाधानका लागि पहल गरेन।'

कोशी प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिलामन्त्री शमशेर राईले शीर्ष नेतालाई ढुंगा हान्दैमा समस्याको समाधान नहुने बताए। 'पहिचानवादीसँग वार्ता गर्न प्रदेश सरकार तयार छ। यो समस्या वार्ताकै माध्यमबाट समाधान हुन्छ। प्रदेशले मात्र गरेको संवादले निकास नदिने भएकाले केन्द्रीय तहमा पनि वार्ताका लागि छलफल भइरहेको छ,' उनले भने, 'अहिले सरकारको आकार सानो भएकाले वार्ता गर्न पनि समस्या छ। अब सभामुखको चयन, मन्त्रिपरिषद् को विस्तारपछि पहिचानवादीसँग वार्ता गरेर समस्याको समाधान गर्ने पक्षमा छौं। यसको समाधान राजनीतिक संवादबाटै हुन्छ।'

रिडी ग्रुप लिमिटेडको छैठौं वार्षिक साधारणसभा बारेको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०/०८/२८ गते)

सम्पुर्ण सेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०८/०७ गते बसेको संचालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको छैठौं वार्षिक साधारणसभा निम्न मिति, समय, स्थानमा देहायका बिषयहरुमा छलफल हुने भएकाले यहाँहरुको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

स्थान : ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.-४, जावलाखेल, ललितपुर ।
सेन्ट जेभियर्स स्कुल, सभाहल ।
मिति : २०८०/०९/२१ शनिबार
समय : बिहान १०:०० बजे

सभामा छलफल हुने विषयहरू

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदनउपर छलफल गर्ने बारे ।
२) **आ.व.०७९/०८० सालको** वासलात, नाफा/नोक्सान सहितको लेखापरिक्षण प्रतिवेदनउपर छलफल गर्ने बारे ।
३) **आ.व.०८०/०८१ सालको** हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक तोक्ने बारे ।
४) संचालक समिति गठन गर्ने बारे ।
५) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि संचालक समिति र सेयरधनीहरुको तर्फबाट एक-एक जना प्रतिनिधीहरु छनौट गर्ने बारे ।
६) विविध ।

मान बहादुर बुढा
(संचालक/अध्यक्ष)

(नोट : सेयरधनी महानुभावहरु स्वयं उपस्थित हुन नसकेमा रितपूर्वकको प्रोक्सी फाराम भरी पठाउनु होला)

किन आलोचित बन्दै छ प्रशासकीय संघीयता ?

प्रशासकीय संघीयता कार्यान्वयन गर्ने दायित्व पहिलो राजनीतिको हो, त्यसपछि मात्र कर्मचारीको हो



● गोपीनाथ मैनाली

अग्रलेख

नेपालको कर्मचारीतन्त्र धेरै कुराबाट आलोचित हुँदै आएकोमा अहिले उसले संघीयता कार्यान्वयनमा पनि नसघाएको आरोप खेपिरहेको छ। राजनीतिक दलहरू राजनीतिक रूपमा संघीयताको कार्यान्वयनमा आफूहरूले कुनै कसर बाँकी नराखे पनि कर्मचारीतन्त्रका कारण प्रदेश तथा स्थानीय तहले काम गर्न नसकेको भनिरहेका छन्। कर्मचारीको काम नगर्ने, खटाएको ठाउँमा नजाने, जनप्रतिनिधिलाई उचित मान-मर्यादा नगर्ने, विभिन्न बहानामा राजधानी जाने प्रवृत्तिले बजेट कार्यक्रम कार्यान्वयन र नागरिक सेवा वितरणमा बाधा पुग्न गई संघीयता भनेको खराब कुरा रहेछ भन्ने भाष्य निर्माण हुन थालेको छ। कर्मचारीले संघीयता बुझेकै छैनन्, केन्द्रीकृत भावनाले संघीयता सफल हुँदैन भन्ने राजनीतिको बुझाइ छ। उता कर्मचारीतन्त्र संघीयताको भावनाअनुरूपको कानुन निर्माण, वृत्ति व्यवस्थापन, क्षमता विकास र प्रणालीको अभाव राजनीतिले पूरा नगरिदिएको भनिरहेको छ। यो स्थिति रहिरहेमा कर्मचारीतन्त्र र राजनीतिबीच द्वन्द्व बढ्न गई नेपाल शासकीय असफलताको खाडलमा पर्ने र त्यसको दोष कर्मचारीतन्त्रले लिनुपर्ने सम्भावना छ। कार्यसम्पादन उपलब्धि नदेखिँदा र जनतामा निराशा बढ्दा यी दुई वर्ग आ-आफ्नो कमजोरी पछ्याउन पनि एकअर्कामाथि आलोचक मनोविज्ञानमा छन्। जसको कमजोरी रहे पनि यो स्थिति लामो समयसम्म रहिरहनु भने हुँदैन।

संघीयता नेपालका लागि नवीन पद्धति हो। यसको कार्यान्वयनका लागि हामीसँग अनुभव र आधार पनि छैन। संघीयताले धेरै प्रकारका शासकीय समस्याको एकमुस्ट समाधान दिन्छ भन्ने सर्वसाधारण र राजनीतिक दलहरूको समान आंकाक्षाका आधारमा यसलाई राज्य सञ्चालनको आधार बनाइएको हो। त्यसैले यो अभ्यासमा सिक्दै सुधार गर्दै, कमी-कमजोरीहरू समीक्षाबाट परिमार्जन गर्दै विशिष्टतातर्फ जाने यात्रा हो। तत्काल यसको विशिष्ट अभ्यास पाइएन भनेर निराश हुनु जरुरी छैन। न त्यत्तिकै विशिष्टता प्राप्त हुन्छ भनेर चुप लाग्नु नै उचित हो।

संघीयता कार्यान्वयनका प्रमुख पाटाहरू राजनीतिक संघीयता निर्वाचनपछि पूरा भयो भन्ने मान्नुपर्छ। भलै राजनीतिक संरचनामा गर्नुपर्ने कामहरू प्रशस्त बाँकी छन्। तहगत सरकारको दोस्रो कार्यकालको दोस्रो वर्षमा पनि राजनीतिक रूपबाट गर्नुपर्ने कतिपय काम हुन सकेका छैनन्। नीति तथा कानुनी संरचना निर्माण, कार्य क्षेत्र व्यवस्थापन र तहहरूबीच सहकार्यको खाका निर्माण अहिले पनि भएको छैन। संघीयता कार्यान्वयनको दोस्रो पाटो वित्तीय संघीयताका केही काम पूरा भएका छन्। तहगत सरकारका आ-आफ्नै कोष तथा बजेट प्रणाली निर्माण भएको छ। विभाज्य कोष व्यवस्थापन र वित्तीय हस्तान्तरणका काम भएका छन्। तर, वित्तीय अन्तरसम्बन्धका आधार सबल बनाउन बाँकी छ। समयसीमाभित्र बजेट कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा पनि केही सुधार ल्याउन बाँकी छ। आर्थिक संघीयता वा स्थानीय स्तरदेखि नै आर्थिक संरचना विस्तार गर्दा संघीयता भनेको स्थानीय आर्थिक गतिशीलता पनि हो भनेर यस विषयमा संघीयता कार्यान्वयनका पात्रहरू कतैबाट पनि सोचिएको छैन। जनस्तरमा निराशा बढाउने गर्भित कारण आर्थिक क्रियाकलाप विस्तार नहुनु, रोजगारी उपलब्ध नहुनु, दैनिक आवश्यकताका सामग्री प्राप्त नहुनु, हुँदामा उच्च लागत व्यहोर्नुपर्ने स्थिति आउनु पनि हो। स्थानीय सम्भावना उपयोग भई उपयोगिता सिर्जना गरिएको भए यो निराशा आउँदैनथ्यो।

तीनै आयामलाई प्रणालीगत स्वरूप दिने काम प्रशासकीय संघीयताले गर्छ। पहिलो निर्वाचनअघि नै संगठन संरचना स्वीकृति र कार्यविवरण निर्माणका काम भएका थिए। तर, संरचनाअनुरूप कर्मचारी मिलानको काम पूरा भएन। समायोजन ऐनअनुरूप तीनै तहका सरकारमा करिब एक लाख ३८ हजार कर्मचारीका पद मिलान गरिए पनि दरबन्दीअनुरूप कर्मचारी पदपूर्ति गरिएको छैन। समायोजन न्यायपूर्ण भएन र समायोजित कर्मचारी स्थानीय तहमा बहाल हुन इच्छुक देखिएनन्। कतिपय कर्मचारीबाट समायोजनलाई नै उल्टाइदिने काम पनि भयो। साबिकदेखि स्थानीय तहमा काम गर्दै आएका कर्मचारी र संघबाट समायोजन भएका कर्मचारीबीच मनोवैज्ञानिक दूरी कायम छ। संघबाट खटाइएका कर्मचारीको र आफ्नो हैसियतबीच दूरी भएको उनीहरूको ठम्याइ छ। साथै स्थानीय तहका कर्मचारीलाई निजामती सेवा नभनी स्थानीय सेवा भनिएकोमा पनि उनीहरू सन्तुष्ट छैनन्। एकै प्रक्रियाबाट भर्ना छनोट र समायोजन भएका कर्मचारीबीच विभेद रहेकाले त्यसको असर संघीयता कार्यान्वयन र स्थानीय सेवा प्रवाहमा देखिएको छ। प्रशासकीय संघीयताको आधारशिला संघीय निजामती सेवा ऐन हो, यसले संघ सरकारको कर्मचारीको प्रशासन र स्थानीय तथा प्रदेशको कर्मचारी व्यवस्थापनको मार्गदर्शन आधार दिनुपर्थ्यो। तर, संविधान कार्यान्वयनको आठ वर्ष र आमनिर्वाचन भई तहगत सरकार क्रियाशील भएको ६ वर्ष बितिसक्दा पनि संघीय निजामती सेवा ऐन कार्यान्वयनमा आएको छैन।



> संघीयताले धेरै प्रकारका शासकीय समस्याको एकमुस्ट समाधान दिन्छ भन्ने सर्वसाधारण र राजनीतिक दलहरूको समान आकांक्षाका आधारमा यसलाई राज्य सञ्चालनको आधार बनाइएको हो। त्यसैले यो अभ्यासमा सिक्दै सुधार गर्दै, कमी-कमजोरीहरू समीक्षाबाट परिमार्जन गर्दै विशिष्टतातर्फ जाने यात्रा हो।

यसबाट यसै कानुनको छाता अवधारणामा आउनुपर्ने प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा कानुनहरू तर्जुमा हुन बाधा पुग्न गयो। कानुनविहीन अवस्थामा कर्मचारी प्रशासन सञ्चालन हुनुपर्ने बाध्यात्मक अवस्थाका कारण कर्मचारीको वृत्ति व्यवस्थापन, सेवा सुविधा र गतिशीलतालाई प्रत्यक्ष असर परी शासकीय तहको कार्यसम्पादन प्रभावकारी हुन सकेन। कर्मचारीको व्यवस्थापन नटुंगिएका कारण उनीहरूमा अनिश्चयको मनोविज्ञान विकास भयो। यस अवस्थामा प्रदेश तथा स्थानीय तहमा खटाइएका कर्मचारी राजनीतिक तथा व्यक्तिगत प्रभाव पारी संघ सरकारमा सरुवा गराउने, काजमा तथा बिदा बस्नेजस्ता कार्य गर्न थाले। परिणामतः सेवास्थल खाली भए। अर्कोतर्फ कानुन नबनेका कारण शक्ति र प्रभावको अभ्यासले जे पनि गर्न सकिन्छ भन्ने भावनाबाट पनि कर्मचारी परिचालित हुन थाले। त्यसको प्रभाव सेवा प्रवाह, नीति तथा कार्यक्रम व्यवस्थापन र वित्तीय प्रणालीमा पर्न गयो। परिणामतः कर्मचारी आलोचित हुन पुगे। तर, संघीयता कार्यान्वयनमा प्रशासकीय तह मात्र दोषी होइन, राजनीतिक पदाधिकारीले राम्ररी कार्यसम्पादन गर्न नसक्दा त्यसको दोष कर्मचारीमाथि लगाइएको छ।

कतिपय तहमा राजनीतिक पदाधिकारीको अभीष्ट पूरा नगरेकोमा पनि कर्मचारी आलोचित छन्। जिम्मेवारी र जोखिम आफूले लिएर राजनीतिक पदाधिकारीको अभीष्ट पूरा गर्न कर्मचारीतन्त्र अघि सरेका छैनन्।

कतिपय पालिकामा संघबाट खटाएका कर्मचारीलाई हाजिर नगराउने, मानसिक तथा भौतिक यातना दिने कार्यमा पनि भएको छ। यसले समग्र कर्मचारी प्रशासनमा भय र सन्त्रासको स्थिति पैदा भयो। कर्मचारीतन्त्र काम नगर्ने संयन्त्र होइन, तर यसलाई त्यही रूपमा उतार्ने भाष्य बनिरहेको छ।

राष्ट्रसेवा गर्ने वृत्तिमा प्रवेश गरेपछि काम नगर्ने अवस्था नै आउँदैन। त्यसरी आरोपित पनि गरिनुहुन्न। तर, उनीहरूलाई काम गराउन, नेतृत्व लिन र अभिभावक बन्न राजनीतिक पदाधिकारी समर्थ भने हुनुपर्छ। जहाँसम्म कर्मचारीबाट जनप्रतिनिधिको मान मर्यादा कायम गरिएन भन्ने सन्दर्भ छ, त्यो पनि दुई पक्षको मनोविज्ञान र अहंको द्वन्द्व मात्र हो। यसको पृष्ठभूमिमा कर्मचारीमा मेरिटको दम्भ र जनप्रतिनिधिमा जनादेशको अहं देखिएको छ। मर्यादा र माया काम र जिम्मेवारीको आधारमा स्वतः प्राप्त हुन्छ। यो माग्ने होइन प्राप्त हुने (नट डिमान्ड बट कमान्ड) विषय हो। कर्मचारीतन्त्रको स्वभाव परम्पराबाट निर्देशित हुने खालको हुन्छ। एकैचोटि परिवर्तनको छलाङ मार्ने खालको हुँदैन। लामो समयसम्म एकात्मक शासनको नियन्त्रण र निर्देशनको प्रवृत्ति र केन्द्रीकृत निजामती सेवामा प्रशासित प्रशासनले एकैचोटि संघीयताको भावनामा लय मिलाउन पनि सकस मानिरहेको छ। कर्मचारीको स्वभाव नै परिवर्तन प्रतिरोधी हुन्छ। उसलाई परिवर्तनमा अनुकूलित हुने गरी तयारी पनि गरिएको थिएन।

जे-जसका कारण भए पनि समस्या आएपछि समाधान गर्नुको विकल्प छैन। समाधान आरोपबाट होइन, जे कारण समस्या छ, त्यसलाई सम्बोधन गरेर नै प्राप्त गर्न सकिन्छ। प्रशासकीय संघीयता कार्यान्वयन गर्ने दायित्व पहिलो राजनीतिको हो, त्यसपछि मात्र कर्मचारीको। तर, केचाहिँ भुल्नुहुन्न भने कर्मचारीका कारण संघीयता असफल भयो भन्ने सन्देश जाने गरी कर्मचारीको व्यवहार हुनुहुन्न। जसका लागि पहिलो त संघीयता कार्यान्वयनका आधारशिलाका रूपमा रहेका प्रमुख प्रशासकीय कानुन र नीति संरचना तत्कालै पूरा गर्नुपर्छ। यसमा संघीय निजामती सेवा ऐन, विद्यालय शिक्षा ऐन, प्रहरी ऐन, सीप शिक्षा ऐन, गुठी ऐन, जग्गा प्राप्ति जस्ता कानुन पर्छन्।

स्थानीय तथा प्रदेश तहको संगठन व्यवस्थापन सर्वेक्षण गरी नयाँ संगठन संरचना पनि लागू गर्नुपर्ने अवस्था छ। जसले कार्य आयतन र कर्मचारीको अनुपात मिलाउन सक्छ। स्थानीय तहका प्रशासकीय प्रमुखलाई प्रशासकीय कामको कार्यकारी भूमिकामा राख्ने, नीति, समन्वय र नेतृत्वको भूमिका कार्यपालिका प्रमुखको हुने गरी जिम्मेवारी र जवाफदेहिता निर्धारण गर्नुपर्छ। कर्मचारीलाई संघीयताको लयमा परिचालन गर्न व्यापक रूपमा अभिमुखीकरण पनि चाहिन्छ। साथै राजनीतिक पदाधिकारी र कर्मचारीको सम्बन्ध र सञ्चारको आचारसंहिता निर्माण गरी अभिमुखीकरण गरिनुपर्छ। ताकि मनोवैज्ञानिक तहमा रहेको अहं कम गर्न सकियोस्।

स्थानीय तहका कर्मचारीको हीनताबोध हटाउन वृत्ति गतिशीलता, प्रोत्साहन र प्रतिस्पर्धा विकासका कार्यक्रम चाहिन्छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वास्तवमै केन्द्रीय कर्मचारी प्रशासन निकायका रूपमा विकास भई कर्मचारी नीति, व्यवस्थापन परीक्षण र तीनै तहको कर्मचारीको साझा नेतृत्वदायी संस्थामा अग्रसर हुनुपर्छ। तहगत सरकारबीच प्रशासकीय सूचना प्रणाली स्वचालित गरिनुपर्छ, ताकि सुधार, सहजीकरण र सुपरीवेक्षणमा तथ्य जानकारी उपयोग गर्न सकियोस्। अन्तर प्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, विषयगत समितिहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय सक्रियता बढाएर समन्वय र सहकार्यको वातावरण बनाउनुपर्छ।

@mainaligopi

३ प्रश्न

स्वास्थ्य सेवा विभागका पूर्वप्रमुख विशेषज्ञ **डा. सुशीलनाथ प्याकुरेल**लाई



● वीर अस्पतालमा पछिल्लो समय देखिएको समस्यालाई कसरी लिनुभएको छ ?

वीरमा जे समस्या देखिएको छ, त्यो समस्या कसले सम्बोधन गर्ने भन्नेबारे स्पष्ट नहुँदा उत्पन्न भएको हो जस्तो लाग्छ। न्याम्सले गर्ने वा वीर अस्पतालकै निर्देशकले सबै नेतृत्व लिने भन्नेबारे स्पष्ट नहुँदा वीरमा बेलाबखत त्रुटि र समस्या आइरहन्छन्। वीरलाई न्याम्सअन्तर्गत राखिएकाले नै न्याम्सका उपकुलपति वा वीरका निर्देशक को बढी जिम्मेवार हुने भन्ने स्पष्ट छैन। तर, बढी जिम्मेवार त न्याम्स नै हुनुपर्ने हो। पछिल्लो समय वीरमा देखिएका समस्या न्याम्सलाई सोध्दा वीरको जिम्मेवारी हो भन्ने र वीरलाई सोध्दा न्याम्सको हो भन्ने गरेको पाइन्छ। खास उत्तरदायित्व कसको हो स्पष्ट पार्नुपर्छ। अर्को, वीर वा न्याम्सको प्रमुखलाई अस्पतालमा सकिएका सामानबारे थाहा नहुन पनि सक्छ। त्यहाँको प्रशासन र लेखाका कर्मचारीले सामान सकिनुपहिले नै जानकारी गराइसक्नुपर्छ। अझ नियमअनुसार त कुनै सामान सकिन लाग्यो भने तीन महिनाअघि नै खरिदको प्रक्रिया अघि बढाउनुपर्छ। मौज्दात सकिएपछि किन्नु लापरबाही हो।

● आगामी दिनमा गल्ती र कमी-कमजोरी दोहोरिन नदिन के गर्नुपर्ला ?

वीरमा अहिले बिरामी टिकट, भर्ना कागजलगायतको अभाव देखिएको विषय नौलो होइन। यहाँ समय-समयमा अनेक समस्या आइपर्छन्। तर, त्यसमा सबैभन्दा बढी गल्ती कसको भन्नेबारे सोच्न जरुरी छ। अस्पतालमा सामान सकिएको निर्देशक र उपकुलपतिलाई थाहा नहुन सक्छ। कुन सामानको अभाव हुँदै छ भन्ने कुरा त स्टोर र खरिद एकाइका कर्मचारीलाई थाहा हुनुपर्छ। उनीहरूले त्यहाँ सामान भए-नभएको पहिले नै जानकारी दिनुपर्छ। तल्लो निकायले माथिल्लो निकायलाई भनेको छ भने माथिल्लोले सम्बोधन गर्नुपर्छ। यस्ता स-साना कुरामा चुक्नु राम्रो हुँदैन।

● अस्पताललाई चाहिने अत्यावश्यक सामग्री मौज्दात नहुनुमा कसको गल्ती होला ?

यसमा स्टोर, खरिद एकाइ, लेखा तथा प्रशासनको कमी-कमजोरी छ। उनीहरूले सकिन लागेका सामान किन्ने योजना समयमै बनाइसक्नुपर्छ। यदि कुनै समस्या भए मौज्दात नसकिँदै समन्वय वा छलफल गर्नुपर्छ। तर, सकिएपछि मात्रै निर्देशकलाई जानकारी गराउनु उनीहरूको गल्ती हो। अर्को कुरा, हाल वीरमा राजनीतिक उपथलपुथल छ। कर्मचारी जिम्मेवार छैनन्।

प्रेरक प्रसंग

दुई गुरु : चोर र कुकुर

एकजना सन्तसँग उनका शिष्य सोध्छन्, 'गुरुवर ! हजुरका चाहिँ गुरु को हुनुहुन्छ ?' सन्त जवाफ दिन्छन्, 'हुन त मेरा धेरै गुरु छन्, तर म तिमीहरूलाई मेरा खास दुई गुरुका बारेमा बताउँछु।' उनले भने, 'मेरो पहिलो गुरु एउटा चोर थियो। एकपटक म एक अन्जान सहरमा रनभुलमा परेर यताउता भौंतारिरहेको थिएँ। सो बखत मलाई एकजना चोरले आफ्नो घरमा शरण दियो। ऊ प्रत्येक रात चोरी गर्न जान्थ्यो। जब ऊ फर्किएर आउँथ्यो, म उसलाई आजचाहिँ के हात पाऱ्यौ त भनेर सोध्थें। यद्यपि उसलाई महिनाभर नै सफलता मिलिरहेको थिएन। तर, हरेकपटक ऊ आज त केही हात पार्न सकिएन, तर म फेरि भोलि पनि प्रयास गर्नेछु। परमेश्वरको कृपा पक्का हुनेछ।' सन्त अगाडि भन्छन्, 'जीवनमा मेरा यी सारा ध्यान, पूजापाठ र साधनापछि पनि भगवान् नमिल्दा यी सबै कुरा छोडिदिऊँ कि भन्ने लाग्दा यही चोरको 'म फेरि भोलि प्रयास गर्नेछु र भगवान्को इच्छाले यो अवश्यक हुनेछ' भन्ने भनाइ स्मरणमा आउँथ्यो।'

सन्तले आफ्नो दोस्रो गुरु एउटा कुकुर भएको बताए। 'त्यो कुकुर निकै तिर्खाएको थियो, तर जसै ऊ नदीमा पानी पिउन जान्थ्यो। पानीमा आफ्नो छाया देख्दा अर्को कुकुर रहेछ भन्ने ठान्थ्यो र तर्सिन्थ्यो अनि भाग्थ्यो। तर, उसको प्यास यति प्रबल थियो कि ऊ अन्ततः आफ्नो सारा डरलाई पन्छाएर नदीमा हाम्फाल्न पुग्यो। जसै ऊ नदीमा हामफाल्यो उसलाई भयभीत बनाउने आफ्नो डरलाग्दो छाया पनि गायब भयो। उसको प्यास पनि मेटियो,' सन्तले भने, 'मलाई त्यो कुकुरबाट आफ्नो प्यासलाई गहन बनाउनुपर्छ र डरका बाबजुद पनि लक्ष्यमा फालहाल्नुपर्छ भन्ने शिक्षा मिल्यो।'

हाम्रो मन र मस्तिष्क खुला हुनुपर्छ, ज्ञान कहींबाट पनि प्राप्त हुन सक्छ। ध्यान रहोस्, लक्ष्यका लागि ज्ञानसँगै काम अर्थात् उक्त ज्ञानको प्रयोग अनिवार्य हुन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकार जनतालाई वास्तविकता बताऊ !

प्रधानमन्त्रीले दुई सयजति नेपाली रुसी सेनामा रहेको बताएका छन्। तर, पत्रपत्रिकामा प्रकाशित समाचारले यो संख्या निकै ठूलो भएको लेखिरहेका छन्। या त मुलुकका प्रधानमन्त्रीलाई नै वास्तविकता थाहा छैन, या त पत्रपत्रिकाहरूले तथ्यपरक समाचार पस्किरहेका छैनन्। अहिलेसम्म रुसको तर्फबाट युक्रेनमा युद्ध लड्न पुगेका करिब १० जनाजति नेपाली मारिएको कुरा आधिकारिक रूपमा पुष्टि भएको देखिन्छ। तर, युद्धमोर्चाबाट भागेर आएका वा युद्धमोर्चामा रहेका नेपाली युवाले पठाएको भनिएका सूचनामा भने त्यहाँ नेपाली युवाहरूको निकै ठूलो संख्यामा हताहती भइसकेको आशंका उब्जाएको छ। सरकारले गम्भीरतापूर्वक अध्ययन गरेर वास्तविक कुरा जनतालाई भनिदिनुपर्छ, गुमराहमा राख्नुहुँदैन।

● गोकुल थामी, दोलखा

महानगरको अनुकरणीय काम

काठमाडौं महानगरपालिकाभित्र सुर्तीजन्य वस्तु बिक्री निषेध गर्ने कार्य सराहनीय छ। महानगरभित्र बिहीवारदेखि सुर्तीजन्य वस्तु बिक्रीका लागि राखेमा पहिलो र दोस्रो दिन जफत गर्ने, तेस्रो दिन पनि फेला परे पसल नै सिल गर्ने भनेको छ। यो निर्णय कार्यान्वयन हुने अपेक्षा गर्छु। जनस्वास्थ्य र वातावरणमा हानि पुऱ्याउने सुर्तीजन्य वस्तुको भण्डारण, बिक्री र प्रयोगमा रोक लगाउने निर्णय निकै राम्रो छ।

● अभय थापा
कालोपुल, काठमाडौं

इःलाई लखेट्नु खेदजनक

ललितपुर महानगरपालिकाले मंगलबजारदेखि लगनखेलसम्मका फुटपाथमा व्यापार गर्न निषेध गरेपछि त्यसको विरोध गर्न पुगेका अभियन्ता इःलाई स्थानीयको नाममा गरिएको दुर्व्यवहार आलोचनायोग्य छ। यसले उनको विरोध गर्न पाउने हकको त हनन भएको छ नै, ललितपुरवासीका नाममा असहिष्णुताको पनि प्रदर्शन भएको छ। इःलाई लखेट्ने होइन, उनका माग सही छैनन् भने किन छैनन् त्यो उजागर गर्ने हो।

● हेमन्त बज्रगाईं
चापागाउँ, ललितपुर

वीरको ओपिडी सेवा प्रभावित भए प्रशासन जिम्मेवार हुनुपर्छ


नेपालको जेठो र विपन्न नागरिकले आफ्नो उपचारका लागि रोज्ने 'वीर अस्पतालमा बिरामी दर्ता टिकट र भर्ना कागजको अभाव : दुई दिनपछि ओपिडी सेवा बन्द हुने अवस्था' शीर्षकको समाचारले मनै कुँढियो। वीर अस्पतालका कर्मचारी एवं व्यवस्थापन कतिसम्म लापरबाह छन् भन्ने कुराको यो एउटा ज्वलन्त उदाहरण हो। दर्ता टिकट र भर्ना कागज नभएर दूरदराजबाट उपचारका लागि आएका मानिसको उपचार नै प्रभावित हुने स्थिति उत्पन्न हुनु वीर प्रशासनको गम्भीर लापरबाही र निकम्मापन हो। प्रशासनले अस्पतालजस्तो संवेदनशील सेवामा अत्यावश्यक चिजहरू पर्याप्त मौज्दात राख्न नसक्नु लज्जा र चरम अयोग्यताको नमुना हो।

मौज्दात टिकटले बढीमा दुई दिन धान्ने र त्यसपछि टिकट अभाव हुने भनिएको छ। तर, न्याम्सका उपकुलपति भूपेन्द्र बस्नेतले टिकटकै कारण उपचार प्रभावित नहुने जवाफ दिएका रहेछन्। तर, बिरामीको रोगका विवरण लेखिने दर्ता टिकट र भर्ना कागजविना बिरामीको उपचार कसरी सम्भव हुन्छ ? उनीहरूको विवरण कसरी राख्ने ? यो वीर प्रशासनको अयोग्यता हो। वीर प्रशासनलाई कसले जवाफदेही बनाउने ? राजनीतिको छत्रछाया र नेताको आडमा वीरलाई निकम्मा बनाउनेहरूले कहिलेसम्म छुट पाइरहने ?

● सुवास खड्का, बालकोट, भक्तपुर

चीनमाथिको प्रतिबन्ध अव्यावहारिक

चीनसँगको व्यापारिक सम्बन्ध कायम राख्दा हुने लाभ भूरणनीतिक लचिलोपनको सैद्धान्तिक लाभभन्दा धेरै छ



देश / विदेश

● ड्यानियल ग्रोस

इजरायल र हमासबीचको युद्ध चर्किँदै जाँदा विश्वको ध्यान युक्रेनबाट गाजातर्फ केन्द्रित भएको छ। तर, युक्रेनलाई उपेक्षा गर्नु ठूलो भूल हुनेछ र यो सबैले बुझेकै कुरो हो। भ्लादिमिर पुटिनको आक्रामक युद्धको दोस्रो वर्षगाँठ नजिकिँदै गर्दा रुसमाथि लगाइएका अभूतपूर्व पश्चिमा प्रतिबन्ध किन प्रभावकारी भएनन् भनेर बुझ्न आवश्यक छ।

विश्लेषकका आकलनविपरीत पश्चिमा प्रतिबन्धका कारण रुसी अर्थतन्त्र ध्वस्त भएको छैन। बरु अर्थतन्त्र सुस्त गतिमा भए पनि बढिरहेको छ। यसका पछाडि रुसी निर्यातको निरन्तर माग रहेको छ, विशेषतः तेल र ग्यासको मामिलामा माग बलियो छ। यदि युरोपले रुसी तेल र ग्यास खरिदमा कटौती गऱ्यो भने पनि रुसले भारत र चीनजस्ता अन्य इच्छुक खरिदकर्ता पाइ नै हाल्छ। व्यापारिक साझेदारको परिवर्तन रुसका लागि ठूलो खर्च हो र यो खर्च मुख्य रूपमा यातायातका कारण हुने गर्छ। तर, तेल, कोइला, सुन, तामा र विभिन्न कच्चापदार्थजस्ता वस्तुको कुल लागतमा हुने वृद्धिदर केही प्रतिशत मात्रै हुन्छ। ढुवानी गर्न गाह्रो हुने भएकाले उल्लेखनीय अपवादका रूपमा प्राकृतिक ग्यासलाई लिन सकिन्छ। युक्रेनमा आक्रमण गर्नुअघि रुस युरोपको सबैभन्दा ठूलो ऊर्जा आपूर्तिकर्ता थियो। रुसले युरोपेली संघको प्राकृतिक ग्यासको ४० प्रतिशतभन्दा बढी हिस्सा ओगट्थ्यो। सन् २०२२ को गर्मीयाममा रुसले पनि प्रतिक्रियात्मक कदम चालेको थियो, अर्थात् उपलब्ध गराउने गरेको ग्यासमा कटौती गर्ने प्रयास गरेको थियो। नतिजा विश्वव्यापी ग्यासको मूल्य छोटो समयका लागि वृद्धि भएको थियो। यसले युरोपेली खरिदकर्तालाई वैकल्पिक आपूर्तिकर्ताबाट तरलीकृत प्राकृतिक ग्यास मगाउन बाध्य बनायो। यसले विशेषतः आर्थिक वृद्धिमा अवरोध निम्त्याउने चिन्ता बढाएको थियो।

तर युरोपेली अर्थतन्त्रमा खासै प्रभाव परेन विशेषतः जर्मनीको हकमा आकलनभन्दा कम प्रभाव पऱ्यो। अथात्, आकलनविपरीत जर्मनीमा कुनै किसिमको मन्दी देखिएन। जर्मन कम्पनीले ग्यास खपतमा २० प्रतिशतको कटौती गरे पनि समग्र औद्योगिक उत्पादन स्थिर रहयो। ऊर्जाप्रधान क्षेत्रमा आएको गिरावटलाई अन्य क्षेत्रमा भएको वृद्धिले सन्तुलित गऱ्यो।

यो लचिलोपन आंशिक रूपमा बढेको ऊर्जा दक्षता र वैकल्पिक इन्धनका कारण सम्भव भएको हो। यसबाहेक प्राकृतिक ग्यासको मूल्य युद्धअगावैको अवस्थामा पुग्यो।

रुसको आफ्नो ग्यास निर्यातलाई युरोपविरुद्ध हतियारका रूपमा प्रयोग गर्ने प्रयासले आफ्नै आम्दानी गुमायो, किनभने रुसले युरोपमा आपूर्ति गर्ने ग्यास सजिलै अन्यत्र बेच्न सक्दैन। चीनमा आपूर्ति गर्न आवश्यक बहुप्रतीक्षित वैकल्पिक पाइपलाइन अझै योजनाकै चरणमा छ र चीनले बारम्बार यसको अन्तिम स्वीकृति स्थगित गर्दै आएको छ।

रुसमाथि पश्चिमा प्रतिबन्धको सीमित सफलता र साथै रुसको प्रति-प्रतिबन्ध अस्वाभाविक होइन। यसअघि पनि कैयौं मुलुकले व्यापारलाई अस्त्रका रूपमा प्रयोग गरेका छन् र मिश्रित नतिजा आएका छन्। उदाहरणका लागि आफूभन्दा निकै सानो अस्ट्रेलियाविरुद्ध 'आर्थिक दबाब' (पश्चिमा देशले अरूले लगाएको प्रतिबन्धलाई वर्णन गर्न प्रयोग गर्ने शब्द)मा चीनको प्रयास बारम्बार असफल भएको छ।

अन्य देशले व्यापारलाई अस्त्रको रूपमा प्रयोग गर्ने भएकाले युरोपले खुला व्यापारका लागि आफ्नो कथित 'सरल' प्रतिबद्धता त्यागुपर्छ भन्ने तर्क खासै प्रभावकारी छैन। रणनीतिक सञ्चितिको स्थापना गरेर युरोपेली देशले अपेक्षाकृत कम लागतमा महत्त्वपूर्ण कच्चापदार्थमा चीनको डरलाग्दो नियन्त्रणलाई कम गर्न सक्छन्। यसबाहेक विश्व बजारले धेरैजसो चिनियाँ



तस्बिर : भिसिजी

उत्पादनका लागि विकल्प उपलब्ध गराउन सक्छ। यदि चीनले युरोपेली संघ वा पश्चिमलाई पूर्ण रूपमा प्रतिबन्ध लगाउने विकल्प अपनाउँछ भने प्रमुख औद्योगिक उत्पादक मुलुकले चीनलाई समर्थन गर्ने सम्भावना छैन। यो विशेषतः सेमीकन्डक्टरका मामिलामा सही ठहरिन्छ, अर्थात् सेमीकन्डक्टरका लागि युरोप गैरचिनियाँ स्रोतमा निर्भर छ। यो अवस्थामा प्रोत्साहनविरोधी अनुसन्धानसहित विभिन्न उपायमार्फत चिनियाँ आयातलाई प्रतिबन्धित गर्ने युरोपेली आयोगको रणनीति शंकास्पद देखिन्छ। सौर्य प्यानल र वायु टर्बाइनजस्ता हरित संक्रमणका लागि आवश्यक उत्पादनमा यो नीति लागू गर्दा अन्योल देखिन्छ।

त्यसैगरी अमेरिकामा चीनसँगको व्यापारिक सम्बन्धमा तर्कसंगत छलफल पनि लगभग असम्भव देखिन्छ। औपचारिक रूपमा राष्ट्रपति जो बाइडेन प्रशासनले केही निश्चित क्षेत्रमा कडा नियम लागू गर्दा व्यापार सम्बन्धको बहुमत हिस्सालाई जोगाउन खोजेको देखिन्छ। राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले यो रणनीतिलाई 'सानो आँगन र अग्लो बार' अर्थात् महत्त्वपूर्ण क्षेत्रमा कडाइ र अन्यबाट लाभको नीतिसँग तुलना गरेका छन्।

तथापि वास्तविकतामा चिनियाँ उत्पादनप्रतिको सदाको शत्रुताले कडाइलाई विस्तार गरेको छ। सुरुमा अमेरिकी नीति मुख्य रूपमा उन्नत सेमीकन्डक्टर र चिप बनाउने उपकरणलक्षित थियो, जुन प्रायः युरोपमा उत्पादन हुने गर्छ। तर, अब कडाइमा ब्याट्री र सम्पूर्ण विद्युतीय-वाहन आपूर्ति शृंखला पनि समावेश छन्।

चीन, युरोप, अमेरिका र अन्य पश्चिमी राष्ट्रबाट हुने आर्थिक दबाबका प्रायः अतिरञ्जित र व्यवस्थित खतराका बाबजुद कथित जोखिम सम्बोधन गर्न महँगो व्यापार अवरोध सिर्जना हुँदै छन्। केही पश्चिमा समर्थकले चिनियाँ आर्थिक दबाबको सीमित प्रभावलाई मान्यता दिएका छन्। र, तिनले ताइवान अतिक्रमणको सम्भावनाका कारण युरोपले चीनसँगको व्यापारमा प्रतिबन्ध लगाउनुपर्ने सुझाव दिन्छन्। यदि यसो हुन्छ भने पश्चिमा मुलुक साकार हुन असम्भव परिदृश्यको लागत व्यहोर्ने जोखिम उठाइरहेका छन्। नीति-निर्माताले अनुमानमा भर पर्नुको सट्टा अनुभव र ठोस आर्थिक तर्कमा आधारित निर्णय गर्नुपर्छ। चीनसँगको व्यापारिक सम्बन्ध कायम राख्दा हुने लाभ भूरणनीतिक लचिलोपनको सैद्धान्तिक लाभभन्दा धेरै छन्।

(ग्रोस बोकोनी विश्वविद्यालयको इन्स्टिट्युट फर युरोपियन पोलिसी-मेकिङका निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतको संसद्भित्र पसेर आतंक मच्चाउने चार पक्राउ



नयाँदिल्ली/ भारतको संसद्मा बुधबार ठूलो सुरक्षा उल्लंघन हुँदा संसदीय कारबाही अवरुद्ध हुन पुग्यो । दुई व्यक्तिले धुवाँ निस्कने क्यानिस्टर बोकेर व्यवस्थापिकाभित्र प्रवेश गरेपछि केहीबेर आतंकको माहोल सिर्जना भयो । सुरक्षाकर्मीले उक्त जोडीलाई पक्राउ गरेको छ भने घटनामा संलग्न भएको आशंकामा अन्य दुई व्यक्ति भवनबाहिरबाट समातिएका छन् ।

प्रहरीका अनुसार संसद्भित्र प्रवेश गरेका दुईमध्ये एकजना ओभरहेड दर्शकदीर्घाबाट संसद्को तल्लो हिस्सामा फाल हानेका थिए । अधिवेशनको आधिकारिक फुटेजमा पनि एक व्यक्तिलाई नाराबाजी गर्दै र स्तब्ध सांसदहरूको बीचको टेबलमा चढ्दै गरेको देखिन्छ । त्यसपछि संसद्भित्र पहेँलो धुवाँ फैलिएको थियो ।

संसद्भित्र धुवाँ लिएर जाने जोडीको मनसाय र उनीहरू सुरक्षा जाँचबाट कसरी बच्न सफल भए भन्नेबारे स्पष्ट भएको छैन । घटनालगतै केही समयको स्थगनपछि संसद् पुनः सुरु भयो ।

सभामुख ओम बिरलाले संसद् अवरुद्ध गर्ने चारजनालाई पक्राउ गरिएको सांसदहरूलाई जानकारी गराएका थिए । त्यस्तै सभामुख बिरलाले संसद्भित्र प्रयोग गरिएको धुवाँ मानव स्वास्थ्यका लागि हानिकारक नभएको सांसदहरूलाई पनि बताए । सांसद हनुमान बेनिवाललेे यसै वर्षको सुरुमा उद्घाटन भएको भारतको नयाँ संसद्को सुरक्षामाथि पछिल्लो घटनाले ' गम्भीर प्रश्न' उठाएको बताए । घटनाको समयमा सदनमा करिब एक सय ५० सांसद थिए बताउदै उनले घटनाको गहन अनुसन्धानको माग गरे ।

नयाँदिल्लीस्थित संसद्को अधिल्लो भवनमा भएको हमलाको २२औँ वार्षिक दिवसमा यस्तो अवरोध भएको हो । २२ वर्षअघिको संसद आक्रमणमा पाँच बन्दुकधारीले कम्तीमा आठ सुरक्षाकर्मी र एक मालीलाई गोली हानी मारेका थिए ।

युट्युबमा भ्यूज बढाउन जहाज दुर्घटना गराउने व्यक्तिलाई ६ महिना जेल



वाशिन्टन डिसी/ युट्युब भिडियोमा भ्यूज बढाउन जहाज दुर्घटना गराउने एक अमेरिकी युट्युबरलाई ६ महिनाको जेल सजाय सुनाइएको छ । ३० वर्षीय डेनियल ज्याकोबले उडिरहेको जहाजबाट प्यारासुटमार्फत हाम फालेर जहाज दुर्घटना हुन छाडिदिएका थिए । अनुभवी पाइलट र स्काइडाइभर ज्याकोबमाथि विमान दुर्घटना गराएको र त्यससम्बन्धी संघीय अनुसन्धानमा अवरोध पुऱ्याउने गरी भग्नावशेष नष्ट गरेको आरोप लगाइएको थियो । फैसलापछि पत्रकारहरूसँग बोल्दै संघीय अभियोजनकर्ताले भने, 'ज्याकोले समाजिक सञ्जालमा भ्यूज बढाएर वित्तीय फाइदा हासिल गर्न विमान दुर्घटना गराएको देखिन्छ । जुनसुकै अवस्थामा पनि यस्तो 'दुस्साहसी कदम स्वीकार्य हुँदैन ।'

ज्याकोबले सन् २०२१ डिसेम्बरमा 'आई क्यास्ड माई एयरप्लेन (मैले मेरो हावाईजहाज दुर्घटना गराएँ') शीर्षकको भिडियो युट्युबमा हालेका थिए । भिडियोमा उनी सानो हवाईजहाजमा लस प्याडुस राष्ट्रिय निकुञ्जमाथि उडिरहेका देखिन्छन् । र, केहीपछि जहाजको इन्जिन बिग्रिएको भनेर प्यारासुट लिएर हामफाल्छन् । उनले पहिले नै प्यारासुट लगाएका देखिन्छन् र हामफालेपछि पनि सेल्फी स्टिकमा जडित क्यामेराले उनलाई खिचिरहन्छ । उनी हामफालिसकेपछि हवाईजहाजको पंखा र पछाडि भागमा राखिएको क्यामेराले बाँकी यात्रा खिच्छ, जसलाई ज्याकोबले पछि खोजेर हात पारेको भिडियोमै देखाइन्छ ।

सरकारी अभियोजनकर्ताले ज्याकोबविरुद्ध हालेको मुद्दाअनुसार उनले एक कम्पनीको सामान प्रवर्द्धन गराउने सम्झौताअन्तर्गत उक्त दुर्घटना गराएका थिए । दुर्घटनापछि उनले सरकारी निकायलाई त्यसबारे जानकारी गराएको र दुर्घटनास्थलबारे बताउने सहमति जनाएका थिए । तर, पछि आफूलाई सो स्थान थाहा नभएको बताएर पन्छिन खोजे । जबकि सन् २०२१ डिसेम्बर १० मा ज्याकोब र उनका एकजना साथी हेलिकोप्टरमा दुर्घटनास्थल पुगेको र त्यहाँबाट भग्नावशेषलाई अन्त लगेको सरकारी अनुसन्धानले पत्ता लगायो । अमेरिकी संघीय उड्ययन प्रशासनले यसअघि नै ज्याकोबको पाइलट लाइसेन्स खारेज गरिसकेको छ ।

इतिहासमा आज

डिसेम्बर १४

सन् १८१२ : नेपोलियन बोनापार्टको नेतृत्वमा रुसमाथि भएको फ्रेन्च आक्रमण आजकै दिन औपचारिक रूपमा टुंगिएको थियो । युद्धमा फ्रान्सले ठूलो क्षति व्यहोर्नुपऱ्यो ।

सन् १९११ : नर्वेजियन अन्वेषक रोआल्ड एमुन्डसेन आजकै दिन दक्षिणी ध्रुव पुग्ने पहिलो व्यक्ति बनेका थिए ।

सन् १९४६ : राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा बनाउने निर्णय भयो ।

सन् १९९४ : विश्वको सबैभन्दा ठूलो जलविद्युत् आयोजना रहेको 'थ्री गोर्जेज बाँध'को निर्माण आजबाटै सुरु भएको थियो, जुन आयोजना नौ वर्षपछि सुचारु भएको थियो ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कावासोती, नवलपरासीको धितोमा रहेको सम्पत्ति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०८/२८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय कावासोती, नवलपरासीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औँ दिन अर्थात मिति २०८० पुष ०५ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कावासोती, नवलपरासीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. **ऋणीको विवरण**

राम बहादुर भुजेलको बुहारी, प्रेम कुमार देवकोटाको छोरी, जनक भुजेलको पत्नी, नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ०५ बस्ने **यम कुमारी देवकोटा भुजेल** (ना.प्र.प.नं. ३६२०१६-५२२३, जारी मिति २०७२/०२/१०, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. पूर्ण बहादुर भुजेलको नाती, राम बहादुर भुजेलको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स.वडा नं. ०६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०५, बस्ने **जनक भुजेल** (ना.प्र.प.नं.३६२०१८-१९३१, जारी मिति २०६७/०२/०९, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

२. पूर्ण बहादुर भुजेलको नाती, राम बहादुर भुजेलको छोरा नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०५, बस्ने **प्रमिश भुजेल** (ना.प्र.प.नं. ३६२०१६/५००२, जारी मिति २०७१/१२/२०, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

३. पूर्ण बहादुर भुजेलको बुहारी, शेर बहादुर भुजेलको छोरी, राम बहादुर भुजेलको पत्नी, नवलपरासी जिल्ला , शिवमन्दिर गा.वि.स. वडा नं.०६, स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०५ बस्ने **सिता देवी भुजेल** (ना.प्र.प.नं.६१३४५, जारी मिति २०४६/०३/१०, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

४. हर्क बहादुर भुजेलको नाती, पूर्ण बहादुर भुजेलको छोरा नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं.०५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ०५, बस्ने **राम बहादुर भुजेल** (ना.प्र.प.नं. २७-२१४५०, जारी मिति २०४५/१२/०१, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राम बहादुर भुजेल**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ६/क१ स्थित कित्ता नं. १४१ को क्षेत्रफल ०-१-१ (वि.क.धु) घर जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण:**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, (वर्दघाट सुस्ता पूर्व) नवलपुरमा मिति २०७७/०६/१८ मा उद्योग दर्ता नं. ८१८/०७७/०७८ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु ब्रदर्श फर्निचर्स** (प्रोप्राईटर दल बहादुर बि.क.को बुहारी, बसन्त गिरीको छोरी, रमेश बि.क.को पत्नी, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ०९ भई हाल नवलपरासी जिल्ला, बिनय त्रिवेनी गाउपालिका वडा नं. ०४ बस्ने **कल्पना गिरी (वि.क)**, ना.प्र.नं. ३६२०१८/२३६८, जारी मिति २०६७/०९/२७, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. दल बहादुर बि.क.को बुहारी, बसन्त गिरीको छोरी, रमेश बि.क.को पत्नी, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ०९ भई हाल नवलपरासी जिल्ला, बिनय त्रिवेनी गाउपालिका वडा नं. ०४ बस्ने **कल्पना गिरी (वि.क.)** (ना.प्र.नं. ३६२०१८/२३६८, जारी मिति २०६७/०९/२७, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

२. दल बहादुर बि.क.को छोरा, कल्पना गिरी (वि.क.)को पति, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ०९ भई हाल नवलपरासी जिल्ला, बिनय त्रिवेनी गाउपालिका वडा नं. ०४ बस्ने **रमेश वि.क** (ना.प्र.नं. ३६२०१८/९३५, जारी मिति २०६५/०५/२४, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

लिलाम हुने सम्पतिको विवरण:

१. **कल्पना गिरी (वि.क.)**को नाममा मालपोत कार्यालय नवलपरासी दर्ता कायम रहेको नवलपरासी जिल्ला, वेनीमणीपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ३४८८, ३४९२, र ३४९३ को क्षेत्रफल क्रमश: ०-०-०.५-०, ०-०-६.७५-०, ०-०-१.२५-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौँ) दिन अर्थात २०८० पुष ०४ गते** भित्र बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कावासोती, नवलपरासीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौँ) दिन अर्थात २०८० पुष ०५ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय कावासोती, नवलपरासीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुष ०५ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय कावासोती, नवलपरासी फोन नं. ०७८-५४०१६५/११६५

Invitation for Bids

Proposal for Implementation Solution for Nepal Financial Reporting Standard (NFRS) 9

Date of Publication: December 14, 2023
Deadline for Submission: December 28, 2023

Citizens Bank International Limited invites sealed Bids for **Implementation Solution for Nepal Financial Reporting Standard (NFRS) 9** as per the terms and conditions outlined below: -

1. Tender Documents can be procured during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Durbar Marg, Kathmandu upon payment of NPR 10,000.00 (Nepalese Rupees Ten Thousand only), at A/c no. 999-01290040101 nonrefundable, latest by 11:00 hours on December 28, 2023.
2. Sealed Tenders should be submitted to Head Office of the Bank latest by 17:00 hours on December 28, 2023. Sealed tenders will be opened on 11:00 hours on December 29, 2023 at Head Office of the Bank at Narayanhiti Path, Durbar Marg, Kathmandu in presence of respective bidders (s) or in presence of its authorized representative. However, non-presence of the bidder(s) or its representative will not affect or change the pre-scheduled bid opening date for opening of the Bids. Qualification document (Eligibility proposal) will be evaluated first and date, time and place for opening of the another sealed Bids (Technical Proposals and Financial Proposals) of qualified bidder will be notified and will be opened in the presence of qualified bidders/authorized representatives who choose to attend. The bid documents of technical/financial offer of the unqualified bidder shall be returned to the respective bidders in sealed (unopened) condition.
3. If the last date of purchasing, submission and opening falls on a public holiday, immediate next working day shall be considered the last day for respective jobs.
4. Documents received after the deadline of the submission will not be considered for further evaluation.
5. The bidders meeting the following conditions will only qualify to participate in the bid: -
   i) The bidder must be in existence for a minimum period of last 3 (three) years;
   ii) The bidder must submit Company Registration Certificate and latest updated proof of the respective country and PAN/ VAT certificate or any other document as applicable;
   iii) The bidder/ implementation partner/ consultant and software solution offered should have been/ have designed, developed, implemented and maintained the similar solution before in at least 5 Bank and Financial Institutions whether in South East Asia, Middle East or other countries with added advantage to vendor's specialization in IFRS advisory and solutions. (Experience letter to be submitted.)
   iv) The bidder must be financially sound and latest financial statement should be in profit. The bidder must submit latest audited financial statement.
   v) The bidder (if foreign bidder) should have local firm/ company of Nepal appointed as the supporting partner in its implementation team and provide proof of document.
6. Bids must be accompanied by bid security of 5% of the bid amount either in the form of earnest money (refundable) deposited in cash at the Head Office of the Bank or in the form of bank guarantee (Bid Bond) issued in favor of the Bank having validity of 90 days from the last date of bid submission.
7. All other information are mentioned in the bid documents.
8. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti Path, Kathmandu, Nepal
Telephone : +977-01-4527842, 4527843
Fax 977-01-4427077, Email: gsd@ctznbank.com

www.ctznbank.com

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति २०८०/०८/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८०/०८/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित **गैह्र बैंकिङ्ग सम्पत्ति** जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०८/११ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम तोकिएको समायावधिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रहरुलाई यथावत राखि पुनः दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलबन्दी बोलपत्रमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै यस सूचना प्रकाशित भएको ७ दिन भित्र तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन पुनः आव्हान गरिन्छ ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल (रोपनि)
१	लमजुङ	बेशीशहर	२	२१४२	०-०-३-२
२	लमजुङ	बेशीशहर	२	२१४८	०-०-२-०
३	लमजुङ	बेशीशहर	२	२१५४	०-१-०-२
४	लमजुङ	बेशीशहर	२	३१८७	०-०-२-१
५	लमजुङ	भोटेओडार	८	२०२६	०-१-१-०
६	लमजुङ	भोटेओडार	८	२०२८	०-१-०-०
७	लमजुङ	भोटेओडार	८	२५२०	०-८-३-३

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको प्रधान कार्यालय, विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौँबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अर्थात मिति २०८०/०९/०४ गते १६:०० बजेभित्र यस बैंकको प्रधान कार्यालय, विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौँमा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८०/०९/०५ गते १६:०० बजे यस बैंकको प्रधान कार्यालय, विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौँमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातालेे बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदातालेे धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको प्रधान कार्यालय, विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौँमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाण्डौं
फोन नं. ०१-४४४२९१९/२१, ४४१५७६२
Website: www.siddharthabank.com

Local Government

Indrawati Rural Municipality

Office of the Rural Municipal Executive

Nawalpur, Sindhupalchok

Bagmati Province, Nepal

INTENTION TO AWARD

(First Date of Publication : 2080/08/28)

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and 'Prabhab National Daily dated 2080/07/24 .

S. N.	Contract No.	Name of Work	Name and Address of Bidder	Bid Price (including VAT)
1	IRMSI/G/NCB/ 080/081-03	Procurement of Medicine and surgical equipment.	M/S Helping Multipurpose P. Ltd., Maitidevi Kathmandu	NRs. 4,48,407.60

Chief Administrative Officer

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २८ मंसिर ०८०

१० कित्ते नीति हटाएर पुँजीबजारमा सर्वसाधारण लगानीकर्तालाई निषेध गर्न खोजिँदै

विज्ञ भन्छन्, 'छरिएको पुँजीलाई एकीकृत गर्ने १० कित्ते नीतिबाट पछि हट्नु भनेको सर्वसाधारणलाई पुँजीबजारमा प्रवेश निषेध गरेर 'प्रतिगमन' गर्नु हो'

भोजराज भण्डारी, कृष्ण रिजाल/नयाँ पत्रिका


नेपाल धितोपत्र बोर्डले पुँजीबजारमा साना लगानीकर्ताको पहुँचलाई निषेध गर्ने तयारी गरेको छ। बोर्डले प्राथमिक सेयरको सार्वजनिक निष्कासन (आइपिओ)मा १० कित्ते नीति हटाएर पुँजीबजारमा आमसर्वसाधारणको पहुँचमाथि अंकुश लगाउन खोजेको हो।

बोर्ड सञ्चालक समितिको गत शुक्रबारको बैठकले १० कित्ते नीतिलाई पुरावलोकन गर्न चार सदस्यीय अध्ययन समिति गठन गरेको छ। अध्ययन गर्ने भनिए पनि १० कित्ते नीति हटाउने नियतका साथ पुनरावलोकन समिति गठन गरिएको जानकारहरू बताउँछन्। त्यसो त बोर्डका अध्यक्ष रमेशकुमार हमालले कार्यभार सम्हालेदेखि नै १० कित्ते नीति हटाउनुपर्ने सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन्। जोखिम मोल्न सक्ने लगानीकर्ता मात्र पुँजीबजारमा लगानी गर्ने हुँदा बजार 'फियर' हुने उनको जिकिर छ।

धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिकाअनुसार अहिले सर्वसाधारणले कुनै पनि कम्पनीको आइपिओमा न्यूनतम १० कित्ता सेयरका लागि आवेदन दिन सक्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार पछिल्ला समय विद्यार्थी, गृहिणी, कृषक, मजदुरलगायत आमसर्वसाधारणले समेत आइपिओ भर्दै आएका छन्। तर, निश्चित समूहको स्वार्थ र दबाबमा हमालले उक्त व्यवस्था परिवर्तन गरी न्यूनतम ५० कित्ते नीति अख्तियार गर्न लागेको बोर्डकै अधिकारीहरू बताउँछन्।

छरिएका सासाना पुँजीलाई एकीकृत गर्ने, बढीभन्दा बढी जनताको हातमा सेयर पुऱ्याउने, आमसर्वसाधारणमा पुँजीबजारप्रति चासो र अकर्षण बढाउने तथा वित्तीय प्रणालीमा स्रोत विकास गराउने '१० कित्ते' नीतिबाट फिर्ता हुनु 'प्रतिगमन' हुने योजना आयोगका एक पूर्वअध्यक्षले बताए। 'सकेसम्म धेरै मानिसको हातमा सेयर जानु राम्रो हो नि, अहिले आवेदन पनि लाखौंले गरिरहेका छन् यस्तो अवस्थामा १० कित्ते नीतिबाट किन फर्कने ?' प्रश्न गर्दै उनले भने, 'आवेदन संख्या न्यून नभएको, क्रयशक्ति ह्वात्तै नबढेको, आइपिओमा घाटा हुने सम्भावना पनि कम भएको अवस्थामा १० कित्ते नीति हटाउन खोज्नुलाई पुँजीबजारमा साना लगानीकर्तालाई निषेध गर्ने नियतको रूपमा बुझ्नुपर्छ।'

आमजनतालाई लगानीको अवसरबाट वञ्चित गराउन खोज्नु प्रतिगामी हुने त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारी बताउँछन्। 'पुँजीबजारको दायरा बढाउँदै जानुपर्छ, धेरैभन्दा धेरैलाई यसमा जोड्नुपर्छ,' उनले भने, '१० कित्ते नीति हटाउनु भनेको साना लगानीकर्तालाई निरुत्साहित गर्नु हो, निषेध गर्नु हो।' नियमन तथा व्यवस्थापनमा आफ्नो क्षमता बढाउनुको सट्टा संख्यालाई दोष देखाएर निषेधको नीति लिनु प्रतिगामी हुने उनको भनाइ छ।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बोर्ड प्रवक्ता मुक्ति श्रेष्ठले १० कित्ते नीति हटाउने वा राख्नुपर्ने भन्ने विषयमा अध्ययनपछि मात्र गर्न सकिने बताए। उनले भने, '१० कित्ते नीति अहिलेको अवस्थामा ठीक छ कि छैन भनेर अध्ययनपछि देखिने रिपोर्टले के संकेत गर्छ, हटाउनुपर्ने देखियो भने हटाउने हो।'

चालू आर्थिक वर्षको बजेटको बुँदा ४१० मा 'पुँजीबजारको सेवा बहुसंख्यक जनतासम्म पुऱ्याउने गरी आवश्यक नीतिगत सुधार गरिने' उल्लेख छ। सरकारको नीति तथा कार्यक्रममा 'पुँजीबजारको विकास र विस्तारका लागि संरचनागत सुधार गरिने' उल्लेख छ। बोर्डले धितोपत्र दलाल (ब्रोकर)को नयाँ लाइसेन्स बोर्डको छ भने उनीहरूको शाखा विस्तारलाई प्रोत्साहित गरेको छ।

बोर्डले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा 'पुँजीबजारमा लगानीकर्ताको संख्यामा वृद्धि तथा प्रतिस्पर्धात्मक वातावरण विकास गर्ने,' उल्लेख छ। यसैअन्तर्गत गैरआवसीय नेपाली (एनआरएन)हरूलाई समेत पुँजीबजारमा सहज पहुँच दिन नियम-कानुन संशोधन गरिने उल्लेख छ। तर, सरकारको नीति कार्यक्रम र बजेटको घोषणा र आफ्नै नीति तथा कार्यक्रमविपरीत बोर्डले पुँजीबजारको बढ्दो घेरालाई साँघुरो बनाउन लागेको साना लगानीकर्ता तथा विज्ञहरू नै बताउँछन्।

■ किन ल्याइयो, किन हटाउन खोजिँदै छ ?

आमसर्वसाधारण तथा साना लगानीकर्तालाई धितोपत्र बजारमा प्रवेश गराउनकै लागि करिब पाँच वर्षअघि ०७५ मा १० कित्ते नीति ल्याइएको थियो। बोर्डका तत्कालीन अध्यक्ष डा. रेवतबहादुर कार्कीले ५० कित्ताको नीतिलाई परिवर्तन गरी सर्वसाधारणले कम्तीमा १० कित्ता सेयर आवेदन दिन पाउने व्यवस्था गरेका थिए। १० कित्ते नीतिले पुँजीबजार विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेकाले यसलाई तत्काल हटाउन नहुने बोर्डका पूर्वअध्यक्ष कार्कीको भनाइ छ। 'पुँजीबजार सामान्य जीविकोपार्जन गरेर खाने व्यक्तिको पहुँचमा बल्ल पुग्दै गरेको अवस्थामा १० कित्ते नीतिलाई हटाउनु साना लगानीकर्तामाथिको अन्याय हो,' उनले भने, 'ठूला लगानीकर्ताका लागि बुकबिल्डिङ, प्रियियममा आवेदन दिन सक्ने ठाउँ छन्, साना लगानीकर्ताका लागि १० कित्ते नीति यथावत् राख्नु उपयुक्त हुन्छ।'

साना लगानीकर्ताले सेयर बजारमा समस्या ल्याएको भन्ने तर्क बिलकुलै गलत भएको प्रा.डा. अधिकारी पनि बताउँछन्। 'नबुझेर हो वा स्वार्थ हो हामीलाई थाहा भएन, तर छरिएर रहेको पुँजीलाई एकीकृत गर्ने नीतिबाट पछि हट्नु भनेको बिलकुलै गलत हो,' उनले भने, 'लगानीका क्षेत्रमा सकेसम्म धेरै जनतालाई जोड्नुपर्छ, लगानीका लागि प्रोत्साहित गर्नुपर्छ।'

■ २६ लाखसम्मले भर्छन् आइपिओ

पछिल्लो समय १० कित्ते नीतिले पुँजीबजार विस्तारका लागि ठूलो भूमिका खेलेको छ। सार्वजनिक सेयर निष्कासन आइपिओमा आवेदन दिनेको संख्या कुनै वेला २६ लाखसम्म पुगेको नेपाल क्लियरिङ लिमिटेड (सिडिएसी)ले जनाएको छ। सिडिएसीका अनुसार पछिल्लो समयमा औसतमा ११ देखि १५ लाखको हाराहारीमा प्राथमिक सेयरमा आवेदन दिँदै आएका छन्। त्यस्तै, डिम्याट खाता खोल्नेको संख्या ६० लाख २६ हजार पुगेको छ भने मेरो सेयरको खाता खोल्नेको संख्या ३५ लाख ६३ हजार पुगेको छ।

नेपाल पुँजीबजार संघकी अध्यक्ष राधा पोखरेलले ससाना पुँजीलाई एकीकृत गरेर प्रणालीमा ल्याउने तथा सामान्य नागरिकले समेत एक हजारको लगानी गरेर केही प्रतिशत आम्दानी गर्ने माध्यम बनेको १० कित्ता सेयर नीतिलाई कुनै पनि हालतमा हटाउन नहुने बताइन्। 'घरकी गृहणीले कुखुराको चल्ला बेचेको पैसा छोराछोरीले खोलिदिएको डिम्याट खाताबाट १० कित्ता सेयर भरेर एक हजार लगानी गर्न नपाउने पनि हुन्छ र ?' प्रश्न गर्दै उनले भनिन्।

साना लगानीकर्तामाथि अन्याय गर्नुहुँदैन

● **डा. रेवतबहादुर कार्की**
पूर्वअध्यक्ष, नेपाल धितोपत्र बोर्ड



आमसर्वसाधारण तथा साना लगानीकर्तालाई धितोपत्र बजारमा प्रवेश गराउनकै लागि ५० कित्तालाई परिमार्जन गरेर १० कित्ते नीति ल्याइएको थियो। १० कित्ते नीतिले पुँजीबजार विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेकाले यसलाई तत्काल हटाउनु हुँदैन। पुँजीबजार सामान्य जीविकोपार्जन गरेर खाने व्यक्तिको पहुँचमा बल्ल पुग्दै गरेको अवस्थामा छ, यस्तो अवस्थामा १० कित्ते नीतिलाई हटाउनु साना लगानीकर्तामाथिको अन्याय हो। साना लगानीकर्तालेे बजार बिगारे भन्नु बेतुकको कुरा हो।

पुँजीबजारमा निषेधको नीति प्रतिगमन हो

● **प्रा.डा. शिवराज अधिकारी**
प्रमुख, अर्थशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय



पुँजीबजारको दायरा बढाउँदै जानुपर्छ, धेरैभन्दा धेरैलाई यसमा जोड्नुपर्छ। १० कित्ते नीति हटाउनु भनेको साना लगानीकर्तालाई निरुत्साहित गर्नु हो, निषेध गर्नु हो। नियमन तथा व्यवस्थापनमा आफ्नो क्षमता बढाउनुको सट्टा संख्यालाई दोष देखाएर निषेधको नीति लिनु प्रतिगामी हो। नबुझेर हो वा स्वार्थ हो हामीलाई थाहा भएन, तर छरिएर रहेको पुँजीलाई एकीकृत गर्ने नीतिबाट पछि हट्नु भनेको बिलकुलै गलत हो। लगानीका क्षेत्रमा सकेसम्म धेरै जनतालाई जोड्नुपर्छ, लगानीका लागि प्रोत्साहित गर्नुपर्छ।

अध्ययन रिपोर्टले संकेत गरे हटाउने हो

● **मुक्ति श्रेष्ठ**
प्रवक्ता, नेपाल धितोपत्र बोर्ड



यस विषयमा अध्ययन गर्न समिति गठन गरिएको छ। १० कित्ते नीति हटाउने वा राख्नुपर्ने भन्ने विषयमा अध्ययनपछि मात्र निर्णय गर्न सकिन्छ। १० कित्ते नीति अहिलेको अवस्थामा ठीक छ कि छैन भनेर अध्ययनपछि देखिने रिपोर्टले के संकेत गर्छ, हटाउनुपर्ने देखियो भने हटाउने हो।'

प्रभु बैंक लिमिटेड मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(मिति २०८०/०८/२८ गते बिहिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेबास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि विभिन्न मितिहरुमा कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनीक सूचना तथा धितो लिलामीको सार्वजीकन सूचनाहर प्रकाशित गरिदै आएको र पछिल्लो पटक मिति २०८०/०३/१२ गते मंगलबार, आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/०९/१३ गते शुक्रबारको दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

१.	**ऋणी:** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन २०२१ बमोजिम मिति २०५१/०६/०३ मा प्रा.लि.दर्ता नं. २४९८/०५१/०५२ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, भरतपुर चितवनबाट मिति २०५१/११/०१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०००१०९०९ को प्रमाणपत्र प्राप्त **डालिमा केटरर्स एण्ड रिसोटर्स प्रा.लि. । ठेगाना :** दारेचोक गा.वि.स. वडानं. ३, चितवन (हाल इच्छामनकामना गा.पा.वडा नं. ४)।	
	सञ्चालक तथा जमानतकर्ता : कृष्ण बहादुर कुँवर (ना.प्र.न.२७ १५६४४/३२२३ जारी मिति २०४२/०१/०५ प्रतिलिपी जारी मिति २०६६/१२/१८, जारी गर्ने कार्यालय जि.प्र.का.काठमाण्डौ)। ठेगाना : का.म.न.पा.वडा नं. २ काठमाण्डौ। बाबु : धन बहादुर कुँवर। बाजे : विर बहादुर कुँवर।	**सञ्चालक तथा जमानतकर्ता : शारदा कुँवर** (ना.प्र.न. ५५११ जारी मिति २०४१/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का.काठमाण्डौ)। ठेगाना : का.म.न.पा.वडा नं. २, काठमाण्डौ। बाबु : राम बहादुर गिरी। ससुरा/पति : धन बहादुर कुँवर/कृष्ण बहादुर कुँवर।
	सञ्चालक तथा जमानतकर्ता : दिपेश कुँवर (ना.प्र.नं. १०३६८ मिति २०६१/११/२७ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ)। ठेगाना : का.म.न.पा.वडा नं.२, काठमाण्डौ। बाबु : कृष्ण बहादुर कुँवर। बाजे : धन बहादुर कुँवर।	**सञ्चालक तथा जमानतकर्ता : दिपा कुँवर** (ना.प्र.न. ५१५७ जारी मिति २०५७/०७/२५ जारी गर्ने कार्यालय जि.प्र.का.काठमाण्डौ)। ठेगाना : का.म.न.पा.वडा नं.२, काठमाण्डौ। बाबु : कृष्ण बहादुर कुँवर। बाजे : धन बहादुर कुँवर।
२.	**ऋणी:** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०३/२० मा दर्ता नं. ५४३४९/०६४/०६५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, ललितपुरबाट मिति २०६५/०६/०१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२९८०५१४ को प्रमाणपत्र प्राप्त **टप नच प्रोपर्टिज प्रा.लि. । ठेगाना :** ल.पु.म.न.पा. वडा नं. १५ ललितपुर।	**सञ्चालक तथा जमानतकर्ता : कृष्ण बहादुर कुँवर** (ना.प्र.न.२७ १५६४४/३२२३ जारी मिति २०४२/०१/०५ प्रतिलिपी जारी मिति २०६६/१२/१८, जारी गर्ने कार्यालय जि.प्र.का.काठमाण्डौ)। ठेगाना : का.म.न.पा.वडा नं. २ काठमाण्डौ। बाबु : धन बहादुर कुँवर। बाजे : विर बहादुर कुँवर।
	सञ्चालक तथा जमानतकर्ता : शारदा कुँवर (ना.प्र.न. ५५११ जारी मिति २०४१/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का.काठमाण्डौ)। ठेगाना : का.म.न.पा.वडा नं. २, काठमाण्डौ। बाबु : राम बहादुर गिरी। ससुरा/पति : धन बहादुर कुँवर/कृष्ण बहादुर कुँवर।	**सञ्चालक तथा जमानतकर्ता : दिपेश कुँवर** (ना.प्र.नं. १०३६८ मिति २०६१/११/२७ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ)। ठेगाना : का.म.न.पा.वडा नं.२, काठमाण्डौ। बाबु : कृष्ण बहादुर कुँवर। बाजे : धन बहादुर कुँवर।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. डालिमा केटरर्स एण्ड रिसोटर्स प्रा.लि. नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम चितवन जिल्ला दारेचोक वडा नं. ३ नक्सा सिट नं. ३ड कि.नं. ६० , ११४, ११८, ११६, १७२, १७४, १७३, १७५ , १८७ र १८६ क्षेत्रफल क्रमश : ०-४-८१/२-०, ०-२-१६-०, ०-४-३१/२-०, ०-३-०-०, ०-०-०१/२-०, ०-०-११/२-०, ०-०-४१/२-०, ०-१-८-०, ०-०-१३-० र ०-१-०-० को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

२. ऋणी टप नच प्रोपर्टिज प्रा.लि.को नाममा मालपोत कार्यालय ललितपुर दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सुनाकोठी वडा नं. ९ नक्सा सिट नं. ९क स्थित कि.न. क्रमश : ३९२, ३९१, ४०५, ११२४, ११३३, ४०४ र १०७४ क्षेत्रफल क्रमश : १-१-०-०, ०-८-०-०, १-७-३-०, १-९-२-०, १-५-३-०, १-७-३-० र १-१०-१-० को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१

३. ऋणी **डालिमा केटरर्स एण्ड रिसोटर्स प्रा.लि. र टप नच प्रोपर्टिज प्रा.लि.** को मौज्दात तथा चालु सम्पति उपर हाइपोथिकेशन समेत सम्पुर्ण १

पुनश्च:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय,बबरमहल, काठमाण्डौ** बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

पहिलो महिला उद्यमी हरित औद्योगिक पार्क बन्दै

काभ्रेमा **इन्द्रबहादुर थापा**

काभ्रे जिल्लाको पाँचखालमा नेपालकै पहिलो र दक्षिण एसियाकै दोस्रो महिला उद्यमी हरित औद्योगिक पार्कको शिलान्यास भएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, पाँचखाल नगरपालिका र दक्षिण एसियाली महिला विकास मञ्चबीचको सहकार्यमा पार्क निर्माण हुन लागेको हो। बुधबार एक प्रधानन्त्री पुष्पकमल दाहाल र अर्थमन्त्री रामशरण महतले संयुक्त रूपमा पार्कको शिलान्यास गरेका हुन्।

मन्त्रिपरिषद्ले २४ जेठ ०८० मा निर्णय गरेको पार्क निर्माणका लागि पाँचखाल नगरपालिकाकासँग सय रोपनी जग्गा २५ वर्षका लागि भाडामा लिने सम्झौता भइसकेको छ। महिला औद्योगिक ग्रामलाई कृषि पर्यटन औद्योगिक पार्कका रूपमा समेत प्रवर्द्धन गरिनेछ। पार्कमा इको टुरिजममा केन्द्रित सेवा क्षेत्रसहित



कृषि खाद्य क्षेत्रसँग सम्बन्धित ५० साना उद्योगसमेत स्थापना गरिनेछ। हालसम्म हरित औद्योगिक पार्कको गुरुयोजना, विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यांकनको काम पूरा भएको छ। त्यस्तै, विभिन्न जातीय संस्कृति र शिल्पको प्रत्यक्ष सीप प्रदर्शन तथा प्रत्यक्ष स्थानीय परम्परागत खाना प्रदर्शन हुनेछ।

उत्पादन क्षेत्रअन्तर्गत स्थानीय कच्चा पदार्थ र कृषि खाद्य क्षेत्रसँग सम्बन्धित ५० साना उद्योगहरूको स्थापनाले राष्ट्रिय अर्थतन्त्रको विकास र रोजगारी सिर्जनामा योगदान पुग्ने अपेक्षा गरिएको छ।

नेपालमा यस किसिमको पहिलो नमुना पार्कको निर्माणपश्चात् यसलाई सबैभन्दा सुन्दर र सफा औद्योगिक ग्राम बनाउने सरकारको लक्ष्य रहेको प्रधानमन्त्री दाहालले बताए। धुलो, ध्वनि प्रदूषणमुक्त औद्योगिक ग्राममा फोहोरको सफल व्यवस्थापन हुने तथा वर्षाको पानी संकलनलाई एकीकृत गरिनेछ। यसैगरी, नवीकरणीय ऊर्जाको प्रयोग गरी शून्य कार्बन निर्माणका साथै स्थानीय रूपमा उपलब्ध सामग्रीबाटै निर्माण कार्य गरिनेछ। युवा जनशक्ति अध्ययन वा रोजगारीका नाममा विदेश जाने क्रम बढेकाले त्यसलाई रोक्न पनि यस्ता पार्कको आवश्यकता रहेको उनले बताए।

उक्त अवसरमा अर्थमन्त्री डा. प्रकाशशरण महतले सरकारले महिला उद्यमशीलतालाई प्राथमिकतामा राखेको बताए। मञ्चकी अध्यक्ष प्रमिला आचार्य रिजालले आजको दिन 'महिला उद्यमीको दिन' को रूपमा लिनुपर्ने बताइन्। सरकारले पहिलो महिला उद्यमी हरित औद्योगिक पार्क निर्माणमा सहकार्य गरेको भन्दै उनले महिला उद्यमशीलता विकासले समग्र देश विकासमा योगदान गर्ने बताइन्।

अर्थतन्त्र सुधार हुँदै गएको अर्थमन्त्रीको दाबी

सेयर बजार र घरजग्गाको कारोबार बढेको तथ्य देखाउँदै अर्थतन्त्र सुधार भएको अर्थमन्त्रीको दाबी

पवन तिमिल्सिना/नयाँ पत्रिका

अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रमा सुधार आउन थालेको दाबी गरेका छन्। उनले बुधबार पत्रकार सम्मेलनमार्फत मुलुकको अर्थतन्त्रले सही बाटो समाएको बताउँदै थप आर्थिक सुधारका साथ आगामी बजेट तर्जुमाको गृहकार्य सुरु भइसकेको उल्लेख गरे।

राष्ट्र बैंकले गत शुक्रबार मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत मौद्रिक व्यवस्थापनमा खुकुलो नीति लिएको छ। जसका कारण सेयर बजारमा देखिएको वृद्धि र निजी क्षेत्रको सकारात्मक टिप्पणीलाई आधार मान्दै उनले यस्तो दाबी गरेका हुन्। उनले भने, 'सबै सुधारका प्रयासले नतिजा दिन केही समय लाग्छ। मिडिया जगत्बाट समेत अर्थतन्त्रमा देखिएका सकारात्मक संकेतको यथार्थ सूचना प्रवाहमा मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु। यसले अर्थतन्त्रमा थप आत्मविश्वास कायम गर्नेछ।'

अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच निरन्तर छलफल र समन्वयबाट मौद्रिक नीतिलाई क्रमशः खुकुलो बनाउँदै लगिएको अर्थमन्त्री महतको भनाइ छ। उनले भने, 'हालै भएको मौद्रिक नीतिको चौमासिक समीक्षाबाट महत्त्वपूर्ण परिवर्तन भएको छ।'

उनले प्रधानमन्त्रीको उपस्थितिमा आफूले निजी क्षेत्र, अर्थविद् र सरोकारवालासँग पटक-पटक अन्तर्क्रिया गरी प्राप्त सुझावका आधारमा आर्थिक सुधारका विषयलाई अगाडि बढाइएको बताए। स्रोतको उपलब्धताका आधारमा बहुवर्षीय ठेक्कामा सहमति दिने गरी नयाँ मापदण्ड जारी गरिएको उल्लेख गर्दै उनले चालू आर्थिक वर्षको विनियोजनको चार गुणासम्म मात्र सहमति दिन सकिने व्यवस्था गरिएको बताए। उनले बजेटमार्फत गरिएका नीतिगत परिवर्तन र राजस्व चुहावट नियन्त्रण गरिएका प्रयासले परिणाम देखिन थालेको बताए। उनले भने, 'कर प्रणालीमा सुधारका लागि उच्चस्तरीय समिति गठन भई समितिले काम गरिरहेको छ।'

आगामी कार्यदिशा

सरकारले सुरु गरेका आर्थिक र बजेट प्रणाली सुधारका कार्यक्रमलाई अझ विस्तार गरिने उनले बताए। सरकारको खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीमा विद्यमान अवरोध फुकाउने, मुलुकको पश्चिम क्षेत्रमा आएको भूकम्पबाट प्रभावितहरूलाई तत्काल राहत र अस्थायी आवासको व्यवस्था गर्ने, ध्वस्त संरचनाको छिटो पुनर्संरचना गर्ने र युवाहरूलाई स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गर्दै अपेक्षित आर्थिक वृद्धिदर हासिल गर्न जोड दिने उनले बताए। उनले आगामी वैशाख ९ र १० गते सरकारले लगानी सम्मेलनको घोषणा गरिएअनुरूप सम्मेलनअघि नै लगानीसँग सम्बन्धित कतिपय नीतिगत र कानुनी सुधार अगाडि बढाइने बताए। उनले भने, 'लगानी सम्मेलनमा तुलनात्मक लाभका र आयात प्रतिस्थापन गर्न सकिने क्षेत्रमा सम्भावित लगानीकर्ताको उपस्थितिमा सार्थक लगानी सम्मेलन गर्न सरकार लागिपरेको छ।'

■ सुधारको जस लिने प्रयास

बुधबार पत्रकार सम्मेलनमा आर्थिक सुधारको सूचक प्रस्तुत गरिरहँदा उनले यसको जससमेत लिन खोजेका छन्। उनले भने, 'मैले अर्थमन्त्रीको कार्यभार सम्हाल्दा अर्थतन्त्रका अधिकांश परिसूचक अनुकूल अवस्थामा थिएनन्। कोभिडको समयमा लिइएको खुकुलो मौद्रिक तथा वित्त नीतिका कारण घरजग्गा, सेयर र वस्तु आयाततर्फ उच्च कर्जा प्रवाह भएकोमा विदेशी विनियम सञ्चितिमा परेको चापलाई समाधान गर्न भनी लिइएको नियन्त्रणकारी मौद्रिक नीतिले गर्दा कर्जा प्रवाह विस्तार हुन नसकेको अवस्था थियो।'

सुधारका प्रयासले आर्थिक क्रियाकलाप क्रमशः चलायमान हुन थालेको अर्थमन्त्री महतको भनाइ छ। उनले सूचक प्रस्तुत गर्दै भने, 'यस अवधिमा पुँजीगत खर्चतर्फ करिब ६ प्रतिशत वृद्धिदर रहेको छ। त्यसैगरी, भन्सार महसुलतर्फ करिब १३ प्रतिशत, मूल्य अभिवृद्धि करतर्फ करिब ७.१९ प्रतिशत, आयकरतर्फ करिब १२ प्रतिशत र समग्र कर राजस्वतर्फ ७.५७ प्रतिशत वृद्धिदर कायम रहेको छ।'

ब्याजदर करिडोरका सबै दर घटाएपछि बैंकको ब्याजदर क्रमशः घट्दै गएको र अन्तरबैंक ब्याजदर २.५ प्रतिशतको हाराहारीमा रहेको उनको भनाइ छ। ०७९ चैतमा वाणिज्य बैंकहरूको औसत आधारदर १०.४८ प्रतिशत रहेको ०८० असोज मसान्तमा ९.९४ प्रतिशत पुगेको बताए। उनले भने, '०८० चैतसम्म समस्यामा परेका ऋणीहरूलाई कर्जाको पुनर्संरचना गर्ने अवधि दिइएको छ। साथै, हाल घट्दो ब्याजदरका कारण बैंकको ऋण तिर्न नसकेका व्यवसायीलाई राहत दिनेछ।'

मेटलाइफले क्यान्सर सर्भाइभर्सलाई सहयोग गर्ने

नयाँ पत्रिका



मेटलाइफले क्यान्सरबाट बच्ने र उपचारपछिको चुनौतीपूर्ण यात्रालाई सम्हाल्दै आएका व्यक्तिलाई सहयोग गर्ने भएको छ। कम्पनीले सहयोग प्रदान गर्ने सम्बन्धमा नेपाल क्यान्सर सर्भाइभर्स सोसाइटीसँग साझेदारी गरेको हो।

यो सहकार्यले चेतनामूलक कार्यक्रमदेखि लिएर परामर्श सहयोगको सुविधा र जीविकाको विकासलाई प्रवर्द्धन गर्दै लगभग दुई हजार पाँच सयजना सर्भाइभर्सको दिगो जीविकाका लागि मद्दत गर्ने कम्पनीको भनाइ छ। साझेदारी नेपाल क्यान्सर सर्भाइभर्स सोसाइटीलाई सात लाख रुपैयाँभन्दा बढी आर्थिक सहयोगमार्फत हुने उल्लेख छ। जसले यस संस्थालाई विभिन्न कार्यक्रम जस्तै काठमाडौं र झापा क्षेत्रका शैक्षिक संस्थामा प्रभावकारी क्यान्सर सचेतना कार्यक्रम सञ्चालन गर्न सशक्त बनाउने जनाइएको छ। यी कार्यक्रमले युवापुस्तालाई क्यान्सरका जटिलताबारे शिक्षा दिन, रोकथामका उपाय, प्रारम्भिक पत्ता लगाउने र रोगवरपरका प्रचलित मिथकलाई हटाउनमा महत्त्वपूर्ण भूमिका खेल्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

यी सचेतना अभियानका साथसाथै, मेटलाइफको सहयोगले क्यान्सरसँग लडिरहेका व्यक्तिलाई डाक्टर र चिकित्सा पेसेवरहरूसँग परामर्शका लागि जोड्ने काम गर्ने जनाइएको छ। त्यस्तै, यस पहलले मानसिक स्वास्थ्य र कल्याणको महत्त्वलाई स्वीकार गर्दै बाँच्नलाई बहुआयामिक प्रकृतिलाई मान्यता दिने उल्लेख छ। उनीहरूको निरन्तर हेरचाहका लागि महत्त्वपूर्ण सकारात्मक मानसिकतालाई बढवा दिन र मानसिक स्वास्थ्य परामर्शको सुविधा दिएर, उनीहरूलाई मनोबल बढाउन आवश्यक भावनात्मक समर्थन र मार्गदर्शन प्राप्त गर्न मद्दत गर्ने कम्पनीले जनाएको छ।

क्यान्सरपीडितले उपचारपछि आफ्नो जीवन पुनर्निर्माण गर्न सामना गर्ने चुनौतीलाई स्वीकार गर्दै, कार्यक्रममा जीविकोपार्जन विकास कार्यक्रममा सहयोग समावेश रहेको जनाइएको छ। यी पहलमा अचार र मिठाई बनाउने, सेलरोटी, अरसा, अनरसा र खाजाजस्ता परम्परागत नेपाली खानाको तयारी सीप, गुणस्तर नियन्त्रण र मार्केटिङमा गहिरो निर्देशन समावेश रहेको उल्लेख छ। यी सीपका साथ सर्भाइभर्सलाई सशक्तीकरण गर्ने उद्देश्य आर्थिक स्वतन्त्रता र आत्मस्थायित्व प्रदान गर्ने, उनीहरूको समग्र पुनः प्राप्तिका लागि महत्त्वपूर्ण कदम रहेको कम्पनीले जनाएको छ।

सिटिजन्स बैंकका ग्राहकले अक्टेभ काठमाडौंमा छुट पाउने

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका ग्राहकले दरबारमार्गमा रहेको अक्टेभ काठमाडौंमा छुट पाउने भएका छन्। बैंकका ग्राहकले छुट पाउने समझदारीमा बैंक र अक्टेभबीच समझदारी भएको हो।

समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहकले अक्टेभ काठमाडौंमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउने जनाइएको छ। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ।

हाल बैंकले देशभरमा एक सय ९० शाखा, एक सय ५१ एटिएम र ९७ वटा शाखारहित बैंकिङ एकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: बालाजु, काठमाण्डौ
फोन नं.: ०१-४९५४९८१

शाखा कार्यालय: सामाखुसी, काठमाण्डौ
फोन नं.: ०१-४९८०५५४

शाखा कार्यालय: भरतपुर, चितवन
फोन नं.: ०५६-५३३२४०

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/२८ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम लिखित सूचना पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: बालाजु, काठमाण्डौ

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइमेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम मितिः २०६२/०४/१८ मा दर्ता नं. ३५५४७/०६२/०६३ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १२, त्रिपुरेश्वर स्थित **गुर्राँस मेठ फर्मा प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कुल बहादुर गुरुङको नाति, पदम बहादुर गुरुङको छोरा, स्याङ्जा जिल्ला, फेदीखोला गा.वि.स./न.पा. वडा नं.९, स्थित स्थायी ठेगाना भएको **ओम प्रकाश गुरुङ (ना.प्र.प.नं. ५७२५, स्याङ्जा)**

२. पदम बहादुर गुरुङको बुहारी, ओम प्रकाश गुरुङको पत्नी, स्याङ्जा जिल्ला, फेदीखोला गा.वि.स./न.पा. वडा नं.९, स्थायी ठेगाना भएको **बुद्धि माया गुरुङ (ना.प्र.प.नं. ६८११२, स्याङ्जा)**

३. कुल बहादुर गुरुङको नाति, पदम बहादुर गुरुङको छोरा, स्याङ्जा जिल्ला, फेदीखोला गा.वि.स./न.पा. वडा नं.९, स्थित स्थायी ठेगाना भएको **गणेश गुरुङ (ना.प्र.प.नं. १३२७, स्याङ्जा)**

धितोमा रहेको सम्पत्तिको विवरण

गुर्राँस मेठ फर्मा प्रा.लि. को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स/न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८क) स्थित कित्ता नं. ५३७, ५३९ र ५८९ को क्रमश : क्षेत्रफल ०-१०-०-०, ०-१७-०-० र ०-२-१४-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. ऋणीको विवरण

राम प्रसाद अधिकारीको बुहारी, अर्जुन प्रसाद अधिकारीको पत्नी, काठमाण्डौं जिल्ला, काश्मेस्थली वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **गायत्री फुयाल (ना.प्र.प.नं. १६१०८, काठमाण्डौं)**

व्यक्तिगत जमानतकर्ताको विवरण

टंकनाथ अधिकारीको नाति, राम प्रसाद अधिकारीको छोरा, काठमाण्डौं जिल्ला, साइला गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **अर्जुन प्रसाद अधिकारी (ना.प्र.प.नं. ५०७०/१४०३, काठमाण्डौं)**

धितोमा रहेको सम्पत्तिको विवरण

गायत्री फुयालको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, मनमैजु गा.वि.स./न.पा. वडा नं. ८ (सिट नं.८/क) स्थित कित्ता नं.१५३३ को क्षेत्रफल ११९.२४ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय : सामाखुसी, काठमाण्डौं

१. ऋणीको विवरण

देव लाल श्रेष्ठको नाति, कृष्ण बहादुर श्रेष्ठको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **बुलेश श्रेष्ठ (ना.प्र.प.नं. ३४०, ललितपुर)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. नन्द लाल श्रेष्ठको नाति, देव लाल श्रेष्ठको छोरा, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **कृष्ण बहादुर श्रेष्ठ (ना.प्र.प.नं. २८-०१-०६२-०१४२३, ललितपुर)**

२. कृष्ण प्रसाद श्रेष्ठको नातिनी, शक्ती प्रसाद श्रेष्ठको छोरी, डोटी जिल्ला, दिपायल सिलगढी गा.वि.स/न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **निति मल्ल (श्रेष्ठ) (ना.प्र.प.नं. ५४३, काठमाण्डौं)**

धितोमा रहेको सम्पत्तिको विवरण

बुलेश श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. ४३४ र ९०४ को क्रमशः क्षेत्रफल ०-७-३-० र ०-६-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०८/२८ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बालाजु, काठमाण्डौ, सामाखुसी, काठमाण्डौं र भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफ्ले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०९/१२ गते बिहिबार कार्यालय समय भित्र शाखा कार्यालय बालाजु, काठमाण्डौको ऋणीको विवरण नं. १ को धितोमा रहेको सम्पत्तिको हकमा यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा तथा अन्य सम्पूर्ण धितोको हकमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०९/१३ गते शुक्रबार दिउँसो १:०० बजे शर्त नं. ५ बमोजिम दर्ता गरिएको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बालाजु, काठमाण्डौ, सामाखुसी, काठमाण्डौं र भरतपुर, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

चिकित्सक सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०८/२८)

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश मातहतका स्वास्थ्य सेवा कार्यालयहरुको लोक सेवा आयोगबाट पदपुर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी स्वास्थ्य सेवाका देहाय बमोजिमका नवौं तहका विभिन्न रिक्त पदहरुमा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयभित्र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

क्र.सं.	विज्ञापन नं.	जिल्ला	पद	समूह/उपसमूह	माग संख्या	कैफियत
१	१/०८०/०८१	मुगु	क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
२	२/०८०/०८१		क.जनरल फजिसियन	मे./जनरल मे.	१	
३	३/०८०/०८१		क.जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
४	४/०८०/०८१	कालीकोट	क. जनरल फजिसियन	मे./जनरल मे.	१	
५	५/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
६	६/०८०/०८१	रुकुम पश्चिम	क. जनरल फजिसियन	मे./जनरल मे.	१	
७	७/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
८	८/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
९	९/०८०/०८१	सल्यान	क.पिडियाट्रिसियन	पेडियाट्रिक्स/पेडियाट्रिक	१	
१०	१०/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
११	११/०८०/०८१	दैलेख	क.पिडियाट्रिसियन	पेडियाट्रिक्स/पेडियाट्रिक	१	
१२	१२/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
१३	१३/०८०/०८१		क.अर्थोपेडिक सर्जन	सर्जरी/अर्थोपेडिक सर्जरी	१	
१४	१४/०८०/०८१		क. एनेस्थेसियोलोजिष्ट	एनेस्थेसियोलोजी	१	
१५	१५/०८०/०८१		क.जनरल फजिसियन	मे./जनरल मे.	१	
१६	१६/०८०/०८१	जाजरकोट	क.जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
१७	१७/०८०/०८१		क.अर्थोपेडिक सर्जन	सर्जरी/अर्थोपेडिक सर्जरी	१	
१८	१८/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
१९	१९/०८०/०८१		क. एनेस्थेसियोलोजिष्ट	एनेस्थेसियोलोजी	१	
२०	२०/०८०/०८१		क.पिडियाट्रिसियन	पेडियाट्रिक्स/पेडियाट्रिक	१	
२१	२१/०८०/०८१		क.जनरल फजिसियन	मे./जनरल मे.	१	
२२	२२/०८०/०८१	डोल्पा	क.जनरल फजिसियन	मे./जनरल मे.	१	
२३	२३/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
२४	२४/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
२५	२५/०८०/०८१	हुम्ला	क.जनरल फजिसियन	मे./जनरल मे.	१	
२६	२६/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
२७	२७/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
जम्मा					२७	

१. उम्मेदवारको योग्यता :

क. नेपाली नागरिक हुनुपर्ने ।

ख. न्यूनतम योग्यता: माथि उल्लिखित पदहरुको उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागि तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ । कम्युनिटि मेडिसिनको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा एम.डि. वा सो सरहको उपाधि प्राप्त हुनुपर्ने छ ।

ग. विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

घ. उमेर हदः अधिकृतस्तरको लागि न्यूनतम २१ वर्ष पुरा भएको हुनुपर्ने ।

ङ. सम्बन्धित स्वास्थ्य सम्बद्ध व्यवसायिक परिषद्मा दर्ता तथा नवीकरण समेत भएको हुनुपर्ने छ ।

च. स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश भएको हुनुपर्ने छ ।

छ. समावेशीता (महिला, आदवासी जनजाती, मधेसी, पिछडिएको क्षेत्र, दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धित विवरण खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ ।

ज. अपाङ्गताको हकमा अनिवार्य रुपममा अपाङ्गता खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ ।

झ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने छ ।

२. **दरखास्त दिने विधि:** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयमा दरखास्त फारम भरेको सक्कलै फाइल पेश गर्नुपर्ने छ । चिकित्सकको हकमा मात्र मन्त्रालयको इमेल ठेगाना vaccancy.mosd@gmail.com मार्फत दरखास्त पेश गर्न सकिनेछ । अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ । दरखास्त फारम यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

३. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** दरखास्त फारम भरी फारममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसी देखि न्यूनतम शैक्षिक योग्यतासम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेश गर्नुपर्नेछ । उम्मेदवारले सबै कागजातमा सक्कल बमोजिम नक्कल ठिक भएको प्रमाणित गरेको हुनुपर्नेछ ।

४. **छनौट प्रक्रिया:** कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६ (संसोधन सहित)" अनुरुप छनौट कार्य हुनेछ ।

५. सेवा सुविधा: छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कर्णाली प्रदेशभरी जुनसुकै अस्पताल, स्वास्थ्य सेवा कार्यालयमा खटाउन सकिनेछ । पारिश्रमिक तथा सेवाका शर्तहरु कर्णाली प्रदेश सरकारको नियम अनुसार हुनेछ ।

६. लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा यसरी करारमा नियुक्ति भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई जुनसुकै बेला हटाउन सकिनेछ ।

७. म्याद नाघी आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन ।

८. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन ।

९. यो सूचना र सूचनासंग सम्बन्धित अन्य जानकारीको जिल्ला स्थित सम्पर्क अधिकारिहरको विवरण यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np र सूचना पाटी मार्फत हेर्न सकिनेछ ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७० बिहीबार २८ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

खेल संक्षेप

न्यु स्टार पोल सेमिफाइनलमा

काठमाडौं/ न्यु स्टार पोल १६औँ फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। मूलपानीमा बुधबार भएको क्वार्टरफाइनलमा न्यु स्टारले एकलव्य शिक्षा सदनलाई टाइब्रेकरमा ४-३ ले पराजित गऱ्यो। निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो। प्रतियोगितामा हाइली क्रिएटिभ र अक्षरिका पनि अन्तिम चारमा पुगेका छन्। हाइलीले ब्रह्मकुञ्ज शिक्षा सदनलाई १-० ले हरायो। रिसुक स्थापितले निर्णायक गोल गरे। अक्षरिकाले प्रीतिमामाथि ५-१ को सहज जित दर्ता गऱ्यो। फाइनल प्रवेशका लागि अक्षरिका र न्यु स्टारबीच प्रतिस्पर्धा हुनेछ भने हाइली क्रिएटिभले गेटवे एकेडेमीको सामना गर्नेछ।

लिभरपुल फुटबल च्याम्पियन

काठमाडौं/ लिभरपुल कलेजले नामी कलेजलाई टाइब्रेकरमा ५-४ ले हराएर पाँचौँ लिटिल एन्जेल्स अन्तरकलेज फुटबल प्रतियोगिताको उपाधि जितेको छ। लिटिल एन्जेल्स कलेजको खेल मैदानमा १९ देखि २६ मंसिरसम्म भएको फाइनल प्रतियोगिताको निर्धारित र अतिरिक्त समयमा गोल हुन सकेन। उपाधि विजेताको छिनोफानो पेनाल्टी सुटआउटमा भएको हो। प्रतियोगितामा लिभरपुलका विपिन कार्की उत्कृष्ट खेलाडी र लिभरपुलकै विश्राम टन्डन उत्कृष्ट प्रशिक्षक घोषित भए। लिभरपुलले च्याम्पियन टिमलाई बुधबार सम्मान गरेको छ।

मोहनदास अन्तिम आठमा

काठमाडौं/ नेपालका मोहनदास वासुकला थाइल्यान्डको बैंककमा जारी १४औँ एसिया प्यासिफिक भेट्रान टेबुलटेनिस प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। भेट्रान ५० वर्षमाथि पुरुष एकलमा इन्डोनेसियाका खेलाडीलाई ३-० को सोझो सेटमा पराजित गर्दै मोहन अन्तिम आठमा पुगेका हुन्। आफ्नो समूहको पहिलो खेलमा मोहन थाइल्यान्डका खेलाडीसँग ३-१ ले चुकेका थिए। मोहनसहित तीन खेलाडी रहेको सो समूहमा इन्डोनेसियाका खेलाडी थाइल्यान्डका खेलाडीसँग पराजित भएपछि मोहन उपविजेताका रूपमा अन्तिम आठमा प्रवेश गरेका हुन्।

स्याङ्जाको दोस्रो जित

कास्की/ स्याङ्जा जिल्लाले गण्डकी प्रदेशस्तरीय पिएम कप महिला टी-२० क्रिकेट छनोट प्रतियोगितामा लगातार दोस्रो जित हात पारेको छ। प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा बुधबार भएको खेलमा स्याङ्जाले नवलपुरलाई ९० रनले पराजित गऱ्यो। टस जितेर ब्याटिङ गरेको स्याङ्जाले २० ओभरमा ६ विकेटको क्षतिमा १३३ रन जोडेको थियो। नवलपुर १४.२ ओभरमा ४३ रनमा अलआउट भयो। अर्को खेलमा कास्कीले पर्वतलाई नौ विकेटले हराएको छ। पहिलो ब्याटिङ गरेको पर्वत १०.५ ओभरमा अलआउट हुँदै २६ रनमा समेटियो। सहज लक्ष्य पछ्याएको कास्कीले २.४ ओभरमा एक विकेट गुमाउँदै २७ रन बनायो। खेलमा कास्कीकी पूर्णिमा गुरुङ प्लेयर अफ दी म्याच भइन्। प्रतियोगितामा पर्वतको यो लगातार दोस्रो हार हो।

■ नेपाल सुपर लिग

विवादास्पद खेलमा वीरगन्जको पहिलो जित

रमेश सुवेदी/नयाँ पत्रिका

विवादास्पद खेलमा स्पोर्टिङ इलाम एफसीलाई २-१ ले हराउँदै नेपाल सुपर लिग (एनएसएल)मा वीरगन्ज युनाइटेड एफसीले पहिलो जित निकालेको छ। दशरथ रंगशालामा वीरगन्जलाई महत्त्वपूर्ण जित दिलाउन घानाका खेलाडी विलियम ओपोकु असिइड र विसोन गुरुङले समान एक गोल गरे। खेलको १५औँ मिनेटमा आशिष चापागाईंले इलामलाई सुरुवाती अग्रता दिलाएका थिए। यद्यपि, खेलको अन्त्य निकै तनावपूर्ण रह्यो। इलामका खेलाडीले हार स्विकार्न नसक्दा माहोल बिग्रिएको हो।

इलामका अधिकांश खेलाडीले रेफ्री कविन व्यञ्जनकारमाथि हातपातको प्रयास गरेका थिए। व्यञ्जनकारले खेल समाप्तिको ह्विसल फुक्दा इलामका मार्की तथा कप्तान विकेश कुथू सुरुमा विवाद निकाल्न अग्रसर भए। मैदानबाट बाहिरिने क्रममा कप्तान कुथूले रेफ्री व्यञ्जनकारलाई अपशब्द प्रयोग गरे। जसकारण उनले पहँलो कार्ड पाए। पहँलो कार्डपछि रेफ्रीलाई धक्का दिँदा उनलाई सीधै रातो कार्ड देखाइयो। त्यसपछि इलामका खेलाडी मैदानको मध्यभागमा प्रतिवादमा उत्रिए। रेफ्री व्यञ्जनकारलाई तत्कालै सुरक्षा प्रदान गरियो। मैदानभित्र सुरक्षाकर्मीको बाक्लो उपस्थिति रहँदा पनि थप पाँच मिनेट तनावग्रस्त नै भएको थियो। सुरक्षाकर्मीको घेराउमा टनेलबाट भित्र प्रवेश गर्ने क्रममा इलामका आक्रोशित समर्थकले प्रहार गरेको बोतल रेफ्री व्यञ्जनकारलाई लागेको थियो भने असिस्टेन रेफ्रीद्वय मधुकर आचार्य र सहदेव श्रेष्ठले छलेका थिए।

दुई हजार समर्थकमाझ रेफ्री व्यञ्जनकारले दुई रातोसहित तीन पहँलो कार्ड देखाएका थिए। रातो कार्ड बेहोर्नेमा इलामका गोलरक्षकसँगै प्रशिक्षकको भूमिकामा रहेका उज्ज्वल मानन्धर पनि रहे। इन्जुरी समयमा इलामका खेलाडीले बक्सभित्र हातले बल छोएपछि रेफ्री व्यञ्जनकारले वीरगन्जलाई पेनाल्टी दिएका थिए। यस निर्णयपछि मैदानभित्रका खेलाडी र मैदानबाहिरका अफिसियल आक्रोशित भए। विलियमले पेनाल्टीमा गोल गर्दै वीरगन्जलाई २-१ को अग्रता दिलाए।

खेलपछि वीरगन्जका खेलाडी र अफिसियल खुसियाली मनाउन व्यस्त रहे।



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

> खेलपछि रेफ्रीलाई अपशब्द प्रयोग गरेपछि इलामका कप्तान विकेश कुथूले रातो कार्ड पाए, निर्णय चित्त नबुझेपछि उनले रेफ्री व्यञ्जनकारलाई धक्का दिए

उनीहरूले टोलीको नाममा हुटिङ गरेका थिए। जितपछि वीरगन्जको प्ले अफ सम्भावना कायम रहेको छ। इलामको सम्भावना समाप्त भयो।

रेफ्रीले खेलाडीलाई अपशब्द प्रयोग गरे

प्ले अफमा स्थान बनाउन असफल भएपछि पोस्ट म्याच कन्फ्रेन्समा फरक रूपमा उपस्थित इलामका प्रशिक्षक मेघराज केसीले रेफ्रीले खेलाडीलाई अपशब्द प्रयोग गरेको दाबी गरेका छन्। उनले जिम्मेवार व्यक्तिले नै अपशब्द प्रयोग गर्दा कारबाही हुनुपर्ने माग राखेका छन्। नेपाली फुटबलको स्तरअनुसार नै रेफ्रीहरू रहेको बताउँदै रेफ्रीलाई मात्रै दोष दिन नहुने बताएका छन्। केसी आफ्ना खेलाडी आक्रोशित हुँदा रेफ्रीलाई बचाउन मैदानमै पुगेका थिए।

'गाडी चढ्दा चालकभैँ खेलको वेला रेफ्रीको निर्णय मान्नैपर्छ। तर, पेनाल्टी किन दिएको थाहा भएन,' इलामका प्रशिक्षक मेघराजले भने, 'रेफ्री र खेलाडी दुवै आफ्नै देशका हुन् त्यसैले रेफ्रीलाई बचाउन पुर्गे। तर, रेफ्रीले अपशब्द बोल्नुहुँदैन थियो।' आफ्ना खेलाडीले गल्ती गरेको र उनीहरूले सजाय पाउने उनले जनाए। तर, मैदानमै अपशब्द प्रयोग गरेका रेफ्रीलाई पनि सम्बन्धित निकायले कारबाही गर्नुपर्ने उनको भनाइ छ।

'रेफ्रीलाई बचाउन पुग्दा खेलाडीले प्रहार गर्न पाएनन्, तर रेफ्रीले अपशब्द बोले। मैले मुख छाड्न हुँदैन भनेँ। प्रतिउत्तरमा 'दाइ हामी कुटाइ खान आएको हो' भनेर प्रश्न तेर्सियो। खेलाडीलाई कारबाही त होला, तर रेफ्रीलाई कसले कारबाही गर्ने ?' केसीले प्रश्न गरे। वीरगन्जका प्रशिक्षक सनोज श्रेष्ठले जित्नैपर्ने दबाबका बीच खेल जितेपछि पेनाल्टीबारे थाहा नपाएको बताए। 'हामीले जित्नैपर्ने खेल थियो। दबाबबीच ३ अंक आयो,' श्रेष्ठले भने, 'पेनाल्टीमा सबै अलमलिएका छौँ, पेनाल्टी दिएका वेला केही देखेनौँ।'

विलियमको पेनाल्टी

खेलको अन्तिम सात मिनेटको इन्जुरी समयमा विलियमले पेनाल्टीमार्फत वीरगन्जलाई जित जित दिलाए। पाँचौँ खेलमा पहिलोपटक प्लेइङ सेटमा स्थान बनाएका आशिषले गोल गरे। सुरज बस्नेतले दायाँ भागबाट निकालेको बललाई नियन्त्रणमा लिँदै आशिषले गोल गरेका हुन्। आशिषले अघिल्ला पाँच खेलमा २८ मिनेट मात्रै खेलेका थिए। उनी वीरगन्जविरुद्ध ८९ मिनेट मैदानमा रहे। ३३औँ मिनेटमा भिसनले वीरगन्जलाई खेलमा फर्काए। सुशील लामाको क्रसमा बक्सभित्रबाट भिसनले गोलरक्षक कुथूलाई बिट गर्दै सहज गोल गरेका हुन्। बराबरतर्फ उन्मुख खेलमा वीरगन्जले पेनाल्टी पायो। पहिलो जितपछि पाँच खेलबाट ५ अंक जोडेको वीरगन्ज तालिकाको आठौँ स्थानमा उक्लिएको छ। ६ खेलबाट ४ अंक जोडेको इलाम तालिकाको पुछारमा झऱ्यो।

राम्रो खेल्दा पनि प्ले अफ पुग्न सकेनौँ

● **मेघराज केसी**, प्रशिक्षक, स्पोर्टिङ इलाम



प्ले अफमा पुग्ने सम्भावना समाप्त भएको छ। प्रतियोगितामा राम्रो प्रदर्शन गरेका छौँ। गत संस्करणमा पनि इलामले राम्रो खेलेको थियो। फुटबलमा प्रदर्शनले मात्रै पनि हुँदैन। नतिजा निकाल्न स्कोर हुनुपर्छ। हामीले प्रहार गरेको बल १० प्रतिशत मात्रै सदुपयोग हुन्थ्यो भने धेरै राम्रो हुने थियो। सधैँ राम्रो खेलेर मात्रै हुँदैन। वीरगन्जविरुद्ध पनि राम्रो खेलका हौँ, अवसर पनि बनायौँ। पहिलो हाफजस्तो दोस्रो हाफ हुन सकेन। खेल सकिएपछिको स्थिति राम्रो थिएन। ह्यान्डपछि पेनाल्टी दिएको भनिन्छ, तर त्यस्तो देखिँदैन।

एकजुट भएर खेल्दा नतिजा आयो

● **सनोज श्रेष्ठ**, प्रशिक्षक, वीरगन्ज युनाइटेड



इलामविरुद्धको खेल महत्त्वपूर्ण थियो। जित्नैपर्ने दबाब पनि थियो। एकजुट भएर खेल्दा तालमेल मिल्यो। खेलाडीले जित निकालेका छन्। अन्तिम समयमा विवाद भयो। पेनाल्टी दिएकोमा सबै कन्फ्युज छौँ। हामी बसेको स्थानबाट डिबक्सभित्र के भएको थाहा नै हुँदैन। रेफ्रीले खेल ब्यालेन्समै राखेका थिए। तर, पेनाल्टी नै विवादास्पद भयो। यो जितले प्ले अफ सम्भावना बढाएको छ। अरू टिमको अंक बढी छ। मुख्य खेलाडी घाइते हुँदा समस्या भयो।

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
ललितपुर	५	२	३	०	९
धनगढी	४	२	२	०	८
पोखरा	५	२	२	१	८
काठमाडौं	५	२	२	१	८
बुटवल	६	२	१	३	७
झापा	५	१	३	१	६
चितवन	५	१	१	२	५
वीरगन्ज	५	१	२	२	५
इलाम	६	१	१	४	४

बक्सिङमा चार खेलाडीको कांस्य पक्का



काठमाडौं/ मलेसियाको पेनाङमा चलिरहेको ३४औँ अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगितामा नेपालका चार खेलाडीले कांस्य पदक जितेका छन्। प्रतियोगिताको ५१ किलो तौल समूहमा नेपालका प्रबल उप्रेतीले सिंगापुरका डेनी चाओ इजेइजीलाई ५-० को युनानिमस डिसिजनका आधारमा पराजित गर्दै कांस्य हासिल गरेका छन्। ५४ किलो तौल समूहमा नेपालका सिंहवीर लिम्बूले इन्डोनेसियाका मोहम्मद देनिस विन अब्दुल अजिजलाई आरएससीका आधारमा निराश पार्दै कांस्य जिते।

पुरुष ५७ किलो तौल समूहमा नेपालका छिरिङ वाङ्दी शेर्पाले पनि इन्डोनेसियाका प्रतिद्वन्द्वी फकिह आन्दरा नासुसोनलाई ५-० को युनानिमस डिसिजनका आधारमा पराजित गर्दै उनले कम्तीमा कांस्य पदक पक्का गरे। वाङ्दीले केही समयअघि दुबईमा सम्पन्न एएसबिसी जुनियर बक्सिङ प्रतियोगितामा पनि कांस्य पदक हात पारेका थिए। प्रतियोगिताअन्तर्गत ६० किलो तौल समूहमा नेपालका सुलभ मालीले बाई पाएर कांस्य पदक पक्का गरिसकेका छन्।

त्यसैगरी ६३.५ किलो तौल समूहमा नेपालका रिजत गुरुङ इन्डोनेसियाका मुक्केबाज मोहम्मद फरिजादसँग ४-१ को स्प्लिट डिसिजनमा पराजित भए। प्रतियोगितामा १० राष्ट्रका २० वर्ष उमेरमुनिका सय पुरुष मुक्केबाजले भाग लिइरहेका छन्। अहिलेसम्म १३ वटा तौल समूहको खेल भइसकेको छ, जसमा नेपालले चार कांस्य पक्का गरेको हो।

कैलालीले शारदालाई २ रनले हरायो

कैलाली बहुमुखी क्याम्पसको जितमा अभिषेक कुँवरले सर्वाधिक ५१ रन बनाउन ३९ बलमा पाँच चौका र एक छक्का प्रहार गरे

धनगढी/ लिटल फ्लावर प्रिमियर लिग (एलपिएल)अन्तर्गत बुधबारको खेलमा काठमाडौंको क्रिकेट एक्सिलेन्स सेन्टर र कैलाली बहुमुखी क्याम्पस विजयी भएका छन्। कैलालीले कैलालीको शारदा माविलाई २ रनको झिनो अन्तरले हरायो। कैलालीले १५० रनको लक्ष्य दिएको थियो।

शारदाले २० ओभरमा १४७ रन बनायो। शारदाका लागि शंकर बोहरा र सुशान्त कार्कीले अर्धशतक बनाए पनि जितका लागि पर्याप्त भएन। शंकरले ४३ बलमा ६ चौका मद्दतमा ५० रन बनाए। सुशान्तले २८ बलमा ५ चौका र २ छक्काको मद्दतले अविजित ५१ रन जोडे।



■ तीन टोली सेमिफाइनलमा

प्रतियोगिताको सेमिफाइनल पुग्ने तीनवटा टिमको टुंगो लागिसकेको छ। समूह 'बी'बाट युथ अफ टीकापुर, समूह 'सी'बाट घोडाघोडी क्रिकेट एकेडेमी र समूह 'डी'बाट सत्यवती एकेडेमीले सेमिफाइनलमा स्थान बनाएका छन्। बिहीबार धनगढी स्पोर्टस् क्लब र खप्तड इन्डोर स्पोर्टस् ट्रेनिङ सेन्टरबीचको खेलपछि अन्तिम चारमा पुग्ने टोलीको छिनोफानो हुनेछ। धनगढी स्पोर्टस् क्लब विजयी भए सेमिफाइनलमा प्रवेश गर्नेछ। धनगढी पराजित भए धनगढी र शुक्लाफाँटा ब्ल्याक बक्सबीच नेट रनरेटमा टोलीको निर्णय हुनेछ।

कैलालीको बलिङमा दीपक कँडेल, लोकेन्द्र खनाल र पारस रोकायाले समान एक विकेट लिए। टस जितेर ब्याटिङ गरेको कैलाली क्याम्पसले २० ओभरमा ८ विकेट गुमाएर १४९ रन बनायो। कैलालीका लागि अभिषेक कुँवरले सर्वाधिक ५१ रन बनाए। खेलमा प्लेयर अफ द म्याच घोषित उनले ३९ बलमा ५ चौका र १ छक्का प्रहार गरे। त्यस्तै, रोशन रावलले २९, लोकेन्द्र खनालले २१ र प्रवीणसिंह ठकुरीले १५ रन बनाए। शारदाका सुनीलबहादुर सिंहले सर्वाधिक तीन विकेट लिए। अभिषेक मल्लले दुई विकेट हात पारे। सुनील सिंह, विश्वास पन्त र सलिन बोहराले समान एक विकेट लिए।

एक्सिलेन्स तीन विकेटले विजयी

पहिलो खेलमा एक्सिलेन्सले कञ्चनपुरको जेएस स्पोर्टस्-११ सुपर स्टार्सलाई तीन विकेटले पराजित गऱ्यो। जेएस स्पोर्टस्-११ ले दिएको १३२ रनको लक्ष्य एक्सिलेन्सले ७ विकेट गुमाएर १८.५ ओभरमा पूरा गऱ्यो। एक्सिलेन्सका लागि योगेश भाटले सर्वाधिक ३० रन बनाए। त्यस्तै अर्जुन घर्तीले २२, राजकुमार शाहले २० र सचिन लेखकले १९ रन बनाए। जेएस स्पोर्टस्-११ का बलर साजन बिटालुले तीन विकेट लिए। विकास सुनारले दुई विकेट हात पारे।

त्यसअघि टस जितेर ब्याटिङ गरेको जेएस स्पोर्टस्-११ सुपर स्टार्सले २० ओभर खेल्दै ९ विकेटको क्षतिमा १३१ रन बनाएको थियो। जेएस स्पोर्टस्का राज बमले अर्धशतकीय रूपमा ६१ रन बनाए। उनले ४९ बलमा समान चार चौका र छक्का प्रहार गरे। विकास सुनारले २२, सुनील चन्दले १६ र साजन बिटालुले १४ रन बनाए। म्यान अफ दी म्याच एक्सिलेन्स सेन्टरका बलर अभिनाश बस्यालले चार विकेट लिए। उनले चार ओभरमा एक मेडन राख्दै ११ रन खर्चिए। मनोज यादवले दुई विकेट हात पारे। तीन खेलमध्ये दुईमा जित र एकमा हार व्यहोरेको एक्सिलेन्स दोस्रो चरण प्रवेश गर्न सकेन।

नेत्रहीन महिला क्रिकेटमा नेपालले भारतलाई हरायो

नयाँ पत्रिका

भारतको मुम्बईमा भइरहेको महिला नेत्रहीन टी-२० क्रिकेट सिरिजअन्तर्गत बुधबार भएको तेस्रो खेलमा नेपालले भारतमाथि १० विकेटको सानदार जित निकालेको छ। भारतले पहिलो ब्याटिङ गरी २० ओभरमा चार विकेट गुमाएर १७१ रन बनायो। १९.१ ओभरमा विनाक्षति १७४ रन बनाउँदै नेपाल सानदार जित निकाल्न सफल भयो। भारतमाथि जित हात पार्दा ओपनरद्वय विनिता पुन र मनकेशी चौधरीले अर्धशतकीय इनिङ्स खेले।

कप्तान पुनले ६० बलमा सात चौकाको सहयोगमा ७८ रन बनाइन्। चौधरीले ५७ बल सामना गरी पाँच चौका मद्दतमा ७५ रन जोडिन्। भारतले नेपाललाई २१ अतिरिक्त रन दिएको थियो। यसअघि ब्याटिङ गरेको भारतका लागि ओपनर सिमु दासले सर्वाधिक ८१ रनको नटआउट योगदन दिइन्। उनले ६१ बल सामना गरेकी थिइन्। यसैगरी सुनिता सेठले २७ बलमा ३१ रन बनाइन्। मध्यक्रममा भारतको फितलो प्रदर्शन भयो। नेपाली बलरले २० अतिरिक्त रन दिएका थिए।

भारतका आउट भएका सबै महिला ब्याट्समान रनआउट भएका थिए। सरिता घिमिरेले ओपनर सुष्मा पटेललाई १४ रनमा रनआउट गरिन्। विनिता पुनले दुई खेलाडीलाई रनआउट गरिन्। नेपालको बलिङमा सरिता घिमिरेले चार ओभरमा २२ रन खर्चिइन्। विनिताले चार ओभरमा ३५ रन दिइन्। मुना आर्यालले चारै ओभर बलिङ गरी ३५ रन खर्चिइन्।



भारतका बलरले कुनै पनि विकेट लिन सकेनन्। यसअघि भएको पहिलो र दोस्रो खेलमा नेपाल पराजित भएको थियो। जितसँगै सिरिज जित्ने सम्भावना कायमै राखेको छ। भारतको पहिलो हारपछि पाँच खेलको सिरिजमा भारत २-१ ले अघि छ। अब नेपाल र भारतबीच सिरिजको चौथो खेल बिहीबार हुनेछ। पाँच खेलको सिरिज खेल्न नेपाली टोली मुम्बई गएको हो।

समूह चरणमा म्याड्रिडको शतप्रतिशत जित

एजेन्सी

युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगितामा रियल म्याड्रिडले समूह चरणमा शतप्रतिशत जित निकालेको छ। समूह 'सी'मा म्याड्रिडले ६ खेलबाट सर्वाधिक १८ अंक बटुल्दै प्रिक्वार्टरफाइनल स्थान पक्का गरेको हो। प्रतियोगिताको मंगलबार राति भएको खेलमा जर्मनी क्लब युनियन बर्लिनले अग्रता लिएको थियो। तर, सर्वाधिक १४ पटकको च्याम्पियन्स लिग विजेता म्याड्रिडले खेलमा उत्कृष्ट कमब्याक गरेको थियो। खेलमा म्याड्रिडले ३-२ को रोमाञ्चक जित निकाल्यो। म्याड्रिडले ६ खेलमै उत्कृष्ट फिनिसिङ नमुना प्रस्तुत गरेको थियो।

यस समूहमा इटालियन क्लब नेपोली १० अंकका साथ दोस्रो स्थानमा छ। स्पोर्टिङ ब्रागा ४ र युनियन बर्लिन २ अंकका साथ चौथो स्थानमा छ। खेलको पहिलो हाफको इन्जुरी समयमा युनिय बर्लिनले १-० को अग्रता लिएको थियो। भालान्डले डिबक्सनजिकबाट बर्लिनलाई अग्रता दिलाएका थिए। खेलको ६१औँ मिनेटमा म्याड्रिडले १-१ को बराबरी गोल फर्कायो। म्याड्रिडका जोसेलुले बराबरी गोल गरेका हुन्। खेलको ७२औँ मिनेटमा जोसेलुले पहिलोपटक म्याड्रिडलाई अग्रता दिलाए।

खेलको ८५औँ मिनेटमा करालले बर्लिनलाई २-२ को स्थितिमा राखे। खेल सकिन एक मिनेटअघि सेवालासले म्याड्रिडलाई ३-२ को रोमाञ्चक जित दिलाए। यसैगरी समूह 'ए'मा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड बार्यन म्युनिखसँग १-० ले पराजित भएको छ। बार्यनको जितमा एक मात्र गोल कोमानले खेलको ७१औँ मिनेटमा गरेका थिए। समूह 'ए'मा युनाइटेड ४ अंकका साथ पुछारमा छ। बायर्नले ६ खेलमा १६ अंक बटुलेको छ। बायर्नले शीर्ष स्थानमा रहँदै प्रिक्वार्टरफाइनल स्थान पक्का गरेको छ। कोपेनहेगन ८ अंकका साथ दोस्रो स्थानमा छ।

■ युनाइटेडको खराब प्रदर्शन

गत साता मात्र युनाइटेड घरेलु मैदानमा बर्नमाउथसँग ३-० ले पराजित भएको थियो। प्रशिक्षक एरिक टेन हागको प्रशिक्षणमा रहेको युनाइटेडले च्याम्पियन्स लिगमा गतिलो प्रदर्शन गर्ने अपेक्षा थियो। पूर्वविजेता बायर्नसँग युनाइटेडको केही सीप लागेन। युनाइटेडले आफ्नो समूहमा एक जित मात्र निकालेको छ। यस नतिजासँगै युनाइटेडको च्याम्पियन्स लिगको नकआउट र युरोपा लिगमा स्थान बनाउने सम्भावना समाप्त भएको छ।

च्याम्पियन्स लिगअन्तर्गत मंगलबार राति भएको आर्सनल र पिएसभी १-१ को खेल बराबरीमा रोकिएको छ। नेपोलीले स्पोर्टिङलाई २-० ले हरायो। बेनिफिकाले साल्जबर्गमाथि ३-१ को जित निकाल्यो। इन्टरमिलान र रियल सोसिडाडबीच गोलरहित बराबरी भयो।



> युरोपियन च्याम्पियन्स लिगको समूह 'सी'मा १४ पटकको विजेता रियल म्याड्रिडले ६ खेलबाट सर्वाधिक १८ अंक बटुल्दै प्रिक्वार्टरफाइनल स्थान पक्का गरेको छ

शिघ्र बिक्रीमा

म अन्य सार्वजनिक विकासको कार्यमा लाग्ने हुँदा होटेल व्यवस्थापन गर्न नभ्याएकोले एकल व्यवस्थापन भएको सर्व सम्पन्न प्रतिष्ठित बिराटनगर स्थित चारतारे होटेल बिक्रिमा वा ४५ करोड निक्षेपको साझेदारी गर्न र अन्य सम्झौदारीमा कोही व्यवसाय गर्न इच्छुक भएमा निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।

रेवत बा. थापा
प्रबन्ध निर्देशक, विराटनगर
e-mail : ratnahotalbiratnagar@gmail.com
९८४१-४६२६०३

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com